# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## उर्लाबारी नगरपालिका
## मोरङ

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

उर्लाबारी नगरपालिका

मोरङ

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

उर्लाबारी नगरपालिका

मोरङ

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

निष्ठा *(Integrity)*


स्वतन्त्रता *(Independence)*

व्यावसायिकता *(Professionalism)*

पारदर्शिता *(Transparency)*

जवाफदेहिता *(Accountability)*

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ।यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**तोयम राया**

२०८१।०२।१३ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**
कोशी प्रदेश

मितिः२०८१।०२।१३

प.सं. २०८०।८१
च.नं. ९८

महालेखा परीक्षकको कार्यालय नेपाल २०१६

विषयः **लेखापरीक्षण प्रतिवेदन।**

श्री नगर प्रमुख ज्यू ,
उर्लाबारी नगरपालिका, नगरकार्यपालिका‌को कार्यालय,
मोरङ।

१. **कैफियत सहितको राय—** हामीले नगरपालिकाको आर्थिक वर्ष २०७९/८० को वित्तीय प्रतिवेदन, संलग्न अनुसूची, एकीकृत आय व्यय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को वित्तीय प्रतिवेदन, संलग्न अनुसूचीहरू, एकीकृत आय-व्यय विवरण र त्यससँग सम्बन्धित अन्य नगरपालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. नगरपालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय प्रतिवेदन महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय प्रतिवेदन तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.**७** करोड **३५** लाख **७५** हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु.**५९** लाख ९ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू. १ करोड ९७ लाख ४२ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड ४४ लाख ४१ हजार, नियमित गर्नुपर्ने रु.३ करोड ३५ लाख १२ हजार रहेको छ ।यस पालिकाको गतवर्ष सम्म रु. २६ करोड २१ लाख १५ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.३२ करोड ९१ लाख ३१ हजार रहेको छ । यस नगरपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. **अन्य व्यहोरा-** यो पालिकासँग सम्बन्धित अन्य व्यहोरा निम्नानुसार छन ।

**३.१** यो पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

**३.२** आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले नगरपालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्दा गल्ती कमजोरी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी नगरपालिकाको व्यवस्थापनमा रहेको छ।यस नगरपालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती कमजोरी वा त्रुटी समेतका कारण सारभूत रुपमा गलत आँकडारहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले उच्चस्तरको आश्वस्तता प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका गल्ती कमजोरी वा त्रुटी पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन। वित्तीय प्रतिवेदनका उपयोगकर्ताले गर्ने आर्थिक निर्णयमा नै फरक पार्नसक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने गल्ती कमजोरी वा त्रुटीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(श्रीकुमार राई)
नायब महालेखापरीक्षक

उर्लाबारी नगरपालिका,
मोरङ जिल्ला,

## १. चालु वर्षको बेरुजु २०७९।८०

### बेरुजु वर्गिकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

<table>
<tr><th colspan="3" rowspan="2">प्रारम्भिक बेरुजु</th><th colspan="3" rowspan="2">प्रतिक्रियाबाट फछ्र्यौट</th><th rowspan="4">प्रतिक्रियाबाट थप बेरुजु</th><th colspan="3" rowspan="2">बाँकी बेरुजु</th><th colspan="7">बेरुजु</th></tr>
<tr><th>असुल गर्नु पर्ने</th><th colspan="5">नियमित गर्नुपर्ने</th><th>पेस्की</th></tr>
<tr><th colspan="2">दफा संख्या</th><th rowspan="2">रकम</th><th colspan="2">दफा संख्या</th><th rowspan="2">रकम</th><th colspan="2">दफा संख्या</th><th rowspan="2">रकम</th><th rowspan="2">असुल गर्नु पर्ने</th><th rowspan="2">अनियमित भएको</th><th rowspan="2">प्रमाण कागजात पेश नभएको</th><th rowspan="2">जिम्मेवारी नसारेको</th><th rowspan="2">सोधभर्ना नलिएको</th><th rowspan="2">जम्मा</th><th rowspan="2">पेस्की</th></tr>
<tr><th>सैद्धान्तिक</th><th>लगती</th><th>सैद्धान्तिक</th><th>लगती</th><th>सैद्धान्तिक</th><th>लगती</th></tr>
<tr><td>९४</td><td>१३०</td><td>७३५७५</td><td>०</td><td>३७</td><td>५९०९</td><td>२९</td><td>९४</td><td>९३</td><td>६७६९५</td><td>१९७४२</td><td>३३५१२</td><td>१४४४१</td><td>०</td><td>०</td><td>४७९५३</td><td>०</td></tr>
</table>

## २. अद्यावधिक बेरुजू स्थिति २०७९।८०

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| मोरङ | २६२११५ | - | ६७९ | २६१४३६ | ० | ६७६९५ | ३२९१३१ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

(रु. हजारमा)

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | २०७९।८० | | | |
| १ | | २५ | समयमा पेश्की फस्यौंट नभएको | ४५०००० |
| २ | | ५५ | कबोल ठेक्का रकम राजस्व दाखिला नभएको | १७०२६५.४८ |

| | | | | |
|---|---|---|---|---|
| ३ | | ७५ | समयमा काम सम्पन्न नगरेकोमा क्षतिपूर्ति असुल नभएको | ८२०३२३ |
| ४ | | ८३ | ह्युमपाइप जडान भएको प्राविधिक प्रतिवेदन नभएको | २४८७३३३ |
| ५ | | ८५ | औषधि वितरण भएको प्रमाण पेश नभएको | ३२०००० |
| ६ | | ८९ | अग्रिम कर असुल नभएको | १३२६५ |
| ७ | | ९२ | उद्यमीहरुलाई प्रविधि हस्तान्तरण भएको प्रमाण पेश नभएको | ३४२३२१ |
| ८ | | ९३ | वितरण भर्पाइ पेश नभएको | १०८९२० |
| ९ | | ९८ | खर्चको प्रमाण पेश नभएको | २००००० |
| १० | | १०० | इन्टरनेट जडानको विल भर्पाइ पेश नभएको | २६४००० |
| ११ | | १०२ | छात्रवृति वितरणको भर्पाइ पेश नभएको | १६०००० |
| १२ | | ११० | बढी निकासा भएको | ९१६९९ |
| १३ | | ११३.१ | बढी निकासा भएको | २६९००५ |
| १४ | | ११३.२ | वितरण भर्पाइ पेश नभएको | ५८५९ |
| १५ | | १२४ | विल पेश नभएको | १८२००० |
| १६ | | १३५ | बढी दरमा भुक्तानी | ६५८७ |
| १७ | | १३६.३ | खर्च भन्दा वढी भुक्तानी | १७५२ |
| १८ | | १३९ | बढी दरमा वैठक भत्ता भुक्तानी | ९७७५ |
| १९ | | १४० | वितररण भर्पाइ पेश नभएको | ६१५० |
| | **चालु वर्षको जम्मा** | | | ५९०९२५४.४८ |
| | **गत विगत वर्षतर्फको** | | | |
| | २०७७।७८ | **नाम्स अनुसार** | **विभिन्न** | ६७९६६० |

| | | | | |
|---|---|---|---|---|
| | गत विगतको जम्मा | | | ६७९६६० |
| | कुल जम्मा | | | ६५८८९१४.४८ |

**परिचय**

१ **(क) उर्लाबारी नगरपालिकाको परिचय :-** स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। यस पालिकामा ९ वडा, ५० सभा सदस्य, ७४.६२ वर्ग किलोमिटर क्षेत्रफल तथा ७०९०८ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।०८।५ देखि २०८०।०८।१४ सम्म रहेको छ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** पालिकाको आय — व्ययतर्फ रु.४२,७४,११,४९८।१५ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची -२ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.१३,३८,८७१ असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| क्र.सं. | विवरण | रकम |
|---|---|---|
| १ | सिद्धदेवी निर्माण सेवालाई वढि भुक्तानी भएको रकम मिति २०८०।८।११ मा आन्तरीक वेरुजु खातामा दाखिला भएको | १५०००० |
| २ | स्याम्भु निर्माण सेवाको कार्यसम्पन्न पश्चात पेश्की बाँकी रहेको रकम मिति २०८०।८।११ मा आन्तरीक वेरुजुक खातामा दाखिला भएको | १६७१८८ |
| ३ | बाल ज्योती आधारभुत विद्यालयलाई प्राविधिक मुल्याङ्कन भन्दा वढि भुक्तानी गरेको रकम मिति २०८०।८।११ मा आन्तरीक वेरुजुक खातामा दाखिला भएको | २५२५ |
| ४ | अएहर्ष इन्जिनियरिङ्ग एण्ड कन्सट्रक्सनलाई वढि भुक्तानी दिएको रकम असुली भै संघिय संचितकोष दाखिला भएको | ३३९६५ |
| ५ | सिद्धदेवी निर्माण तथा सप्लायर्सलाई उर्लावारी वहुमुखी क्याम्पसको छत ढलानमा वढि भुक्तानी दिएको रकम असुली भै संघिय संचितकोष दाखिला भएको | ८२२०८ |
| ६ | पारिश्रमिक कर | १३५० |
| ७ | सामाजिक सुरक्षा बैंकबाट फिर्ता दाखिला | ९०१६३५ |
| **जम्मा** | | **१३३८८७१** |

महालेखापरीक्षकको बार्षिक लेखापरीक्षण योजना २०८० अनुसार स्वीकृत भएको इकाइगत लेखापरीक्षण योजना बमोजिम कार्यालयले पेश गरेको आर्थिक बिवरण, प्रगति प्रतिवेदन, लिखित प्रतिनिधित्व पत्र र अन्य बिवरण तथा लेखापरीक्षणका मानदण्ड तथा मार्गदर्शन समेतलाई आधार मानी पालिकाको आर्थिक बर्ष २०७९।८० को लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। स्रेस्तको सम्पूर्ण जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ। स्रेस्ताको जोडजम्मा तर्फ कार्यालयले गरेको जोडजम्मालाई आधार लिइएको छ। सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन। लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोराहरू निम्नानुसार छनः

**लेखापरीक्षणबाट देखिएका व्यहोराहरु**

२ **वित्तीय प्रतिवेदन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६ (२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा

निम्नअनुसार देखिएको छ । यस सँग सम्बन्धित प्रमाणित प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन तथा एकीकृत आय व्यय विवरण अनुसूची ३ मा संलग्न छः

सैद्धान्तिक बेरुजु

**(विस्तृत विवरण बेरूजु दफा २ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.२६,५०,८९,४५०।०० सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणस पूर्ण नहुँदा पालिकाले तयार गरेको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदनले (म.ले.प.फा.नं २७२) आर्थिक अवस्थाको यथार्थ चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४ **फरक हिसाब** - यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.१,००,००,०००, यस वर्षको प्राप्ति रु४४,३३,१०,८२८।९९ यस वर्षको भुक्तानी रु४३,२७,३९,७९४।८५र बैङ्क मौज्दात रु.५,७१,०३४।१४ फरक परेको छ। सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | अन्तिम मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) अनुसार | २५९७१७७७१।५८ | ७३४३८२७९७।५३ | ७९३७७२२०१।६५ | २००३२८३६७।४६ |
| एकीकृत आर्थिक विवरण अनुसार(संचितकोष तथा अन्य कोष समेत) | २४९७१७७७१।५८ | ११७७६९३६२६।५२ | १२२६५११९९६।५ | २००८९९४०१।६० |
| फरक रकम | १००००००००।०० | -४४३३१०८२८।९९ | -४३२७३९७९४।८५ | -५७१०३४।१४ |

सैद्धान्तिक बेरुजु

५ **फरक जिम्मेवारी** - पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनमा समावेश आय व्यय विवरण अनुसार रु.२४,९७,१७,७७१।५८ मौज्दात रहेकोमा यो वर्ष रु. २५,९७,१७,७७१।५८ जिम्मेवारी सारेको छ। जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.१,००,००,०००।०० वढि जिम्मेवारी सारेको सम्बन्धमा पालिकाले यकिन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६ **बैङ्क हिसाब विवरण** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात रु.१६,९५,६९,०६२.६८ फरक देखिएको छ। उल्लेखित रकम प्रदेश तथा संघिय अनुदान फिर्ता गर्न वाँकी रु१६९०३७०६८।५४ आर्थिक बर्ष पश्चात मात्र सम्वन्धित संचितकोषमा दाखिला गरेको छ भने सो रकम घटाउदा समेत वैङ्कमा रु.५,३१,९९४।१४ वढि मौज्दात रहेको देखिएको छ ।पालिकाले प्रत्येक महिना म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

| सिन | खाताको प्रकार | श्रेस्ता अनुसार बाकी रु | बैंक अनुसार बाकी रु | फरक रकम |
|---|---|---|---|---|
| १ | ग १.१, आन्तरिक राजस्व खाता | ०. | १५५५८१४.३४ | १५५५८१४.३४ |
| २ | ग १.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता | ०. | ०. | ०. |
| ३ | ग १.३, आन्तरिक अनुदान खाता | ०. | ०. | ०. |
| ४ | ग २.२, चालू खर्च खाता- जोर वर्ष | ०. | -२९६००. | -२९६००. |
| ५ | ग २.४, पुँजीगत खर्च खाता- जोर वर्ष | ०. | ०. | ०. |
| ६ | ग ३.१, स्थानीय तह धरौटी खाता | २३१४५१७४.६५ | २३१४५१७४.६५ | ०. |

| | | | | |
|---|---|---|---|---|
| ७ | ग ४.१, स्थानीय तह सञ्चित कोष खाता | १६४५६८०५९.३८ | ३३२६४३८०१.७२ | १६८०७५७४२.३४ |
| ८ | ग ५.१, स्थानीय तह विविध कोष खाता | ७१७८९०२.८ | ७१४६००८.८ | -३२८९४. |
| ९ | ग ६.१, स्थानीय तह विभाज्य कोष खाता | ०. | ०. | ०. |
| १० | ग ७.२, स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | ५४३६२३०.६३ | ५४३६२३०.६३ | ०. |
| **जम्मा** | | **२००३२८३६७.४६** | **३६९८९७४३०.१४** | **१६९५६९०६२.६८** |

सैद्धान्तिक बेरुजु

७ **सञ्चित कोषमा जम्मा (ट्रान्सफर)** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको आन्तरिक राजश्व खातामा रु.१५,५५,८१४.३४ रहेको पाइयो ।उक्त रकम आर्थिक वर्षको अन्त्यपछि २०८० श्रावणमा मात्र संचितकोष दाखिला गरेको देखिन्छ। तोकिएको समयमा सो रकम सञ्चित कोषमा जम्मा (ट्रान्सफर) गरी हिसाब मिलान गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८ **अनुदान फिर्ता** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ अनुसार सञ्चित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकममध्ये सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभई बाँकी रहेको शसर्त, विशेष र समपूरक अनुदान स्थानीय तहले सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाले संघ तर्फ निकासा लिएको मध्ये रु १६७०२३१४७।३५ तथा प्रदेश तर्फ रु१९७४७८१।१९ समेत गरी रु १६८९९७९२८।५४ मिति २०८०।३।३१ मानै सम्वन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्तागरी निकासा घटाएको देखिन्छ ।

सैद्धान्तिक बेरुजु

९ **बजेट सीमा निर्धारण समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । नगरपालिकाले उक्त व्यवस्था अनुसार समिति गठन गरेको भएतापनी समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको

क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने लगायतका कानुनी व्यवस्था अनुरुपका सम्पुर्ण प्रकृयाहरु पुरा गरेको देखिएन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ।

सैद्धान्तिक बेरुजु

१० **बजेट तथा कार्यक्रम तर्जुमा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

११ **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको उपप्रमुख श्री मिना कुमारी खतिवडाले मिति २०७९।३।०८ मा रु.९९ करोड ५२ लाख ५४ हजार ९८० को बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।३।१२ मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।०४।०३ मा प्रमुख प्रशासकीय अधिकृतलाई रु.१,००,५२,५४,९८० को बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।कानुनमा भएको व्यवस्था वमोजिम तोकिएको समयमानै अख्तियारी प्रदान गर्ने व्यवस्था गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१२ **आवधिक योजना** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नुपर्ने व्यवस्था छ। पालिकाले आर्थकि वर्ष २०७९/८० देखी २०८३/८४ सम्मको लागि आवधिक विकास योजना तयार गरेको देखिन्छ। जुन योजनाले योजना खाकाभित्र रहि ववार्षिक बजेट तथा कार्यक्रम तयार गरी कार्यान्वयन गरिने उल्लेख छ। तथापी आवधिक योजनामा र पालिकाले बार्षिक वजेटमा समावेश गरेका योजनाहरु विच तादम्यता भएको देखिएन । तथापी पालिकाले वार्षिक कार्यक्रम छनौट गर्दा आवधिक योजनाका दीर्घकालीन

विषयलाई भन्दा सालवसाली विषय र कार्यक्रमहरुलाई समावेश गरेको देखिन्छ भने योजनाको आवधिक समिक्षा समेत गरेको देखिदैन । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी सोही अनुरुप बार्षिक बजेट तथा कार्यक्रम तय गरी सोको कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१३ **आन्तरिक नियन्त्रण प्रणाली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको भएतापनी संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय बाट तोकेको ढाँचा अनुरुप नियन्त्रण प्रणाली तयार भएको छैन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था रहेको छैन । यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छनः

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन तथा अधावधिक गर्नुपर्ने सो गरेको पाईएन ।

• यो बर्ष पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तथा मध्यकालीन खर्च संरचना तयार गरेको पाईएन ।

• पालिकाले २०७८।७९ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाइएन ।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाइएन । साथै, पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाइएन ।

• राजस्व संकलन सम्बन्धमा सूचना प्रविधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन।

• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको आयोजना बैंक खडा गरेको गर्नुपर्नेमा माग भै आएका सम्पुर्ण योजनाहरु सुचिकरण गरेको छ ।तथापी योजनाहरुको प्राथमिमिकरण , मुल्याङ्कन गरी कार्यान्वयनमा जाने योजनाहरु एकिन गरेको देखिएन ।

• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकी मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।

• पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन।

• पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाइएन ।

• पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गर्न गठन गरेका उपभोक्ता समितिको दर्ता गरेको पाइएन ।

• लिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन ।

• सञ्चालित योजनाको फरफारख गर्दा सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ।

• निजामती सेवा ऐन २०४९ बमोजिम यस पालिकाकामा कार्यरत कर्मचारीको कार्य विवरण वनाई सोको आधारमा कार्यसम्पादन मुल्याङ्कन गर्नुपर्नेमा शाखागत जिम्मेवारी मात्र दिइएको छ ।

• ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु, लागत, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन।

• पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको पाइएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा सो गरेको पाईएन ।

• भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्नेमा अनुगमन प्रतिवेदन पेश गरेको छैन भने भ्रमण उपलव्धिको मूल्याङ्कन गरेको छैन ।

• पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो।

• पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।

• पालिकाले शिक्षातर्फको कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भए वमोजिम संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन ।

• म.ले.प.फारम ८०१ बेरुजु लगत तथा ८०२ अनुसार बेरुजुको प्रतिवेदन तयार गरेको पाईएन

• वडा कार्यालयहरुको जिन्सी सामाग्री एकीकृत गरी पालिकाको जिन्सी PAMS मा आम्दानी नबाँधेको,

• कार्यक्रम संचालन गर्दा अधिकांश कार्यक्रम संचालन गर्दा लागत अनुमान सहितको प्रस्ताव स्वीकृत गर्ने नगरेको,

• वडाहरु र नगरका एकै प्रकृतिका योजना तथा कार्यक्रमहरु विभिन्न अनुगमनकारी निकायका निर्देशन परिपत्र र प्रतिवेदन अनुसार एकीकृत प्याकेज बनाई मितव्ययी, प्रतिस्पर्धी र दक्षतापूर्ण ढङ्गबाट कार्यान्वयन गर्नुपर्नेमा सो वमोजिम गरेको देखिएन ।

• सार्वजनिक खरद नियमावली,२०६४ को नियम १९ मा सार्वजनिक निकायले उपभोक्ता सिमिति वा लाभाही समुदायलाई सहभागी गराई निर्माण कार्य गराउनुपर्दा उपभोक्ता सिमित वा लाभाग्राहि समुदायले आन्तरिक राजश्व कार्यालयबाट स्थायी लेखा नम्बर लिएको हनुपर्ने उल्लेख छ । कार्यालयले विभिन्न उपभोक्ता सिमित मार्फत निर्माण कार्य गराई भुक्तानी खर्च लेखलेकोमा कुनैपनि उपभोक्ता समितिले स्थायी लेखा नम्बर लिएको देखिएन ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउनुपर्ने व्यहोरा गत विगत वर्षमा समेत औँल्याइएकोमा उल्लेखित विषयमा सुधार गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

१४ **सामुदायिक वनको आय**- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६२ (ख) १ अनुसार सामुदायिक वन उपभोक्ता समितिले वन पैदावर विक्री तथा उपयोग सम्बन्धि आफ्नो वार्षिक कार्य योजना बनाई सम्बन्धित स्थानीय तहबाट स्वीकृति गराउनुपर्ने र उक्त कार्य योजना अनुसार वन पैदावरको विक्री वापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । यस पालिकामा रहेको अभिलेख अनुसार ९ वटा सामुदायिक वन रहेकोमा ८ वटा सामुदायिक वनले यो वर्ष २२७९४५० दाखिला गरेको देखियो भने १ वटा सामुदायिक वनले रकम दाखिला गरेको देखिएन । पालिकाले आफ्नो कार्यक्षेत्र भित्रमा सामुदायिक वनको वार्षिक कार्य योजनाको अभिलेख र सोको कार्यान्यिवन अवस्था सम्बन्धमा अनुगमन मूल्याङ्कन नगरेको, प्राप्त हुनुपर्ने राजश्व यकिन नगरेको र यसको लागि नीतिगत व्यवस्था तथा कार्ययोजना तयार गरी कार्यान्वयन गरेको देखिएन । कानुन वमोजिम आन्तरिक आयको अभिवृद्धि गर्न पालिकाको ध्यान जानुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

१५ **गत वर्षको भुक्तानी**- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९.२ (घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको विवरण कार्यपालिका वैठकवाट अनुमोदन गरी तथा कच्चावारी (म.ले.प.फा.नं.२२१) पालिका अध्यक्षबाट प्रमाणित गरी चालुतर्फ विभिन्न १० योजना तथा कार्यक्रममा रु. १५,०८,२५४ तथा पुँजिगत तर्फ ३० योजनामा रु.२,५७,२४,३७५ गरी रु.२,७२,३२,६२९।०० भुक्तानी गरेको देखिन्छ ।पालिकाले यस वर्ष विशेष गाँउसभावाट गत वर्षको भुक्तानी दिन बाँकी योजना थप गरी भुक्तानी दिएको भएतापनी चालु तथा सालवसाली प्रकृतिका खर्चहरु सोही बर्ष भुक्तानी नगरी दायित्व सृजना गरेको मनासिव देखिँदैन। तल उल्लेखित योजनाहरु वाहेक कार्यपालिकाले पटक पटकको निर्णयवाट विगत वर्षको दायित्व यो बर्ष भुक्तानी गर्ने निर्णय गरी भुक्तानी गरेको देखिन्छ । चालु तथा सालवसाली प्रकृतिका खर्चहरु सम्वन्धित वर्षमानै भुक्तानी गर्ने गराउने तर्फ ध्यान जानु पर्दछ ।

सैद्धान्तिक बेरुजु

**(विस्तृत विवरण बेरूजु दफा १५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

१६ **योजनाको प्राथमिकीकरण**- स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ। स्थानीय तहको बजेट तर्जुमा दिग्दर्शन, २०७८ को दफा

३.५.५ को अनुसुची ११ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नअनुसार योजनामा वजेट विनियोजन गरेको छ।

| रु. १ लाख सम्म | | रु. १ लाख देखि २ लाख सम्म | | रु. २ लाख देखि ५ लाख सम्म | | रु. ५ लाख देखि १० लाख सम्मका | | रु. १० लाख भन्दा बढीको | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | |
| १३८ | ६६८१९०० | १०५ | १८६४२८०० | २०५ | ६८१२३५०० | ५८ | ५११३२४०० | २७ | ६९४९८६०० | २१४०७९२०० |

उपर्युक्त विवरणअनुसार पालिकाले कुल ५३३ योजनामध्ये ४४८ योजनाहरु ५ लाख भन्दा साना र योजनाहरु सञ्चालन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ। तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१७ **आन्तरिक लेखापरीक्षण** - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। यस पालिकाले २०७९।८० आर्थिक अन्तरसरकारी अख्तियारी तर्फको आन्तरीक लेखापरीक्षण कोष तथा लेखा नियन्त्रक कार्यालयवाट तथा पालिका तर्फको आन्तरीक लेखापरीक्षण बार्षिक रुपमा गरेको देखिन्छ। पालिकामा आन्तरिक लेखापरीक्षकका लागि आन्तरीक लेखापरीक्षण अभिकृत १ र सहायक पाँचौ स्तरको १ दरवन्दी रहेतापनी आन्तरीक लेखापरीक्षण अधिकृत १ को मात्र पदपुर्ती भै सहायक कर्मचारीको हालसम्म पदपुर्ती समेत भएको छैन। पालिकाले आन्तरीक लेखापरिक्षकको पदपुर्ती गराई कानुनमा भएको व्यवस्था वमोजिम चौमासिक रुपमा आन्तरिक लेखापरिक्षण गर्ने र सो प्रतिवेदनको कार्यान्वयन समयमै गराउने तर्फ ध्यानजानु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१८ **खरिद अभिलेख** - सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १४९ (१) मा सार्वजिनक निकायले हरेक खरिद कारबाहीको निम्ति छुट्टै फाईल खडा गरी उपनियम २ ले तोके बमोजिमका कागजातहरु सहित अद्यावधिक अभिलेख राख्नु पर्ने र उपनियम ३ मा यस्तो अभिलेख खरिद कारबाही टुङ्गो लागेको सात वर्ष सुरक्षित राख्नु पर्ने व्यवस्था छ । कार्यालयले बोलपत्र र सिलबन्दी दरभाउपत्रबाट भएका खरिद कारवाहीका लागी फाईल खडा गरेको भएता पनि खरिद नियमावलीले तोके बमोजिमका सबै कागजातहरु सिलसिलेबार मिलाएर उक्त फाईलमा राखेको देखिएन। पालिकाले ठेक्का अभिलेख खाता(म.ले.प.फा.नं.५०६), ठेक्का सम्बन्धी गोश्वरा लगत (म.ले.प.फा.नं.५०७), भेरिएसन अभिलेख खाता (म.ले.प.फा.नं.५०९) तथा नापी किताव नियन्त्रण खाता (म.ले.प.फा.नं.५१२) लगायतका खरिद अभिलेख खाताहरु तयार गरी राखेको पाइएन। जसले गर्दा खरिद कारबाही, ठेक्का व्यवस्थापन र सम्झौता कार्यान्वयन सम्बन्धी कारोबारको पारदर्शिता र प्रभावकारीताको खरिद कारवाहीको अद्यावधिक अभिलेख राखी खरिद कारवाहीलाई प्रभावकारी बनाउने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१९ **वार्षिक खरिद योजना/गुरुयोजना** - सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ।यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.३२,७३,७२,२७८।५३ पूँजीगत प्रकृतिको खरिद तथा निर्माण कार्य गरेको छ। तर पालिकाले उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो। अतः पालिकाले नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

२० **सहकारी नियमन** - सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ६०वटा सहकारी संस्था रहेकाकोमा स्थानिय तहको कार्यक्षेत्रभित्र १९ वटा सहकारी रहेको देखिन्छ । पालिका भित्रका सहकारी ५ संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन। जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे

अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२१ **कन्टिजेन्सी खर्च** - पालिकाले कन्टीजेन्सी रकम खर्च गर्दा कार्यविधि तयार गरेर मात्र खर्च गर्नु पर्दछ । यो वर्ष कुल रु.१२,४१,८७१।०० कन्टिजेन्सी खर्च गरेकोमा रु.१,७२,१६६ खर्च गरी मेशिनरी औजार खरिद गरेको र बाँकी रु.१०,६९,७०५ कार्यालय सामान, छपाई कार्य र सुचना प्रकाशन लगायतमा खरिद लगायतका चालु कार्यक्रममा मात्र खर्च गरेको देखियो। उक्त खर्चगर्दा कन्टीजेन्सी खर्च सम्वन्धि कार्यविधि तयार गरेको देखिएन । कार्यविधि तयार गरी कार्यविधि बमोजिम कन्टीजेन्सी खर्च गर्नेतर्फ पालिकको ध्यान जानु पर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

२२ **त्रैमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम कार्य सम्पादन सम्पन्न गरी कार्यक्रमका र्यान्वयन गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ।पालिकाले यो बर्ष विभिन्न ८ स्रोतवाट रु३१ करोड ७१ लाख ३८ हजार पुँजिगत खर्च गरेकोमा चौथो त्रैमासिकमा मा मात्र रु २० करोड ३ लाख ६० हजार अर्थात कुल खर्चको ६३।१८ प्रतिशत तथा आषाढ महिनामा मात्र ३७।२८ प्रतिशत खर्च भएको देखिन्छ ।वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

| क्रस | बजेट शिर्षक उपशिर्षक | कुल खर्च | त्रैमासिकखर्च (रु हजारमा) | | | | आषाढ महिना |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम त्रैमासिक | दोश्रोत्रैमासिक | तेश्रोत्रैमासिक | चौथोत्रैमासिक | |
| १ | समानीकरणअनुदान | १२८३३४ | २१७३ | १२०१३ | २६४७० | ८७६७८ | ४६७६२ |
| २ | आन्तरिकश्रोत | ७५४५४ | ६०३२ | ४४४६ | २३१०८ | ४१८६८ | २२१२६ |
| ३ | राजश्वबाँडफाँड | ३०७३९ | ३९०४ | ४२३८ | ३४२३ | १९१७४ | १४५८९ |
| ४ | संघीयशसर्त अनुदान | ५४५०५ | ० | ६५१ | २६३४७ | २७५०७ | १९७४७ |
| ५ | संघीयसमपुरक अनुदान | १७९६४ | ० | ० | ३१४६ | १४८१८ | ६९०२ |
| ६ | संघीयविशेष अनुदान | ३९६८ | ० | २०५ | ६२० | ३१४३ | १९१८ |
| ७ | प्रदेशशसर्त अनुदान | ० | ० | ० | ० | ० | ० |
| ८ | प्रदेशसमपुरक | ६१७२ | ० | ० | ० | ६१७२ | ६१७२ |
| | **जम्मा** | **३१७१३८** | **१२१०९** | **२१५५३** | **८३११४** | **२००३६०** | **११८२१६** |

| | खर्चप्रतिशत | १००।०० | ३।८२ | ६।८० | २६।२१ | ६३।१८ | ३७।२८ |
|---|---|---|---|---|---|---|---|

सैद्धान्तिक बेरुजु

२३ **क्षेत्रगत बजेट र खर्च** - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति अनुसार संस्थागत विकास र सेवा प्रवाहको क्षेत्रमा सवैभन्दा कम १.९७ प्रतिशत र सामाजिक विकास तर्फ सवैभन्दा वढी ३८.९२ प्रतिशत खर्च भएको देखिन्छ । क्षेत्रगत सन्तुलन कायम गरी बजेट व्यवस्थापन र खर्च गर्नुपर्दछ ।

| **मुख्यक्षेत्र** | **वार्षिकवजेट** | **खर्चरकम** | **खर्च प्रतिशत** | **कुल खर्चमध्ये प्रतिशत** |
|---|---|---|---|---|
| आर्थिक विकास | ९५६४२६८९ | ६००६०१५३ | ६३ | ७।८१ |
| सामाजिक क्षेत्र | ३५६४५२६०८ | २९९४३२१२८ | ८४ | ३८।९२ |
| पूर्वाधार विकास क्षेत्र | ५०१६९०७८७ | २६०३१४४८६ | ५१।८९ | ३३।८४ |
| वातावरण तथा विपद् व्यवस्थापन | २१८१५३७७ | १७३२९२९८ | ७९।४४ | २।२५ |
| संस्थागत विकास र सेवाप्रवाह | २६०३२२२२ | १५११७७९७।८ | ५८।०७ | १।९७ |
| वित्तीय व्यवस्थापन र सुशासन कार्यसञ्चालन तथा प्रशासनिक खर्च | १६०७१२११६ | ११७०९१३८३ | ७२।८६ | १५।२२ |
| **जम्मा** | **११६२३४५७९९** | **७६९३४५२४५।७** | | **१००** |

सैद्धान्तिक बेरुजु

२४ **बजेट अवण्डा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय—व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष स्पष्ट कार्यक्रम नखुलाई देहाय वमोजिमका १६ शिर्षकमा रु.४८७४९००० अबण्डा बजेट व्यवस्थागरी विभिन्न योजनामा खर्च गरेको देखिन्छ । बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउन बजेट अवण्डामा राख्ने परिपाटिको अन्त्यगर्ने तर्फ पालिकाको ध्यान जानुपर्दछ । अवण्डा बजेटबाट पालिकाले समय समयमा छुट्टै निर्णय गरी कार्यान्वयन गरेका केही योजनाका उदाहारण देहाय अनुसार छन् :

| सि नं | शिर्षक | बजेट रकम |
|---|---|---|
| १ | कला संस्कृति साहित्य प्रबर्द्धन कार्यक्रम | ५००००० |
| २ | युवा तथा खेलकुद विकास | २९९९००० |
| ३ | धर्म संस्कृति प्रवर्द्धन कार्यक्रम | ५००००० |
| ४ | अन्य संस्था सहायता | ३००००० |
| ५ | विपन्न आर्थिक सहायता | ५००००० |
| ६ | अन्य सामाजिक सहायता | १०००००० |
| ७ | उपचार यातायात खर्च सहयोग | ५००००० |
| ८ | उपचार आर्थिक सहायता | १०००००० |
| ९ | नदि नियन्त्रण तथा रोकथाम | ४८५०००० |
| १० | उज्यालो उर्लाबारी | ७५००००० |
| ११ | विद्युत विस्तार तथा पोल खरिद | १०००००० |
| १२ | विभिन्न धार्मिक संघ संस्था हरुको पुर्वाधार निर्माण | २२००००० |
| १३ | सेवा तथा परामर्श खर्च | १६००००० |
| १४ | शान्ति सुरक्षा व्यवस्थापन | १०००००० |
| १५ | भवन निर्माण | २००००००० |
| १६ | अन्य परामर्श सेवा खरिद | ३३००००० |
| | **जम्मा** | **४८७४९०००** |

सैद्धान्तिक बेरुजु

२५ **पेश्की बाँकी** -

✍ **...........प्रारम्भिक प्रतिवेदन उपर पेश्की फस्यौंट भई पेश भएको आधारमा मिति २०८०।१२।०८ को निर्णयबाट रु.४५०००० ।-सम्परीक्षण गरिएको ।**

२६ **सुरक्षित नागरिक आवास कार्यक्रम -** सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि, २०७५ को दफा १४ले केन्द्रीय सुरक्षित नागरिक आवास समन्वय समितिले कार्यक्रम कार्यान्वयन गर्न जिल्लाको स्थानीय तह र संख्या निर्धारण गर्ने उल्लेख छ। त्यसैगरी सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि, २०७५

को दफा ११(२) को व्यवस्था अनुसार निवेदन संकलनको सूचना, घरधुरी सर्वेक्षण, लाभग्राही छनोट, सम्झौता र कार्यप्रगतिको आधारमा भुक्तानी गर्ने जिम्मेवारी स्थानीय तहको रहेको छ । पालिकाले यस वर्ष सुरक्षित नागरिक आवास कार्यक्रम सञ्चालनका लागि रु.५७ लाख बजेट प्राप्त भएकोमा ५ लाभग्राहीलाई दोस्रो किस्ताको रु.१,००,००० मात्र खर्च भएको देखिन्छ। पालिकामा भएका कुल २२० लाभग्राही मध्ये ११८ लाभग्राहीले सम्झौता गरी प्रथम किस्ता सम्म लिएको देखिदैन भने प्रथम किस्ता लगि दोस्रो किस्ता नलिनेको संख्या १६ रहेको देखिन्छ। पालिकामा हस्तानतरण भै आएको कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्नेतर्फ ध्यान जानुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

२७ **डीपीआर खर्च** - बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्शदाता बाट गराई प्रतिवेदन प्राप्त गरको विवरण पेश गरेको छ।

(रु.हजारमा)

| क सं | नाम कार्यक्रमको नाम | परामर्शदाता | स्वीकृत बजेट | खर्च रकम | अध्ययनवाट निर्धारण भएका आयोजनाको लागत | कार्यान्वयन भए / नभएको |
|---|---|---|---|---|---|---|
| | गत वर्षको | | | | | |
| १ | उर्लाबारी बहुमुखी क्याम्पस लाइब्रेरी हल निर्माण | Quest Engineering Pvt. Ltd., Balkhu, Kathmandu | ११२१ | ९९२.५ | १८०६० .८५ | भएको |
| २ | उर्लाबारी नगर कार्यपालिकाको कार्यालयको कर्मचारी आवास भवन निर्माण | | | | १०,०२९ .२६ | नभएको |
| ३ | एकिकृत भू-उपयोग योजना (Land Use Plan)निर्माण | Picaso Consultant Nepal Pvt. Ltd | १९९१ | १९६२ .८१ | - | नखुलेको |
| ४ | आवधिक योजना निर्माण | Geo-Tech & Structure Lab Pvt. Ltd., Lalitpur | २००० | १९९०.२१ | - | नखुलेको |
| ५ | चिल्ड्रेन पार्क निर्माण,उर्लाबारी-१ कान्छी चौक | Keynot Consult & Builders | ४९८ | ४९०.४२ | ६९,०६९ .५६ | नभएको |
| ६ | विकासे पैनी र धरधरे नियन्त्रण,उर्लाबारी-१ | Icon Engineering Consultancy, Itahari, Sunsari | ८०५ | ६९ .६९ | ५३,३६९ .२९ | नभएको |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७ | बाहुनी खोलामा पुल निर्माण | Evenarch Engineering Pvt. Ltd., | ९३५ | | ६१,७२०.२१ | नभएको |
| ८ | उर्लाबारी बहुमुखी क्याम्पसको गुरु योजना निर्माण | Kamal International Media Pvt. Ltd. | ६०० | ९३३.३८ | | नखुलेको |
| ९ | बक्राहाघाट डिपीआर | Nepal Architects Consultancy, Lalitpur | १४६१ | ५९९. | ४६६,१२३.४६ | भएको |
| १० | सञ्चार क्लब भवन निर्माण | Reliance Engineering Consultancy Pvt Ltd | ५०० | १४५३.७४ | ४५,४४९.४० | भएको |
| | यो बर्षको | | | | | |
| १ | तेली खोला पुल निर्माण | BMS Nepal Pvt Ltd, Koteshwor, Kathmandu | १०२२.५५ | ६९९.९२ | २६५३४.५१ | नभएको |
| २ | Preparation of conservation and Development plan with DPR of Beteni, Basachauri and Lampata simsar sites based on Tourism Prospactive | Smart Engineering and Design Solution Pvt Ltd | १९५०.९४ | | | नखुलेको |
| ३ | खानेपानी मार्ग सडक कालोपत्रे,उर्लाबारी-६ | Sarthak Engineering Consultancy Pvt Ltd | ६०० | | १७५७२८.६ | नभएको |
| ४ | DPR Disable Building | Swornim Engineering Consultancy | ६० | ६० | | भएको |
| ५ | O&M अध्यावधिक | अनुसया परामर्श तथा अनुसन्धान सेवा | | ३७५ | | |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन। पालिकाले गत विगत वर्षमा तयार गरेका डिपिआरको समेत कार्यान्वयन नगरी डिपिआर थप गरेको मनासिव देखिएन। डी.पी.आर.तयार गर्दा पालिकाको आफ्नो प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनुपर्दछ। साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनका लागि बजेट व्यवस्थापन गरी कार्यान्वयन गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

२८ **कर्मचारी दरबन्दी तथा पदपूर्ति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम तथा कर्मचारीको दरबन्दी प्रस्ताव गर्दा सेवा सुविधाको लागि लाग्ने खर्चको श्रोत समेत विश्लेषण गरी त्यस्तो खर्च सुनिश्चित हुने गरी मात्र दरबन्दी प्रस्ताव गर्नुपर्ने व्यवस्था छ । पालिकाले संगठन तथा व्यवस्थापन सर्भेक्षण गरी नगरसभावाट मिति २०७६।१०।०६ मा स्विकृत भएको दरवन्दी अनुसार कार्यालय तर्फ ७२, वडा कार्यालय तर्फ ३६, र अन्य शाखा तर्फ ३७ जना गरी कुल १४५ जनाको दरबन्दी स्वीकृत गरेकोमा पुन यो बर्ष संगठन तथा व्यवस्थापन सर्भेक्षण गरी नगरसभावाट मिति २०७९।१०।१८ मा दरवन्दी संख्या वृद्धि गरी १८३ जना कायम गरेको छ । हाल कायम रहेको दरवन्दी अनुसार शिक्षा अधिकृत ९/१० तर्फ १, इन्जिनियर/वातावरण ६/७ तर्फ १ कानून अधिकृत १, प्रशासन सहायक पाचौं ६, लेखा सहायक पाचौं १,लेखापरीक्षण सहायक पाँचौ १, सव इन्जिनियर पाँचौ २, प्रशासन सहायक चौथो ४ लगायत विभिन्न ५१ पद रिक्त रहेको पाइयो। पदपुर्ती भएका कुल १३२ कर्मचारी मध्ये स्थायी पदपुर्ती ६८ मात्र रेहको र पालिकामा विभिन्न ६४ जना कर्मचारी करार सेवा मार्फत पदपूर्ती भई कार्यरत रहेको पाइयो। तसर्थ पालिकाले स्थानिय सेवा सञ्चालन सम्बन्धी ऐन पारित गरी, ऐनमा तोकिए अनुसार खर्च व्यहोर्ने श्रोतको सुनिश्चितता गरेरमात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा कर्मचारी दरबन्दी स्वीकृत गराउनुपर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२९ **कर्मचारी करार** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था रहेको छ । तर पालिकाले विभिन्न पदमा ६४ जना कर्मचारी करारमा राखी निजहरुको तलब भत्ता बापत यस वर्ष रु.२,२१,७६,३५९.६० खर्च लेखेको छ । त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐनको दफा ८३ (८) वमोजिम पालिकाले सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रीसियन,चौकिदार, मालि, बगैंचे लगायतका पदमामात्र करार वाट सेवा लिन सकिने व्यवस्था गरेको छ। पालिकाले माथि उल्लेखित पद वाहेक २ इन्जिनियर, सहायक पाँचौ १३ गरी जम्मा १५ जना कर्मचारी करारमा नियुक्ति गरी बर्ष भरीमा निजहरुको तलब भत्ता बापत रु.९५२८५७२/- भुक्तानी गरेको छ । यसरी करारमा भर्ना गर्न नमिल्ने पदमा कर्मचारी भर्ना गरी निजहरुको तलब भत्तामा गरेको उक्त खर्च नियमसम्मत नदेखिएको रु.९५,२८,५७२

| | |
|---|---|
| अनियमित भएको | ९५,२८,५७२ |

३० **आर्थिक सहायता** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था छैन। पालिकाले मापदण्ड र कार्यविधि

तयार नगरी विभिन्न ३८ संघसंस्था र व्यक्तिहरुलाई संस्था सहायता, उपचार तथा यातायात खर्च सहयोग तथा अन्य सामाजिक सहायता शिर्षकवाट रु.१९,४१,११०।०० आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु.६६,१६८,५४६.८५ को २.९३ प्रतिशत हुन आउँछ। पालिकाले उपचार सहायता वितरणको कार्यविधि तयार गरेको भएतापनी कार्यविधिको परिच्छेद ३ दफा ५ मा व्यवस्था भए बमोजिम आर्थिक सहायताको अभिलेख राखे र त्रैमासिक रुपमा प्रतिवेदन पेश गरेको पाइएन। पालिकाको आन्तरिक आय न्युन रहेको अवस्थामा आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण गरी पालिकाले स्पष्ट मापदण्ड तय गरी आफ्नो राजश्व संङ्कलनको अवस्थालाई मुल्याङ्कन गरी बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

३१ **महंगि भत्ता** - सामान्य प्रशासन मन्त्रालयको चलानी नं २१७ मिति २०७४/०१/२५ मा जारी गरेको परिपत्रमा नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७४/०१/२१ को निर्णयानुसार सबै निकायहरुमा एकरुपता कायम हुने गरी स्वीकृत दरबन्दी भित्र करारमा रहेका व्यक्तिहरुलाई मात्र आर्थिक वर्ष २०७४/०७५ बाट लागु हुने गरी कम्तिमा ६ महिना करार सेवा गरेमा सालबसाली रुपमा एक महिनाको आधारभुत पारिश्रमिक बराबरको चाडपर्व खर्च र सालबसाली रुपमा एक पटक चैत्र महिनामा पोशाक भत्ता मात्र पाउने व्यवस्था गरी करार सम्झौता गर्न हुन निर्देशन गरेको साथै अर्थ मन्त्रालयको मिति २०७९।१।२१ को पत्र वमोजिम करार कर्मचारीलाई महंगि भत्ता प्रदान गर्ने कानुनी व्यवस्था नभएकाले भत्ता उपलब्ध नगराउने भनि निर्णय गरेको देखिन्छ। तर पालिकाले दरबन्दी भित्र रहेका करार तर्फका ६३ जना कर्मचारी सँग करार सम्झौतामा उल्लेख गरी महंगी भत्ता वापत यस वर्ष रु.१४,७०,००० खर्च भुक्तानी गरेको छ। यसरी परिपत्र विपरित करार सम्झौतामा समावेश गरी महंगी भत्ता भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु.१४,७०,०००

| अनियमित भएको | १४,७०,००० |
|---|---|

३२ **खाजा भत्ता** -स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । नगर कार्यपालिकाले स्वीकृत संगठन संरचना भित्रका सम्पूर्ण कर्मचारीहरुलाई खाजा भत्ता बापत मासिक रु.४,०००/- का दरले उपलब्ध गराउने निर्णयको आधारमा यो वर्ष पालिकाले ५८ स्थायी कर्मचारीलाई रु.२६,९६,००० तथा ६३ जना करारका कर्मचारीलाई रु.२९,४०,००० समेत १२१ जना कर्मचारीहरुलाई खाजा भत्ता बापत रु.५६,३६,०००/- खर्च गरेको छ । पालिकाले अतिरिक्त समयमा गरेको कार्यहरुको कार्यविवरण तथा अतिरिक्त समय कार्य गरेको प्रमाणित हाजीर समेत पेश नगरी संगठन

भित्रका सबै कर्मचारीलाई भत्ता वितरण गरेको पाइयो । कर्मचारी सेवा सर्त सम्बन्धी कानूनमा उल्लेख नभएको खाजा भत्ता बापत खर्च गरेको रकम पालिकालाई थप व्ययभार पर्न गएको रु.५६,३६,०००

| | |
|---|---|
| अनियमित भएको | ५६,३६,००० |

३३ **करार कर्मचारी सञ्चयकोष** - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) मा स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम सघिय कानुनको अधिनमा रहि स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधासम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ। नेपाल सरकार, मन्त्री परिषद्को २०७४।१।२१ को निर्णयानुसार कार्यालयको स्वीकृत दरबन्दी भित्र करारमा रहेका कर्मचारीहरुलाई प्रदान गर्ने सुविधा सम्बन्धी व्यवस्थामा करारमा कार्यरत कर्मचारीहरुलाई सञ्चयकोष कट्टी गरी थप गर्ने व्यवस्था रहेको देखिँदैन । यस पालिकाले कार्यपालिका बैठकको निर्णयको आधारमा अस्थाई तथा करार कर्मचारीको मासिक तलवबाट आधारभुत तलवमानको १० प्रतिशत वरावरको रकम मासिक कट्टी गरी सोहि वरावरको रकम कार्यालयको तर्फ बाट थप गरी सञ्चयकोषमा जम्मा गरिने निर्णय विगत वर्षमा गरेकोमा सोको निरन्तरताका आधारमा यो वर्ष पालिकाले अस्थायी र करार तर्फ का ३५ जना कर्मचारीको लागि सेवा अवधि ३ वर्ष पुगे पश्चात सञ्चयकोष बापत १० प्रतिशत बापत रु.११,६४,९८७।६० थप खर्च गरेको छ । यसरी ऐन कानूनमा व्यवस्था नभएको सेवा सुविधा प्रदान गरी खर्च गरेको थप १०% रकम असुल गरि सञ्चितकोषमा दाखिला गर्नुपर्ने रु.११,६४,९८७।६०

| सि.नं. | कर्मचारिको नामथर | प्रतिमहिना संचयकोष कट्टि | महिनासंख्या | जम्मासंचयकोष रकम |
|---|---|---|---|---|
| १ | रोशन उदाश | ४३६८।९० | १२ | ५२४२६।८० |
| २ | अमन चौधरी | ३४७३।०० | १२ | ४१६७६।०० |
| ३ | गरिमामोक्तान | ३४७३।०० | १२ | ४१६७६।०० |
| ४ | सुमित खवास | ३४७३।०० | १२ | ४१६७६।०० |
| ५ | सविनाधिमाल | ३४७३।०० | १२ | ४१६७६।०० |
| ६ | हुकुमचन्द्र आचार्य | ३२९०।२० | १२ | ३९४८२।४० |
| ७ | याम बहादुरकार्की | ३२८५।६० | १२ | ३९४२७।२० |
| ८ | सुनिताखतिवडा | ३२९०।२० | १२ | ३९४८२।४० |
| ९ | सविनाधिमाल | ३२९०।२० | १२ | ३९४८२।४० |
| १० | इन्द्रप्रसाद आपागाई | २७६१।२० | १२ | ३३१३४।४० |

| | | | | |
|---|---|---|---|---|
| ११ | बसन्तपौडेल | २७६१।२० | १२ | ३३१३४।४० |
| १२ | डकिन्द्रबहादुर कटुवाल | २७६१।२० | १२ | ३३१३४।४० |
| १३ | लक्ष्मीप्रसाद न्यौपाने | २७६१।२० | १२ | ३३१३४।४० |
| १४ | चित्राभट्टराई | २६०८।२० | १२ | ३१२९८।४० |
| १५ | गंगा दर्जी | २४७०।२० | १२ | २९६४२।४० |
| १६ | तेज कुमारीगुरागाई | २४७०।२० | १२ | २९६४२।४० |
| १७ | तारानाथदाहाल | २४७०।२० | १२ | २९६४२।४० |
| १८ | दिपेशनेपाल | २४७०।२० | १२ | २९६४२।४० |
| १९ | नर मायाखड्का कार्की | २४७०।२० | १२ | २९६४२।४० |
| २० | निर्मलापौडेल | २४७०।२० | १२ | २९६४२।४० |
| २१ | प्रकृतिन्यौपाने | २४७०।२० | १२ | २९६४२।४० |
| २२ | प्रतिमाभुजेल | २४७०।२० | १२ | २९६४२।४० |
| २३ | प्रमिलाघिमिरे | २४७०।२० | १२ | २९६४२।४० |
| २४ | मनितादाहाल | २४७०।२० | १२ | २९६४२।४० |
| २५ | मिरा रिजाल | २४७०।२० | १२ | २९६४२।४० |
| २६ | लाल बहादुरतामाङ | २४७०।२० | १२ | २९६४२।४० |
| २७ | शोभालामिछाने आचार्य | २४७०।२० | १२ | २९६४२।४० |
| २८ | सन्तोषश्रेष्ठ | २४७०।२० | १२ | २९६४२।४० |
| २९ | सपना मगर | २४७०।२० | १२ | २९६४२।४० |
| ३० | सरिताधिमाल | २४७०।२० | १२ | २९६४२।४० |
| ३१ | सविताधिमाल | २४७०।२० | १२ | २९६४२।४० |
| ३२ | हर्क बहादुर माझी | २४७०।२० | १२ | २९६४२।४० |
| ३३ | होमनाथश्रेष्ठ | २४७०।२० | १२ | २९६४२।४० |
| ३४ | इन्द्रबहादुर श्रेष्ठ | २४७०।२० | १२ | २९६४२।४० |

| | | | | |
|---|---|---|---|---|
| ३५ | दिलमायामगर | २६०८।२० | १२ | ३१२९८।४० |
| **जम्मा रकम** | | | | **११,६४,९८७।६०** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ११,६४,९८७.६ |

३४ **सवारी साधन खरिद** - अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले ६ थान दुई पाङ्ग्रे खरिदमा रु.१६१५४०० खर्च गरेको देखिन्छ। निर्देशनको पालना गर्नेतर्फ पालिकाको ध्यान जानुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३५ **कर्मचारी कल्याण कोष** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी उक्त कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष राजस्व बाडफाडबाट कर्मचारी कल्याण कोषमा रु.२००००००। ट्रान्सफर गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम मासिक रुपमा तलबबाट १०% कट्टा नगरी कार्यलयले मात्र विनियोजन गरी उक्त कोषमा रकम राखेको देखियो। यसरी कानुनमा भएको व्यवस्थालाइ पुर्ण रुपमा पालना नगरी पालिका अनुदानबाट सोझै कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गरेको नियम सम्मत नदेखिएको रु.२०,००,०००

| | |
|---|---|
| अनियमित भएको | २०,००,००० |

३६ **सार्वजनिक जग्गा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा पलिकाले आफ्नो क्षेत्रभित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्ति, अन्य सार्वजनिक सम्पत्ति, सार्वजनिक प्रयोग स्थल, जग्गा वा अन्य संरचनाको अद्यावधिक अभिलेख राखि त्यस्ता सम्पत्तिको रेखदेख, मर्मत सम्भार तथा अन्य प्रबन्ध गर्नुपर्ने व्यवस्था छ। पालिकाले मालपोत कार्यालयबाट सरकारी तथा सार्वजनिक जग्गाको अभिलेख लिई सार्वजनिक संरचनाको समेतको त्यस्ता सम्पत्तिको अद्यावधिक अभिलेख राखी तथा अनुगमन गरेको देखिएन। सार्वजनिक जग्गाको अद्यावधिक अभिलेख प्राप्त गरी अनुगमन नभएको कारण समेतबाट सार्वजनिक, पर्ति जग्गाले ओगटेको क्षेत्रफल रहे, नरहेको र त्यस्ता सार्वजनिक तथा सामुदायिक सम्पत्ति बेचबिखन गर्न वा अरु कुनै प्रकारवाट हक हस्तान्तरण वा लिजमा दिए, नदिएको सम्बन्धमा एकिन हुन सकेन। कानून बमोजिम सबै मालपोत कार्यालयबाट सरकारी सार्वजनिक जग्गाको अभिलेख प्राप्त गरी सरकारी/सार्वजनिक जग्गाको एकीकृत अभिलेख प्राप्त गरी सार्वजनिक जग्गा तथा सम्पत्तिको संरक्षण गरीनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३७ **कानून निर्माण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधीनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । पालिकाले हालसम्म ३० ऐन, नियमावली ९, कार्यविधि ४४, निर्देशिका ८, आचारसंहिता २, मापदण्ड १ र नीति १ निर्माण गरी कार्यान्वयनमा आएको छ। नगरपालिकाले आवश्यकता अनुसारका कानून वनाई सोको पुर्ण कार्यान्वयन गर्न नसक्दा स्थानीय तहको कार्यसम्पादन, सेवा प्रवाहमा समेत प्रभावकारिता आउन सकेको छैन। कार्यसम्पादन र नतिजा प्राप्तिका लागि आवश्यक पर्ने, आफ्नो अधिकार क्षेत्रभित्रको आवश्यक कानून वनाउने, संशोधन गर्ने र सोको प्रभावकारी कार्यान्वयन मार्फत नगरपालिकाको कार्यप्रकृयालाई व्यवस्थित गरिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३८ **न्यायिक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्ममा अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाको गतवर्ष फछ्र्यौट कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी १८ र यो वर्ष दर्ता भएको ६२ गरी जम्मा ८० विवाद दर्ता भएकोमा ६० फछ्यौंट भई २० फछ्यौंट हुन बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।यस पालिकाको न्यायिक समितिमा दर्ता भएका मुद्धाको विवरण देहाय वमोजिम रहेको देखिन्छ ।

| सि.नं. | उजुरीको प्रकार | गतवर्षको बाँकी | यस वर्ष थप | जम्मा | यो वर्ष पछ्यौट | पछ्यौट हुन बाँकी |
|---|---|---|---|---|---|---|
| १ | घरेलु हिंसा | ० | २ | २ | २ | ० |
| २ | पारिवारीक विवाद | १ | ५ | ६ | ५ | १ |
| ३ | जग्गा खिचोला सम्बन्धी | ५ | २१ | २६ | १८ | ६ |
| ४ | ज्याला मजदुरीसम्बन्धी | ० | ० | ० | ० | ० |
| ५ | कुटपिट सम्बन्धी | ० | ० | ० | ० | ० |
| ६ | गाली बेइज्जती | १ | ५ | ६ | ५ | १ |
| ७ | जेष्ठ नागरीक सम्बन्धी | ० | ० | ० | ० | ० |
| ८ | रुख विरुवा सम्बन्धी | ० | ३ | ३ | २ | १ |
| ९ | पशुपन्छी सम्बन्धी | ० | ३ | ३ | ३ | ० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १० | परम्परागत पैनी सम्बन्धी | ० | १ | १ | ० | १ |
| ११ | घरभाडा सम्बन्धी | ० | २ | २ | २ | ० |
| १२ | लेनदेन सम्बन्धी | ५ | २० | २५ | १५ | १० |
| १३ | अन्य विवाद | ६ | ० | ६ | ६ | ० |
| **जम्मा** | | **१८** | **६२** | **८०** | **६०** | **२०** |

सैद्धान्तिक बेरुजु

३९ **जिन्सी निरीक्षण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । नगरपालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको जिन्सी निरीक्षण प्रतिवेदनमा समावेश भएका स्कुटर थान २, पिक अप थान २, डेक्सटप कम्प्युटर थान४, प्रिन्टर थान १०, स्क्यानर थान १, मोवाइल थान ६ तथा अन्य टेवुल , दराज , काठको टेवुल वुककेश लगायतका अन्य सामान मर्मत गर्नुपर्ने उल्लेख भएकोमा मर्मतको प्रकृया थालनी गरेको देखिएन । साथै जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए वमोजिम लिलाम गर्नुपर्ने सामाग्री तथा जिन्सी खातामा आम्दानी नदेखिएको १ थान घुम्ती सौचालय रहेको र मर्मत गरी प्रयोगमा ल्याउन नसकिने अवस्थामा रहेकोले लिलाम गर्न सुझाएकोमा नियमावलीमा भएको व्यवस्थाको पालना गरी मुल्याङ्कन गर्ने र लिलाम गर्ने गराउने गर्नुपर्ने देखिन्छ । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापनलाई थप प्रभावकारी वनाउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

४० **आय अनुमान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ सम्पत्ति कर ,मालपोत, व्यवसाय कर, विज्ञापन कर, सेवा शुल्क, दस्तुर तथा ढुङ्गा गिटी वालुवा वाट प्राप्त हुने आय समेत रु.७,५५,५३,०००।०० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु. ६६,१६८,५४६.८५ अर्थात अनुमानको तुलनामा ८७.०६ प्रतिशत आय प्राप्त गरेको छ। आम्दानीका

अन्य स्रोतको पहिचान गर्ने , आयको अनुमान यर्थाथपरक वनाउने तथा आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

सैद्धान्तिक बेरुजु

४१ **राजश्वको लेखाङ्कन** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५९मा राजस्वको आम्दानी गर्दा आम्दानी दाखिला गरी गोश्वारा भौचर तयार गरी दोहोरो लेखा प्रणालीको सिद्दान्त अनुसार राजश्व लेखा अद्यावधिक हुनुपर्ने व्यवस्था छ। एकीकृत वित्तिय विवरण अनुसार पालिकाले रु.६६,१६८,५४६.८५ आम्दानी देखाएको रकमको गोश्वारा भौचर, रसिद नियन्त्रण खाता लगायत म.ले.प. फारामहरु दैनिक आम्दानी टिपोट,दैनिक दाखिला, मास्केवारी एवं स्रोतगत राजस्व आम्दानी देखिने गरी अभिलेख राखेको देखिएन ।कतिपय राजश्वहरु एउटै शिर्षकमा समेत दाखिला भएको, राजश्व आम्दानीमा प्रयोग हुने फारमहरु प्रयोग नगरी एकमुष्ट राजश्व आम्दानी देखाउदा आर्थिक विवरणमा देखाएको आम्दानीको यथार्थता एकीन गर्न सकिदैन । राजश्व आम्दानीमा प्रयोग हुने सम्पूर्ण म.ले.प. फारमहरु प्रयोग गरी राजश्व आम्दानीको अभिलेखलाई थप व्यवस्थित र प्रभावकारी वनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४२ **आन्तरिक आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ७४,१८,१३,६११ | ५६६५१०७३४।४१ | ८.९६ |

उपर्युक्त विवरण अनुसार नगरपालिका प्राप्त भएको केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ८.९२ प्रतिशत तथा पालिकाको कुल खर्च रु १२५८३७४४३० को ४।५० प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

४३ **कर तथा शुल्क असुली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| राजस्व उपशीर्षक | अनुमानित बजेट | प्राप्त रकम रु. | प्रतिशत |
|---|---|---|---|
| ११३१३ एकीकृत सम्पती कर | ३७००००० | ५५६१५४२ | १५० |
| ११३१४ भुमिकर/मालपोत | ८४५०००० | ५२५११२४ | ६२ |
| ११३२१ वहाल कर | ६९९७०६३ | ५१८७७७७ | ७४ |
| ११३२२ वहाल विटौरी कर | १८००००० | ३४४८०१५ | १९२ |
| ११४५१ सवारी साधन कर (साना सवारी) | ५५००० | ४७९९९ | ८७ |
| ११४५२ पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | २५००००० | १४८०००० | ५९ |
| ११४७२ बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर | ५५०००० | ३४२१८८ | ६२ |
| ११४७९ अन्य मनोरञ्जन कर | १७००० | - | - |
| ११६९१ अन्य कर | १५००० | १०२१६८ | ६८१ |
| १४१५१ सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | - | ३५००० | १०० |
| १४१५७ बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय | १५५००००० | ७१७०५९३ | ४६ |
| १४२१३ अन्य बिक्रीबाट प्राप्त रकम | २५००० | - | - |
| १४२१८ विद्युत सेवा शुल्क | - | ३८२० | १०० |
| १४२१९ अन्य सेवा शुल्क तथा बिक्री | ५००० | ५०००४२ | १०००१ |
| १४२२१ न्यायिक दस्तूर | ३५००० | ६८५२० | १९६ |
| १४२२९ अन्य प्रशासनिक सेवा शुल्क | १५००० | २३१२३५८ | १५४१६ |
| १४२४२ नक्सापास दस्तुर | ४७००००० | ४६११७३९ | ९८ |
| १४२४३ सिफारिश दस्तुर | ८१००००० | ११७६८८६५ | १४५ |
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | ५५०००० | ११७५५८९ | २१४ |
| १४२४५ नाता प्रमाणित दस्तुर | २७५००० | ३९३००० | १४३ |

| | | | |
|---|---|---|---|
| १४२४९ अन्य दस्तुर | २४००००० | ८३५८९१३ | ३४८ |
| १४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर | ९७५००० | ६४७७२७ | ६६ |
| १४३१२ प्रशासनिक दण्ड जरिवाना र जफत | १५००० | २५७९४६ | १७२० |
| १४४११ चालु हस्तान्तरण | १४६९०० | - | - |
| १४४२१ पूँजीगत हस्तान्तरण | ३०००००० | - | - |
| १४५२१ प्रदुषण नियन्त्रण शुल्क | - | २८८८४० | १०० |
| १४५२९ अन्य राजस्व | १६००० | १५३०० | ९६ |
| १४६११ व्यवसाय कर | ७९००००० | ७४८१६६९ | ९५ |
| जम्मा | | ६६५१०७३४ | |

आयको विवरण अनुसार पालिकाले आय अनुमान गरेका ४ शिर्षकमा कर असुलनै गरेको देखिदैन भने सम्पत्ति कर , भुमी कर तथा घर जग्गा रजिष्ट्रेशन शुल्कजस्ता महत्वपुर्ण आय शिर्षमा अनुमानभन्दा न्युन राजश्व असुल भएको देखिन्छ ।पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

४४ **व्यवसाय कर -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ। सुत्र प्रणालीमा भएको विवरण अनुसार यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.७४,८१,६६९।३५ कर सङ्कलन गरेको विवरण प्राप्त भएको छ भने व्यवसाय कर सङ्कलनका लागि प्रयोगमा ल्याएको प्रणालीमा ११२१ करदातावाट रु ६८,०७,१०१।५० असुल भएको विवरण प्राप्त भएको छ ।गत आर्थिक बर्षमा व्यवसाय कर असुल भएका १०२० व्यवसायिले आर्थिक बर्ष २०७९।८० मा दाखिला गर्नुपर्ने व्यवसाय कर दाखिला गरेको छैन। पालिकाले समेत प्रणालीमा सुचिकृत भएका व्यवसायिको कर वक्यौता एकिन गरेको देखिएन ।पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरु कर तिर्न आएका वखत मात्र सुचिकृत गर्ने गरेकोले वास्तविक व्यवसायि एकिन गरी अभिलेख अध्यावधिक गरेको छैन्। जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छ। तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

४५ **लागत अनुमान** - नगरपालिकाको आर्थिक ऐन २०७९ को दफा ११ सँग सम्वन्धितत अनुसुची ११ मा नदिजन्य पदार्थको को विक्री शुल्क प्रदेश आर्थिक ऐनले तोके वमोजिम हुने उल्लेख छ । प्रदेश आर्थिक ऐन २०७९ ले नदिजन्य पदार्थको शुल्क निर्धारण गरी वातावरणीय प्रभाव मुल्याङ्कनमा समेत सोही दरका आधारमा लागत कायम गरेको देखिन्छ । तथापी पालिकाले नदिजन्य पदार्थको उल्लेखित ठेक्काको लागि लागत अनुमान तयार गर्दा ३ नदी मध्ये सोल्टी नदिमा दर तथा रकम फरक नपरेको तर देहाय वमोजिमका २ नदिको न्युन रकमको लागत अनुमान तयार गरी ठेक्का वन्दोवस्त गरेको देखिन्छ । पालिकाले एकमुष्ठ ठेक्का वन्दोवस्त गरेका ३ नदी मध्ये २ नदिमा विक्री शुल्कमा रु ३,३४,५४० तथा सोको मुल्यअभिवृद्धि कर वापत रु.४३,४९०।२६ समेत रु.३,७८,०३०।२६न्युन हुने गरी लागत अनुमान तयार गरी ठेक्का आव्हान गरेको नियमसम्मत नदेखिएको रु.३७८०३०.२६

| **नदि** | **विवरण** | **परिमाण (घ.मी.)** | **दर** | **वास्तविक लागतत अनुमान** | **स्विकृत लागत अनुमान** | **फरक न्युन रकम** |
|---|---|---|---|---|---|---|
| नुनसरी | ढुङ्गा गिटी | १३५३० | ६ | २८६६८७१.७० | | |
| | वालुवा | २०२९५ | ४.७५ | ३४०४४१०.१४ | | |
| | माटो | ११२७५ | ३ | ११९४५२९.८८ | | |
| जम्मा | | | | ७४६५८११.७२ | ७२८७३७० | १७८४४२ |
| वक्राह | ढुङ्गा गिटी | ४३८८ | ६ | ९२९७७३.३२ | | |
| | वालुवा | १३१६३ | ४.७५ | २२०८०४३.८९ | | |
| | माटो | ११७०० | ३ | १२३९५५६.५० | | |
| जम्मा | | | | ४३७७३७३.७१ | ४२२१२७५ | १५६०९९ |
| **कुल जम्मा** | | | | **११८४३१८५** | **११५०८६४५** | **३३४५४०** |

| अनियमित भएको | ३,७८,०३०.२६ |
|---|---|

४६ **सम्झौताको शर्त** - नगरपालिकाले सुचनामा उल्लेखित शर्तहरुका अधिनमा रही सम्झौता गर्नुपर्दछ ।नगरपालिकाले ठेक्का सम्झौताका लागि आव्हान गरेको सुचनाको वुँदा न ७ मा दोस्रो किस्ताको रकम २०७९ चैत्र मसान्त भित्र वुझाउने गरी आव्हान गरेकोमा नगर प्रमुखको आदेशवाट अग्रिम रुपमा वुझाउनुपर्ने रकम सम्झौताको अन्त्य हुने अवधिमा वुझाउने गरी सम्झौता गरेको देखिन्छ । व्यवसायिले सुचनाका शर्तको पालना गरी प्रस्ताव पेश गर्ने भएकाले सम्झौताका वखत शर्त परिवर्तन गरेको मनासिव देखिएन । यसतर्फ पालिकाको ध्यान जानुपर्दछ।

सैद्धान्तिक बेरुजु

४७ **किस्ता दाखिला -** नगरपालिका तथा व्यवसायि सँग भएको सम्झौताको वुँदा नं ७ मा निर्माण व्यवसायिले दोस्रो किस्ता वापतको ५० प्रतिशतले हुने रु ८१,२७,७७८ जेष्ठ मसान्त भित्र वुझाउने गरी सम्झौता भएको देखिन्छ ।व्यवसायि गंगा निर्माण सेवा एण्ड ट्रेडिङ्ग प्रालीले सम्झौताका बखत प्रथम किस्ता वापतको रु ८१,२७,७७८ दाखिला गरी दोस्रो किस्ता रु ८१,२७,७७८ तथा सम्झौता रकमको मुअकर वापत हुने रु२१,१३,२२२ समेत रु.१,०२,४१,०००।०० वापतको नेपाल वैङ्क लिमिटेड दमक शाखाको जमानत नं GPF१९६८५००५ को रु १,०२,४१,००० को जमानत पेश गरेको देखिन्छ । निर्माण व्यवसायिले सम्झौताका शर्त अनुसार तोकिएको परिमाण समय अगावै उत्खनन गरी थप परिमाण समेत उत्खनन गरेको अनुगमन समितिको प्रतिवेदनवाट देखिन्छ। तथापी व्यवसायिवाट तोकिएको समयमा दोस्रो किस्ता वापत किस्ता रु.८१,२७,७७८ तथा सम्झौता रकमको मुअकर वापत हुने रु२१,१३,२२२।१५ समेत रु.१,०२,४१,०००।०० हालसम्म विभाज्य खातामा दाखिला गरेको देखिएन। नगरपालिकावाट जमानत रकम असुलका लागि २०८०।२।२६ मा पत्राचार गरेकोमा वैङ्कवाट समेत सो रकम प्राप्त भएको छैन । हाल व्यवसायिले सम्मानित उच्च अदालत विराटनगरवाट उक्त जमानत रकम असुल गर्ने कार्य यथास्थितिमा राख्नुभनि २०८०।२।२९ मा अन्तरिमा आदेश समेत जारी भएको देखिन्छ ।

सैद्धान्तिक बेरुजु

४८ **स्वीकृत परिमाण भन्दा बढी उत्खनन** - ढुंगा, गीटि, बालुवा उत्खनन्, बिक्रि व्यवस्थापन सम्बन्धी मापदण्ड,२०७७ को दफा ७ मा नगरपालिकाले उत्खनन् वा सङ्कलन गर्न तोकिएको स्थलमा स्वीकृत परीमाणभन्दा बढी उत्खनन् र सङ्कलन हुन नदिन सङ्कलन तथा उत्खनन् आदेश दिनुपूर्व प्राविधिकबाट गरिएको नाप जाँच तथा रेखाङ्कनका आधारमा उत्खनन् वा सङ्कलनको क्षेत्र निर्धारण गरी लाईन लेभल समेत दिनु पर्ने उल्लेख छ। अनुगमनको क्रममा कुनै नदीमा वातावरणीय अध्ययन प्रतिवेदन र ठेक्का सम्झौतामा उल्लेख भए बमोजिमको उत्खननयोग्य परिमाण र क्षेत्रको उत्खनन् भैसकेको पाईएमा अनुगमन समितिले थप सङ्कलन वा उत्खनन् कार्य बन्द गर्ने निर्देशन दिन सक्ने व्यवस्था छ। पालिकाले सोल्टी, नुनसरी र वक्राह खोलाको ९९३५० घनमिटर नदीजन्य पदार्थ संकलन तथा बिक्रीको ठेक्का गंगा निर्माण सेवा एण्ड ट्रेडिङ्ग प्राली लाई दिएकोमा नगरपालिकाले २०८०।१।२५ मा गरेको अनुगमनवाट उत्खनन् वा सङ्कलन गर्न तोकिएको स्थलमा स्वीकृत परीमाणभन्दा बढी उत्खनन् गरेकोले हाललाई उत्खननको कार्य रोक्नु भनि सोही मितिमा जानकारी गराएको तथा पटक पटक निरीक्षण पठाइ रोक्का गरीएकोमा पुन उत्खनन गरेकोले पुन उत्खनन बन्द गर्न अटेर गरे कानून बमोजिम कारवाही बढाईने उल्लेख गरेको

देखिन्छ । तर नदिजन्य पदार्थ उत्खनन पश्चात दोस्रो पटक प्रविधिकले दिएको मिति २०८०।३।१ को उत्खनन नापजाँच प्रतिवेदनमा विभिन्न चेनेजमा वक्राह खोलावाट ६५१० घनमिटर, नुनसरी खोलावाट १७६७१।८८ घनमिटरु र सोल्टी खोलावाट १७१४८।५० घनमिटर तोकीएको परिमाण भन्दा थप उत्खनन भैसकेको देखिएको छ ।नगर उपप्रमुख तथा नगरस्तरीय अनुगमन समिति संयोजकवाट उक्त थप परिमाण वापत थप असुल गर्नुपर्ने रकम रु ७१,४७,१५०।६२ तथा सोको मुल्य अभिवृद्धि कर रु ९,२९,१२९।५८ समेत रु.८०,७६,२८०।२० असुल गर्नुपर्ने गरी प्रतिवेदन पेश भएकोले सो सम्वन्धमा एकिन गर्नुपर्ने र वातावरणीय अध्ययन प्रतिवेदन भन्दा वढि उत्खनन् गर्दा वातावरणिय र प्राकृतिक क्षति समेत हुने देखिएकाले सो सम्वन्धमा समेत अनुगमन गरी कारवाहीका लागि सम्वन्धित निकायमा पहल गर्ने र थप उत्खनन् भएको परिमाणको शुल्क असुल गर्नुपर्ने देखिएको रु.८०,७६,२८०।२०

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८०,७६,२८०.२ |

४९ **परिमाण नियन्त्रण** - ढुङ्गा गिटी बालुवा उत्खनन बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को बुँदा ७ (६) मा उत्खनन संकलन तथा ढुवानीकर्ताले उत्खनन संकलन वा ढुवानी गरेको परिमाणको दैनिक अभिलेख अनुसूची ४(क) र दैनिक पटके बिक्री वा अभिलेख तेरिज अनुसूची ४ (ख) बमोजिमको ढाँचामा राख्नुपर्ने व्यवस्था छ । पालिकाले सुनझोडा खोलाको १३५०० सोल्टी, नुनसरी र वक्राह खोलाको ९९३५० घनमिटर नदीजन्य पदार्थ संकलन तथा बिक्रीको लागी व्यवसायीलाई प्रतिस्पर्धाको माध्यमबाट क्रमश आरआरएडी कन्सट्रक्सन र गंगा निर्माण सेवा एण्ड ट्रेडिङ्ग प्राली सँग सम्झौता गरी पट्टा दिएकोमा कार्यविधि बमोजिम उल्लेखित खोलाको नदीजन्य पदार्थको उत्खनन तथा संकलन, घाटगद्दी र बिक्रीको अभिलेख राखेको देखिएन। कार्यविधि बमोजिम अभिलेख नराख्दा ठेक्कामा दिएको परिमाण नियन्त्रण हुने देखिएन । मापदण्ड बमोजिम पट्टामा दिएको परिमाणमा उत्खनन तथा संकलन,घाटगद्दी र बिक्रीको अभिलेख राखी नदीजन्य पदार्थको परिमाण नियन्त्रण गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५० **रसिदको अभिलेख तथा भिडान** - उल्लेखित ठेक्काहरुमा ढुङ्गा, गिट्टी, वालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्वन्धी मापदण्ड,२०७७ अनुसार पालिकाले व्यवसायीसँग गरेको प्रत्येक सम्झौतामा कुनै किसिमको कर सेवा शुल्क र दस्तुर थप गरी लिन नपाउने र नियमानुसारको शुल्क दस्तुर कर असुल गर्दा पालिकाबाट प्रमाणित भर्पाई रसिदको आधारमा मात्र गर्ने उल्लेख भएकोमा रसिद प्रमाणित गरि उपलव्ध गराएता पनि उपलब्ध गराइएका रसिदको अभिलेख, सोको भिडान र विवरण लिने र सो अनुसार भए नभएको अनुगमन भएको देखिएन। सम्झौता तथा मापदण्डमा भएका सवै व्यवस्थाको पालना गरी परिमाण नियन्त्रणका लागि रसिदको अभिलेख र भिडान गर्ने तर्फ पालिकाको ध्यान जानुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५१ **राजश्व वाँडफाँड** - स्थानीय तहले आर्थिक ऐन बमोजिम असुल गरेको देहाय अनुसारको रकम राजश्व वाँडफाँड गर्नुपर्नेमा सुनझोडा नदिको नदिजन्य पदार्थ उत्खनन गर्दा वढि उत्खनन् गरेको ८७५।४२ घनमिटरको रु १८५३०८।९० मुअकर समेत विभाज्यकोष खातामा दाखिला भै नगरपालिकाले मात्र वाँटफाट गरेको

देखिएको उक्त रकम नगरपालिकाको राजश्व बाँटफाड खातामा दाखिला गरेकोले बाँटफाड नगरेको निम्नानुसारको रकम सम्बन्धित निकायलाई बाँडफाँड गरी पठाउनु पर्ने रु.६५,५५६

| आय शीर्षक | संकलित रकम | प्रदेशलाई पठाउनु पर्ने प्रतिशत | पठाएको रकम | पठाउन बाँकी रकम |
|---|---|---|---|---|
| सुनझोडा नदिजन्य पदार्थ विक्री रकम | १,६३,८९० | ६५,५५६ | ० | ६५,५५६ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६५,५५६ |

५२ **मुअकर असुली तथा दाखिला** - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को १५(३) मा मूल्य अभिवृद्धि कर लाग्ने वस्तुको बिक्री गर्दा मूल्य अभिवृद्धि कर असुल उपर गर्नु पर्ने व्यवस्था छ। पालिकाले देहाय वमोजिम पदार्थको उत्खनन्, सङ्कलन र बिक्री बापत तथा हाट ठेक्का वाट मुल्य अभिवृद्धि कर रु.१४३८८९।०० असुल गरी दाखिला नगरेको तथा रु.५९४३१असुल नगरेकोले असुल गरी रु.२०३३२० सम्वन्धित खातामा दाखिला गर्नुपर्ने रु.२,०३,३२०

| ठेक्का विववरण | व्यवसायिको विवरण | रकम | मुअकर | कैफियत |
|---|---|---|---|---|
| सुनझोडा नदिजन्य पदार्थ विक्री | आरआरएडी कन्सट्रक्सन | १६३८९० | २१३०६ | असुली भै दाखिला नभएको |
| शुक्रवारे हाटवजार ठेक्का | नर प्रसाद आचार्य | ३०११११ | ३९१४४ | असुल नभएको |
| सनिश्चरे हाटवजार ठेक्का | नर प्रसाद आचार्य | १३१५५५ | १७१०२ | असुल नभएको |
| सनिवारे हाटवजार ठेक्का | सम्सेर वहादुर तामाङ्ग | २४५०० | ३१८५ | असुल नभएको |
| अमानतवाट असुली नदिजन्य पदार्थ विक्री | उर्लावरी नगरपालिका | ९४२९४५ | १२२५८३ | असुल भएको |
| **जम्मा** | | | २,०३,३२० | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,०३,३२० |

५३ **कर छुट** - नगरसभावाट मिति २०७९।३।१२ मा स्विकृत नगर आर्थिक ऐन, २०७९ को दफा १३ मा यस ऐन वमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनैपनी किसिमको कर छुट नदिइने उल्लेख छ । तथापी नगरपालिकाले यो बर्ष देहाय वमोजिमका आय ठेक्का लगाएको अग्रिम रुपमा दाखिला गर्दा १० प्रतिशत छुट दिने व्यवस्था सुचनामा उल्लेख गरी देहाय वमोजिम रु.३,७०,५१३ छुट दिएको देखिन्छ ।नगर आर्थिक ऐनले व्यवस्था नगरेको विषय सुचनामा समावेश गरी छुट प्रदान गरेको नियम सम्मत नदेखिएको रु.३,७०,५१३

| विवरण | कवोल रकम | दाखिला रकम | छुट रकम |
|---|---|---|---|
| सुनझोडा नदिजन्य पदार्थ उत्खनन् आरआरएडी कन्सट्रक्सन | २५१०००० | २२५९००० | २५१००० |
| पशुवजार हाट ठेक्का संजय स्टोर्स | ११९५१३३ | १०७५६२० | ११९५१३ |
| **जम्मा** | | | **३७०५१३** |

| | |
|---|---|
| अनियमित भएको | ३,७०,५१३ |

५४ **सडक पुर्वाधार सेवा शुल्क ठेक्का** - उर्लावारी नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७९ को नियम १४० वमोजिम नियमावलीमा भएको व्यवस्था वमोजिम आन्तरिक आय उठाउने वोलपत्र स्विकृत भैसके पश्चात् सुचना प्रदान गरेको ७ दिन भित्र कवुलियत गर्न उपस्थित हुनुपर्ने अन्यथा सो भन्दा पछिको दोस्रो तथा तेस्रो सँग सम्झौता गर्नुपर्ने र तल्लो क्रममा जाँदा वोलकवोल रकम र जफत गरेको धरौटीको रकम अन्तर वढि भएमा अघिल्लो वोलकर्तावाट सरकारी वाँकी सरह असुल गर्नुपर्ने उल्लेख छ। नगरपालिकाले यो बर्ष सडक पुर्वाधार सेवा शुल्क असुल गर्नका लागि ठेक्का नं १३।२०७८।७९ मार्फत वोलकर्ता एन के कन्सट्रक्सनको रु.३७,००,०००।०० (मुअकर समेत) को दर स्विकृत गरेकोमा निज वोलकर्ता सम्झौता गर्न उपस्थित भएको देखिएन। कवोलकर्ताले मिति २०७९।६।५ मा सम्झौता वेगर प्रथम किस्ता वापत रु.१४,८०,००० (मुअकर समेत) नगद दाखिला गरेको देखिन्छ । सो आय ठेक्कामा निज वोलकर्ता एकमात्र वोलकर्ता भएको तथा नगरपालिकावाट समेत पुन वोलपत्र आव्हान गरी ठेक्का नलगाएको अवस्थामा नगरपालिकालाई रु.२२,२०,०००।०० आन्तरिक आय घट्न गएको देखिन्छ । प्रचलित कानुन तथा खरिद नियमावलीमा भएको व्यवस्था वमोजिम कवोल गरी ठेक्का वन्दोवस्तमा भाग लिई सम्झौता नगर्ने वोलकर्तालाई कालोसुचीमा राखेको समेत देखिएन । यसतर्फ नगरपालिकाको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५५ **मुअकर दाखिला** -

**........... प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०८०।१२।८ को निर्णयबाट रु. १७०२६५.४८।-सम्परीक्षण गरिएको ।**

५६ **मावाखोला नदिजन्य पदार्थ विक्री ठेक्का** - यो बर्ष उर्लावारी नगरपालिका तथा दमक नगरपालिकाको सिमानामा पर्ने मावा खोलाको नदिजन्य पदार्थ उत्खननका लागि नगरपालिकाहरुको २०७९ असोज २ को सयुक्त वैठकले मावाखोलाको नदिजन्य पदार्थको ठेक्का दमक नगरपालिकावाट लगाउने निर्णय भएको देखिन्छ। सोही अनुरुप दमक नगरपालिकावाट दुई नगरपालिकाको सिमामा रहेको मावा खोलावाट ६६५०० घनमिटर नदिजन्य पदार्थ उत्खननका लागि आव्हान भएको ठेक्का १३/०७९/०८० वाट नदीजन्य पदार्थ विक्री गर्न एनआरआरएन कंक्रिट उद्योगले मुल्य अभिबृद्धि कर बाहेक रु ११२७१७५० मा कबोल गरि २०७९८/१०/१५ मा ०७८/०९/०९ बाट लागु हुने गरि २०७९ जेठ मसान्त सम्मको लागि ठेक्का स्वीकार गरि संझौता गरेको छ । सो ठेक्का वापत यस नगरपालिकाले प्राप्त गर्नुपर्ने नदिजन्य पदार्थको विक्रि शुल्क रु.५५,२३,१५७।५० हाल सम्म नगरपालिका विभाज्यकोष खातामा पठाएको देखिएन। उक्त रकम प्राप्त गरी स्थानिय र प्रदेश सरकारलाई बाँडफाट गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५७ **पदाधिकारी वैदेशिक भ्रमण** - संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय वाट जारी भएको स्थानीय तहका पदाधिकारी हरुको विदेश भ्रमण सम्वन्धि निर्देशिका २०७५ वमोजिम महानगर प्रमुख र जिल्ला समन्वय समिति प्रमुखको मनोनयन नेपाल सरकार तथा अन्य पदाधिकारीको हकमा संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय वाट मनोनयन गरेर मात्र वैदेशिक भ्रमण गर्नुपर्ने उल्लेख छ । यो बर्ष वंगलादेशको खुल्ना शहरमा २०७९।११।१३ देखी १४ सम्म आयोजना भएको दिशाजन्य लेदो पदार्थ व्यवस्थापन सम्वन्धि सम्मेलनमा सहभागि हुन नगर प्रमुख श्री गंगा प्रसाद खरेल तथा उपप्रमुख मिना कुमारी खतिवडा सहभागि भै रु १ लाखका दरले रु २ लाख वजेट खर्च गरेको देखियो । स्थानीय तहका पदाधिकारीले वैदेशिक भ्रमण गर्दा मन्त्रालयवाट मनोनयन गरेको देखिएन ।निर्देशिकामा भएको व्यवस्था विपरीत स्विकृत नलिई वैदेशिक भ्रमणमा गरेको खर्च निमय सम्मत नदेखिएको रु.२,००,०००

| | |
|---|---|
| अनियमित भएको | २,००,००० |

५८ **अवकास पश्चातको तलवभत्ता** - शिक्षा तथा मानव स्रोत वकास केन्द्रको मिति २०७८।६।१९ को परिपत्र अनुसार सामुदायिक विद्यालयमा कार्यरत कर्मचारी तथा सहयोगी कर्मचारीको उमेर हद शिक्षा मन्त्रालयको २०६९।८।१० को निर्णय अनुसार ६० बर्ष कार्य गर्नु भनि उल्लेख भएको छ। नगरपालिकाले सो समय अगावै उमेर हद पुरा भै अवकास लिनपर्ने देहाय वमोजिमका कर्मचारीलाई यो बर्ष २०७९।८।१९ को कार्यपालिकाको निर्णय नं ८ वाट उमेर हद पश्चात् काम गरेको अवधिसम्मको लागि देहाय वमोजिम रु ३००००० तलव भत्ता भुक्तानी गरेको देखियो । शिक्षा मन्त्रालयको विगतको निर्णय तथा शिक्षा तथा मानव स्रोत वकास केन्द्र परिपत्र वमोजिम समेत उमेर हद भन्दा पछिको भुक्तानी गर्न मिल्ने नदेखिएकाले भुक्तानी गर्न मिल्ने आधार प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गरि सम्वन्धित संचितकोष दाखिला गर्नुपर्ने रु.३,००,०००

| सिन | विद्यालयको विवरण | कर्मचारी विवरण | भुक्तानी दर | महिना | जम्मा रकम |
|---|---|---|---|---|---|
| १ | सुनपुकुवा मावी | चन्द्रकला खड्का | १५००० | ५ | ७५००० |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | सुनपुकुवा मावी | वेधनिधि ढकाल | १५००० | ५ | ७५००० |
| ३ | अरनिको मावी | प्रेम प्रसाद प्रसाई | १५००० | ५ | ७५००० |
| ४ | शारदा मावी | डिल्लीराम रेग्मी | १५००० | ५ | ७५००० |
| **जम्मा** | | | **१५०००** | **२५** | **३००००००** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,००,००० |

५९ **सम्झौताको अन्त्य** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(२क) मा आपुर्तिकर्ता परामर्शदाता सेवा प्रदायक वा निर्माण व्यवसायिले खरिद सम्झौता वमोजिम कार्यसम्पादन नगरेमा, दफा ६२ वमोजिम आचरण पालना नगरेमा सार्वजनिक निकायले खरिद सम्झौता अन्त्य गर्न सक्ने अवस्था खरिद सम्झौतामा खुलाउनुपर्ने उल्लेख छ। नगरपालिकाले गत आर्थिक वर्षमा ठेक्का वन्दोवस्त गरी सम्झौता गरेका देहाय वमोजिमका निर्माण व्यवसायीले तोकिएको समयमा निर्माण कार्य सम्पन्न गर्न नसकेको तथा म्याद थपको प्रकृयामा समेत गएको देखिएन। कार्यालयले ठेक्का सम्झौताका शर्तहरु बमोजिम आफ्नो करारीय दायित्व पुरा नगरेको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(७) समेतको आधारमा कार्यपालिकाको मिति २०७९।९।१९ को निर्णय वमोजिम सम्झौताको अन्त्य गरेको देखिन्छ ।यसरी सम्झौताका शर्त तथा ऐन वमोजिम सम्झौताको अन्त्य गरेको निर्माण व्यवसायिलाई कालो सुचिमा राख्नुपर्ने नगरपालिकाले कालोसुचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालया पठाएको देखिएन । करारको दायित्व पुरा नगर्ने निर्माण व्यवसायिलाई कानुन वमोजिम कालोसुचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा पठाउनुपर्ने देखिन्छ ।

| सि.नं | ठेक्का नं | निर्माणव्यवसायीको नाम | सम्झौतारकम | हाल सम्मकोभुक्तानी | सम्पन्न गर्नुपर्ने मिति | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ०२।२०७८।७९ | सान्देम्वा निर्माण सेवा | १९६४९१४ | नभएको | २०७९।३।१५ | २०७९।९।१९ को निर्णयानुसार सम्झौताको अन्त्य भएको |
| २ | ०८।२०७८।७९ | भेनस कन्सट्रक्सन एण्ड सप्लायर्स | २२३१४१८ | नभएको | २०७९।३।१५ | |
| ३ | ०४।२०७८।७९ | सान्देम्वा निर्माण सेवा | ६७७०९४ | नभएको | २०७९।३।१५ | |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

६० **जमानत जफत** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(७) मा भएको व्यवस्था वमोजिम सम्झौताको अन्त्य भएको देखिएकाले दफा ५९(८) वमोजिम सम्झौता अन्त्य भएको सो वापत राखिएको पुरै जमानत जफत हुने व्यवस्था छ। उल्लेखित निर्माण व्यवसायि सँग खरिद सम्झौताको अन्त्य पश्चात कार्यालयले निर्माण व्यवसायिले सम्झौता गर्दाका वखत राखेको देहाय वमोजिमको कार्य सम्पादन जमानत वापतको

रकम जफत गर्न मिति २०७९।१०।१२ मा पत्राचार गरेको देखिन्छ। उक्त जमानत रकम जफत गरि संचितकोष दाखिला गर्नुपर्ने रु. ९,५५,६००

| ठेक्काविवरण | निर्माण व्यवसायी | कार्यसम्पादन जमानत | वैङ्क विवरण | जमानत रकम |
|---|---|---|---|---|
| ०२।२०७८।७९ | सान्देम्वा निर्माण सेवा | NCCB०१५७८PB०७५ | नेपाल क्रेडीट एण्ड कमर्स वैङ्क लमिटेड | ३५८९०० |
| ०८।२०७८।७९ | भेनस कन्सट्रक्सन एण्ड सप्लायर्स | १८७०OUTBG२२१७०५ | कुमार वैङ्क लिमिटेड | ४६४००० |
| ०४।२०७८।७९ | सान्देम्वा निर्माण सेवा | NCCB०१५७८PB०६९ | नेपाल क्रेडीट एण्ड कमर्स वैङ्क लमिटेड | १३२७०० |
| | | | | ९५५६० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९,५५,६०० |

६१ **वाँकी निर्माण गर्न लाग्ने खर्च**- सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ (७) मा सार्वजनिक निकायसँग खरिद समझौता गर्नेले सम्झौता बमोजिम काम शुरु नगरेमा, काम शुरु गरी बिचैमा छोडेमा वा सम्झौता बमोजिम कामको प्रगति नगरेमा सार्वजनिक निकायले जुनसुकै बखत सम्झौता अन्त्य गर्न सक्ने र सम्झौता अन्त्य भएको कारणले सम्झौता बमोजिम बाँकी रहेको कार्य पुरा गर्न जे जति रकम आवश्यक पर्छ सो रकम त्यसरी सम्झौता बमोजिम कार्य नगर्ने बोलपत्र दाताबाट सरकारी बाँकी सरह असुल गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाले उल्लेखित ठेक्काहरु सम्झौता अन्त्यगर्ने निर्णय गरी खरिद खरिद ऐनको दफा ५९(८) वमोजिम जमानत जफतको समेत निर्णय गरेको देखिन्छ ।उल्लेखित सम्झौताको अन्त्य पश्चात् पुन ठेक्का वन्दोवस्त गरी प्रशासनिक खर्च वाहेक उक्त निर्माण कार्यका लागि यो वर्ष नगरपालिकावाट रु.५५,२३,५०८ भुक्तानी भएको छ ।सम्झौता तथा खरिद कानुनमा भएको व्यवस्था अनुसार उल्लेखित खर्च रकम सरकारी वाँकी सरह असुल उपर गर्नुपर्ने देखिएको रु.५५,२३,५०८

| सि.नं | ठेक्का नं | निर्माणब्यवसायीको नाम | सम्झौतारकम | हाल सम्मकोभुक्तानी | उक्त कार्यका लागि भुक्तानी भएको रकम |
|---|---|---|---|---|---|
| १ | ०२।२०७८।७९ | सान्देम्वा निर्माण सेवा | १९६४९१४ | - | **२५२४९३१** |
| २ | ०८।२०७८।७९ | भेनस कन्सट्रक्सन एण्ड सप्लायर्स | २२३१४१८ | - | **२२५७१९३** |
| ३ | ०४।२०७८।७९ | सान्देम्वा निर्माण सेवा | ६७७०९४ | - | **७४१३८४** |
| **जम्मा** | | | | | **५५२३५०८** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५५,२३,५०८ |

६२ **संघिय समपुरक अनुदान** - समपुरक अनुदान सम्वन्धि (तेस्रो संशोधन ) कार्यविधि, २०७७ को बुँदा६ मानेपाल सरकारले समितिले छनौट गरेको आयोजनामा प्रदेश वा स्थानीय तहलाई कुल लागतको अधिकतम ५० प्रतिशत रकम अनुदान प्रदान गर्न सकिने उल्लेख छ। पालिकाले यो बर्ष संघिय समपुरक अनुदानवाट उर्लावारी वहुमुखी क्याम्पस भवन निर्माण योजनाको लागि रु.१ करोड १० लाख बजेट प्राप्त गरेको मध्ये समपुरक अनुदानवाट रु.९३,१७,६६७ खर्च गरेको देखिन्छ । उल्लेखित योजनामा नगरपालिकाको श्रोतवाट रु.३९,८२,७६१.७ बजेट मात्र खर्च गरी ५० प्रतिशत लागत साझेदारी वापत व्यहोर्नुपर्ने रु.६६,५०,२१४.३५ व्यहोरेको छैन। यसरी लागत साझेदारी व्यहोर्नुपर्नेमा समपुरक अनुदानको श्रोतवाटमात्र खर्च लेखेको कार्यविधि सम्मतत देखिएन । समपुरक अनुदानवाट मात्रै खर्च गरेकोले पालिका श्रोतवाट खर्च गर्नुपर्ने ५० प्रतिशतले हुने रु.२६,६७,४५२।६५ रकम श्रोत मिलान गर्नुपर्ने देखिएको रु.२६,६७,४५२.६५

| योजनाको विवरण | समपुरक अनुदान | यो बर्षको योजनाको कुल खर्च | समपुरक अनुदानवाट भएको खर्च |
|---|---|---|---|
| उर्लावारी वहुमुखी क्याम्पस भवन निर्माण | ११०००००० | १३३००४२८।७० | ९३१७६६७ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २६,६७,४५२.६५ |

६३ **नन् फाइलर** - मूल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम बिक्रेताले संकलन गरेको मू.अ.कर पछिल्लो महिनाको २५ गते सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा समायोजन गरी दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाले निम्न ठेक्काको निर्माण कार्यबापत निर्माण व्यवसायीलाई मूल्य अभिवृद्धि कर भुक्तानी दिएकोमा मुअकर दाखिलाको विवरण आन्तरीक राजश्व विभागको वेवसाइटमा स्थायी लेखा नंम्वर खोजी गर्दा उक्त निर्माण व्यवसायि ननफाईलर देखिएकोले मू.अ.कर समायोजनको प्रमाण पेश गर्नुपर्ने रु.१२,९३,९११

| गो भौ नं र मिति | फर्मको नाम/ प्यान नं | बिजक नं | बिजक रकम मूअकर वाहेक | मूअकर रकम ७० प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १६, २०७९।११।१५ | रिजेन्सी विल्डर्स प्राली | १४ | ९९२९३४ | ९०३५७ | २०७९।m।१२ |
| १६, २०७९।११।१५ | रिजेन्सी विल्डर्स प्राली | १५ | २२४४३६२ | २०४२३७ | २०७९।m।१२ |

| | | | | | |
|---|---|---|---|---|---|
| १६, २०७९।११।१५ | रिजेन्सी विल्डर्स प्राली | १६ | ३७१९४३९ | ३३८४६९ | २०७९।m।१२ |
| ७१ २०८०।३।२४ | रिजेन्सी विल्डर्स प्राली | ३१ | २१४३८४६ | १९५०९० | २०७९।m।१२ |
| ७१ २०८०।३।२४ | रिजेन्सी विल्डर्स प्राली | ३० | २४४९६८१ | २२२९२१ | २०७९।m।१२ |
| ७१ २०८०।३।२४ | रिजेन्सी विल्डर्स प्राली | ३२ | २६६८५४२ | २४२८३७ | २०७९।m।१२ |
| **जम्मा** | | | | **१२९३९११** | |
| | | | | प्रमाण पेश नगरेको | १२,९३,९११ |

६४ **कृष्णचोक सुनझोडा सडक स्तरोन्नती कार्य**- नगरपालिकाले यो बर्ष संघिय शसर्त अनुदान अन्तर्गत कृष्णचोक सुनझोडा सडक स्तरोन्नती कार्यका लागि रू– १३,५०,००,०००.०० बजेट विनियोजन भएको देखिन्छ । नगरपालिकाको कृष्णचोक सुनझोडा सडकको ५२७६ मिटर सडक कालोपत्रे गर्ने, सडकको दुवै साइडमा ड्रेन निर्माण, २१ वटा कल्भर्ट निर्माण लगायतका कार्य गर्न सहरी विकास तथा भवन निर्माण विभाग अन्तर्गत विश्व वैङ्कको ऋण सहयोगमा संचालित URBAN GOVERNANCE AND INFRASTRUCTURE IMPROVEMENT PROJECT अन्तर्गत उक्त योजना कार्यान्वयनका लागि रु ५१,०३,४९,००४ (मुअकर , फिजिकल र प्राइस कन्टिंनजेन्सी समेत) लागत अनुमान भएको योजनाको खुला बोलपत्रको माध्यमबाट सिआइपिएल इन्फ्रा, भारत सँग रू.३६,१२,४३,६१६।१० (मू.अ.कर समेत) को वोलपत्र स्विकृत भै २ बर्षमा निर्माण सम्पन्न गर्नेगरि मिति २०७९।११।२१ मा सम्झौता भएको छ ।यस सम्वन्धमा देखिएका व्यहोराहरु देहाय वमोजिम रहेका छन ।

६४.१ **लागत अनुमान स्विकृति-** उर्लावारी नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७९ को नियम १५ मा १५ करोड भन्दा वढि लागत अनुमान भएको निर्माण कार्यको लागत अनुमानको स्विकृति पालिका प्रमुखवाट गर्नुपर्ने उल्लेख छ । यो बर्ष नगरपालिकाले रु५१,०३,४९,००४।०० लागत अनुमान तयार गरी वोलपत्र आव्हान गरेकोमा सो लागत अनुमान प्रमुखवाट स्विकृत भएको देखिएन ।कार्यालयले उक्त सडकको विस्तृत परियोजना प्रतिवेदन समेत लेखापरीक्षणको क्रममा माग भएकोमा भवन विभागवाटै विस्तृत परियोजना प्रतिवेदन तयार गरेको र सोही वमोजिम वोलपत्र आव्हान गरेको जनाएको छ । पालिकाले समेत उक्त परियोजना प्रतिवेदनको थप अध्ययन तथा स्विकृत गरेर मात्र वोलपत्र आव्हान गर्नुपर्नेमा लागत अनुमान अधिकार प्राप्त अधिकारीवाट स्विकृत नभै निमित्त कार्यालय प्रमुखवाट भएको , विस्तृत परियोजना प्रतिवेदन पालिकावाट स्विकृत समेत नभएको तथा खरिद कार्यको खरिद गुरुयोजनासमेत तयार गर्नुपर्ने लगायतका पुर्व तयारी नगरी ठेक्का व्यवस्थापन गर्नु नियम सम्मत देखिएन । यसतर्फ पालिकाको ध्यान जानु पर्दछ ।

सैद्धान्तिक बेरुजु

६४.२ **निर्माणस्थलको व्यवस्था-** उर्लाबारी नगरपालिकाको सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ७(३) मा सार्वजनिक निकायले निर्माण स्थलको व्यवस्था नभई वोलपत्र आव्हान गर्नु नहुने उल्लेख छ। उल्लेखित कृष्णचोक सुनझोडा सडक स्तरोन्नती कार्यका लागि सम्झौता भएकोमा निर्माणकार्यको वोलपत्र आव्हान गर्नपुर्वनै निर्माण स्थलको व्यवस्था गर्नुपर्नेमा सडकमा रहेका विजुलीको पोल हटाउने, सडकको शूरुवात विन्दुमा रहेका घरवस्तिमा वनेका संरचना हटाउने तथा उक्त सडकमा विगत वर्षहरुमा वजेट व्यवस्था भै निर्माण भएको नाला डिस्मेन्टलिङ्ग गर्ने कार्य समेत निर्माण कार्यको विओक्युमा समावेश गरी वोलपत्र आव्हान गरेको देखियो । त्यसैगरी विजुलीको पोलसार्ने कार्यको लागि प्रोभिजनल सममा रु.१,०८,९८,७४२ समावेश गरी सम्झौता भएको देखिन्छ । जसले गर्दा निर्माण कार्यले हालसम्म गति लिन सकेको देखिएन । विस्तृत परियोजना प्रतिवेदनको अभावमा विगतमा वनेको पक्की नाला डिस्मेन्टलिङ्ग नगरी निर्माण कार्य गर्न मिल्ने नमिल्ने सम्वन्धमा समेत एकिन हुन सकिएन । विगतमा ठुलो लगानिमा निर्माण गरिएको नाला डिस्मेन्टलिङ्ग गर्दा राज्यलाई नोक्सानी समेत भएको देखिन्छ । उक्त नाला डिस्मेन्टलिङ्ग गर्दा निस्कने ढुङ्गाको उपयोग हुने नहुने सम्वन्धमा समेत प्राविधिक अध्ययन भएको देखिएन । पालिकाले उल्लेखित पक्षहरुलाई मध्यनजर गर्दै निर्माण कार्य गर्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

६४.३ **निर्माण कार्यको विमा-** उर्लावारी नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७९ को नियम १२१ मा खरिद सम्झौतामा अन्यथा उल्लेख भएको वाहेक १० लाख भन्दा वढि निर्माण कार्य गराउदा अनिवार्य विमा गराउनुपर्ने उल्लेख छ। उल्लेखित निर्माण कार्यको सम्झौतामा विमा सम्वन्धि प्रावधान स्पष्ट तय गरेको देखिएन। तथापी निर्माण कार्यको विओक्युको सिन १ मा contractor all risk insurance premium लमसम समावेश गरी निर्माण व्यवसायिले रु २० लाख कवोल गरेको देखिन्छ । निर्माण व्यवसायिले नियमावलीमा व्यवस्था भए वमोजिम निर्माण कार्य, मेशिनरी औजार, कर्मचारी तथा कामदार लगतयको विमा गरेको देखिएन। निर्माण व्यवसायीले सम्झौता गर्दानै अनिवार्य पेश गर्नुपर्ने विमा हालसम्म नगरेको तथा पेश भएको विमा व्यवसायिक दायित्वको मात्र रहेको देखिएकाले सम्झौता तथा प्रचलित कानुन वमोजिम निर्माण कार्यको विमा गर्नु गराउनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

६४.४ **कार्य प्रगति**- सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ बमोजिम सार्वजनिक निकायले खरिद सम्झौता बमोजिम तोकिएको समयमा कार्य सम्पन्न गर्नुपर्ने व्यवस्था छ। निर्माण व्यवसायि सँग भएको सम्झौता वमोजिम उक्त निर्माण कार्य २०८१।११।२० मा सम्पन्न गर्नुपर्ने देखिन्छ। निर्माण व्यवसायिले लेखापरीक्षण अवधिसम्म करिव ३५ प्रतिशत भन्दा वढि समयावधि समाप्त भैसक्दा समेत निर्माण कार्य गरी विल पेश गरेको छैन। निर्माण कार्य ३५ प्रतिशत अवधि समाप्त व्यतित भैसक्दा ६.३६ प्रतिशत वित्तीय प्रगति तथा शुन्य प्रतिशत भौतिक प्रगति भएको देखिन्छ। निर्माण व्यवसायिले सम्झौताका वखत पेश गरेको

निर्माण कार्यतालिका वमोजिम निर्माण कार्य नगर्दा समेत कार्यालयवाट कुनै पत्राचार समेत भएको देखिदैन। भुक्तानीका लागि वजेटको व्यवस्थापन गरी सम्झौताको अवधिमा निर्माण कार्य सम्पन्न गर्ने गराउने तर्फ पालिकाको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६४.५ **मोविलाइजेशन पेश्कीको प्रयोगः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ वमोजिम निर्माण व्यवसायिलाई सार्वजनिक खरिद ऐनको दफा ५२क को अधिनमा रही खरिद सम्झौतामा व्यवस्था भए वमोजिम पेश्की दिनसक्ने व्यवस्था छ साथै यस नियम वमोजिम दिएको पेश्की रकम जम्मा भएको वैङ्क खाता र खर्चको प्रयोजन खुल्ने मासिक विवरण निर्माण व्यवसायिले सार्वजनिक निकायलाई नियमित रुपमा उपलब्ध गराउनुपर्ने व्यवस्था छ। पालिकाले सम्झौतामा पार्टिकुलर कन्डिसन अफ कन्ट्रक्टको वुँदा नं १४.२ मा उल्लेखित व्यवस्था अनुसार सम्झौता भए पश्चात ७.५ प्रतिशत पहिलो किस्ता मोविलाईजेशन पेश्की उपलब्ध व्यवस्था गरी यो बर्ष रु.२,२९,८५,३६७.०० पेश्की उपलब्ध गराएको देखियो। सो मोविलाईजेशन पेश्कीको प्रयोगका सम्वन्धमा निर्माण व्यवसायिले वैङ्कको विवरण तथा खर्चको हिसाव पेश गरेको छैन। सम्झौताको शर्त र कानुनमा भएको व्यवस्था बमोजिम उल्लेखित निर्माण कार्यका लागि मोविलाइजेशन पेश्कीको प्रयोगको सुनिश्चितता गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६४.६ **स्थलगत अनुगमनः** निर्माण कार्यस्थलको स्थलगत अनुगमन गर्दा हाल निर्माण व्यवसायि साइटमा मोविलाइज भएतापनी निर्माण स्थलमा पर्याप्त निर्माण सामाग्रि समेत रहेको देखिदैन। हालसम्म उक्त सडकको टोपोग्राफिक सर्भे , सयुक्त सर्भे तथा सडको सेन्टर लाईन मार्किङ्ग लगायतको कार्य र विगत बर्षको ड्रेन डिस्मेन्टलिङ्गको कार्य शूरु भएको अवस्था छ। निर्माण व्यवसायिले हाल सम्म विओक्युको आइटम नं ३ ल्याव स्थापना , आइटम नं ६ रुटिन मेन्टेनेन्स , आइटम नं ७ फोटोग्राफ लगायतको कार्य मासिक दरले समावेश गरेकोले लेखापरीक्षण अवधि सम्म उक्त कुनैपनी कार्य नभएकाले सो अवधिमा उक्त आइटमको भुक्तानी नहुने व्यवस्था गर्नुपर्ने देखिन्छ। निर्माण कार्यमा आएका उल्लेखित समस्याहरुलाई समाधान गर्दै सम्झौता वमोजिम निर्माण कार्य सम्पन्न गर्नु पर्दछ । निर्माणको हालको अवस्था देहाय अनुसार रहेको छ।



सैद्धान्तिक बेरुजु

६५ **घरेलु कपडा ढाका उत्पादन कार्यक्रम** - संघ सरकारको विशेष अनुदान अन्तरगत नगरपालिका क्षेत्रमा घरेलु कपडा ढाका उत्पादन तालिम संचालनका लागि यो बर्प रु ५० लाख वजेट विनियोजन गरेको देखिन्छ ।उल्लेखित वजेट मध्ये ६ महिने घरेलु कपडा ढाका तालिम संचालन, पुर्नताजकी तालीम, बजारीकरण तालीम, कोशेली घर व्यवस्थापन लगायतका कार्यक्रम संचालनका लागि वजेट विभाजन गरेको देखिन्छ। उल्लेखि विशेष अनुदान वाट प्राप्त रकम देहाय वमोजिमका कार्य गरी रु ३९६८२८८ खर्च गरेको देखिन्छ ।लेखापरीक्षणको क्रममा उल्लेखित तालिम कार्यक्रमको कागजात परीक्षण गर्दा स्विकृत कार्यक्रम अनुसार दोस्रो चौमासिकमा संचालन गर्नुपर्ने कार्यक्रमहरु तेस्रो चौमासिकमा मात्र संचालन गरेको, ६ महिना प्रदान गर्नुपर्ने ढाका तालीम ४।५ महिना मात्र संचालन गरेको, तालिम संचालनका लागि आवश्यक तान ४५ थान खरिद गर्दा रु ११८९६०८ भुक्तानी गरेकोमा सोझै खरिद गरेको, कोशेली घर व्यवस्थापनका लागि ७३२६९२ को फर्निचर खरिद गरी हस्तानतरण गरेकोमा कोशेली घर संचालन कार्यविधि अनुसार नाफा हिसाव गरी १० प्रतिशत रकम प्राप्त गरेको देखिदैन। खरिद गरिएका तान मध्ये ३७ थान मात्र वितरण गरी रु१,६८,५०० मुल्यका तान मौज्दातमानै राखेको, स्विकृत भएको वजारीकरण सम्वन्धि तालिम संचालन नगरेको, टेवा पूँजि प्रदान गर्दा सम्झौता नगरि २० जनालाई रु१,००,००० भुक्तानी गरेको देखियो। पालिकाले तालिममा सहभागिको स्वरोजगारीको अवस्था, प्रदान गरिएका तालिमको समग्र उपलब्धि तथा अनुदानमा उपलब्ध गराइएका सामाग्रिको उचित प्रयोगको अवस्थाको एकिन गरेको छैन ।साथै सिकाइको क्रममा उत्पादन भएका सामाग्रि वितरण नगरी मौज्दातमानै राखेको देखिएकाले प्रचलित कानुन तथा कार्यविधिमा भएका सवै व्यवस्थाको पालना गरी कार्यक्रम संचालन गर्ने र सघन अनुगमन मुल्याङ्कन मार्फत कार्यक्रमको प्रभावकारीता मुल्याङ्कन गर्नुपर्ने देखिन्छ ।

| | **कार्यक्रमहरु** | **परिमाण** | **बार्षिक लक्ष्य** | | **सम्पन्नको अवस्था** | |
|---|---|---|---|---|---|---|
| | | | **परिमाण** | **बजेट (हजारमा)** | **परिमाण** | **खर्च** |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १. | घरेलु कपडा(ढाका) तालिम तान, सहित ४० जना लाई ६ महिना | जना | ४० | २९,३०,०००। | | |
| क. | तालिम संचालन | जना | | | ४० | ११,२९,२४०। |
| ख. | तान खरिद | थान | ३५ | | | ९,७९,१४५। |
| ग. | ड्रम खरिद | थान | २ | | | |
| घ. | तान खरिद | yfg | १० | | १० | २,१०,४६३। |
| ङ. | तालिम सामाग्री खरिद | | | | | १,१६,७४८। |
| २. | पुराना ३० जनालाइ २ महिने पुन ताजगी संचालन (६५ दिने स्तर उननती तालिम २० जनालाई) | जना | ३० | ३,००,०००। | २० | ३,००,०००। |
| ३. | ब्यायसाय निरन्तरता दिने बिपन्न सहभागीहरुलाई टेवा पुजीको ब्यवस्था | जना | २० | १,००,०००। | २० | १,००,०००। |
| ४. | बजारीकरण तालिम ७ दिने कार्यक्रम र बजार अबलोकन | पटक | १ | ५,००,०००। | | |
| ५. | लेखा ब्यावस्थापन पुन ताजगी तालिम | जना | २० | २,००,०००। | २५ | २,००,०००। |
| ६. | उधमशिलता बिकास तालिम | पटक | १ | २,००,०००। | ४० | २,००,०००। |
| ७. | कोशेली घर ब्यावस्थापन | पटक | ३ | ७,७०,०००। | १ | ७,३२,६९२। |

सैद्धान्तिक बेरुजु

६६ **बस खरिद अनुदान** - ३७५,२०८०/०३/०७ स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११(ज) मा आधारभुत तथा माध्यमिक शिक्षा स्थानिय तहको अधिकार हुने उल्लेख छ। साथै नेपालको संविधान २०७२ को अनुसूची ६ मा उच्च शिक्षा सम्बन्धि अधिकार प्रदेश सरकारको हुने उल्लेख छ। अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ। पालिका यो बर्ष नेपाल सरकारवाट प्राप्त वित्तिय समानिकरण अनुदानवाट बार्षिक वजेट तथा कार्यक्रममा समावेश गरी उर्लावारी वहुमुखी क्याम्पसको लागि बस खरिद शिर्षकमा रु.३० लाख वजेट विनियोजन गरी बस

खरिद अनुदानको रुपमा एकमुष्ठ रु.३०,००,००० क्याम्पसलाई प्रदान गरेको देखियो । यसरी विकास निर्माणका कार्यमा खर्चगर्नेगरी प्राप्त भएको अनुदान रकम सवारी साधन खरिदका लागि अनुदान प्रदान गरेको नियम सम्मत नदेखिएको रु.३०,००,०००

| | |
|---|---|
| अनियमित भएको | ३०,००,००० |

६७ **नामनामेसी नखुलेको धरौटी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७को नियम ६८(घ) अनुसार कस्ले के वापत धरौटी राखेको हो भन्ने कुरा स्पष्ट नभई बैंक खातामा मौज्दात रहेको रकम कार्यालयले राजश्व खातामा आम्दानी बाध्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले पेश गरेको आ.व ०७९।०८० को धरौटीको व्यक्तिगत विबरण अनुसार सिन २७७मा यो बर्षको अन्त्य सम्म कुल रु ४७,६८,३५४।०० रकमको नामनामेसी नखुलेको धरौटी मौज्दात रहेको देखियो। सो मध्ये विगतका बर्षहरुमा समेत यस्तो नामनामेसी नखुलेको धरौटी रकम सदरस्या गर्ने व्यहोला लेखापरीक्षणमा उल्लेख भएकोमा स्थिति यथावत रहेको देखियो। उक्त नामनामेसी नखुलेको रकम मध्ये यो बर्ष समेत नामनामेसी नखुलेको खातामा रु १०,९७,६६७।३२ थप भएको देखिएकाले नियममा भएको व्यवस्था वमोजिम कार्यालयले राजश्व आम्दानी बाँधेको नदेखिएकोले उक्त रकम राजश्व आम्दानी बाँधी सोको प्रमाण पेश हुनु पर्ने रु.१०,९७,६६७।३२

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १०,९७,६६७.३२ |

६८ **सोझै खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सीमित नहुने गरी खरिद गर्नुपर्ने र नियमावली, २०६४ को नियम ८४ मा रू. १० लाख देखि रू.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा बढीको खरिद कार्य बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ । यो वर्ष पालिकाले एकै प्रकृतिको निम्नानुसारका कार्यको लागि प्रतिस्पर्धा गराई खरिद गर्नुपर्नेमा विभिन्न आपुर्तकवाट पटक पटक गरी सोझै खरिद गरेको देखियो ।यसरी प्रचलित कानुन विपरीत सोझै खरिद गरी भुक्तानी दिएको मनासिव देखिएन । यस्तो पद्धतिको अन्त्यगरी प्रतिस्पर्धात्मक तवरवाट खरिद गर्नेतर्फ पालिकाको ध्यान जानुपर्दछ ।

| सिन | मिति | भौचर न | आपुर्तकको विवरण | खरिद विवरण | रकम |
|---|---|---|---|---|---|
| १ | ०६/०५/२०७९ | १२ | सोलुसन कम्प्युटर सप्लायर्स समेत | मेशिनरि औजार | ४,३८,२२१.०० |
| २ | २०७९/०६/३१ | २८ | टेक्नो कमर्सियल इम्पेक्स | मेशिनरी सामान खरिद | ६,०९,०७०.०० |
| ३ | ०७/२१/२०७९ | ४१ | न्यू अनलाइन कम्पयूटर | इन्भटर खरिद | ९९,५००.०० |
| ४ | ०९/०७/२०७९ | ७२ | एलिना इन्फोटेक प्रा.लि. | ल्यापटप खरिद | ५,१८,१०५.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | ०९/०७/२०७९ | ७३ | मन्त्र इन्कर्पोरेशन प्रा. लि. | प्रिन्टरखरिद | ३,१०,७५०.०० |
| ६ | ०९/१९/२०७९ | ७६ | श्री सिद्धि बिनायक सप्लायर्स | प्राेजेक्टर खरिद | ८४,७५०.०० |
| ७ | ०९/२४/२०७९ | ८० | हार्दिक इन्टरप्राईजेज | फोटोकपि मेसिन खरिद - | ३,५९,९९९.०० |
| ८ | ११/१४/२०७९ | १३९ | एस.वि.टेक | मेशिनरी औजार खरिद - | ७,२०,९९९.०० |
| ९ | ११/३०/२०७९ | १६८ | श्री सिद्धि बिनायक सप्लायर्स | फोटोकपि मेसिन खरिद | ६,९९,९९९.०० |
| १४ | ०१/१४/२०८० | २४० | एलिना इन्फोटेक प्रा.लि. | ल्यापटप खरिद | ४,०६,२३५.०० |
| १५ | ०१/१९/२०८० | २५१ | मंगलम इन्टरप्राईजेज | ल्यापटप खरिद | ४,०६,३९४.०० |
| **जम्मा** | | | | | ४६५४०२२।०० |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

६९ **प्रदेश समपुरक** - कोशी प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयले जारी गरेको प्रदेश समपुरक अनुदान सम्वन्धि कार्यविधि २०७५ को बुँदा नं ४(२)मा छनौट भएका आयोजनामा प्रदेशले बढिमा ६५ प्रतिशत लागत साझेदारी स्थानीय तहको उल्लेख हुने व्यवस्था छ। नगरपालिकालाई उर्लावारी ४ स्थित भानु मार्गको मलामी चौतारा देखी वडा नं ८ जोड्ने सडक कालोपत्रे गर्ने कार्यकाल लागि समपुरक अनुदान वापत रु.१ करोड वजेट प्राप्त भएकोमा सो सडक निर्माण गरी कुल रु.६८,३०,६११।६१ बजेट खर्च गरको देखिन्छ । पालिकाले कार्यविधि अनुसार पालिकाको स्रोतवाट खर्च गर्नुपर्ने ३५ प्रतिशतले हुने रकम रु २३,९०,७१४।०६ नगरपालिकाको स्रोतवाट भुक्तानी गर्नुपर्नेमा रु६,५८,२९० मात्र भुक्तानी गरेकोले पालिका स्रोतवाट भुक्तानी गर्नुपर्ने रु.१७,३२,४२४।०६ समेत प्रदेश समपुरक अनुदानवाट खर्च लेखेकोले स्रोत मिलान गरी प्रदेश संचितकोष दाखिला गर्नुपर्ने देखिएको रु. १७,३२,४२४.०६

| | |
|---|---|
| असुल गर्नुपर्ने | १७,३२,४२४.०६ |

७० **शैक्षिक गुणस्तर अभिवृद्धि अनुदान** - प्रदेश सरकारको सशर्त अनुदानतर्फ विशेष स्रोतकक्षा संचालित विद्यालयहरुको शैक्षिक गुणस्तर अभिवृद्धि तथा क्षमता विकासका लागि वद्यार्थि संख्या र प्रस्तावका आधारमा अनुदान भुक्तानी गर्ने कार्यक्रमका लागि रु १५०००० वजेट प्राप्त भएकोमा नगरपालिकाले सुनपकुवा माविलाई सम्झौता गरी २०८०।३।२१ देखी २०८०।३।३० सम्म कार्यक्रम सम्पन्न गर्नेगरी सम्झौता गरी अनुदान भुक्तानी गरेको छ। विद्यालयले उक्त अनुदान रकमवाट प्रस्तावित कार्यक्रम संचालन भए

नभएको सम्वन्धमा नगरपालिकावाट अनुगमन नभएको तथा विद्यालयले समेत प्रगति प्रतिवेदन तयार गरेको देखिएन । उल्लेखित अनुदानको अनुगमन गरी प्रतिवेदन तयार गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

७१ **खानेपानी पाइप खरिद** - पालिकाले यो बर्ष खानेपानी पाइप खरिदका लागि रु २५ लाख वजेट विनियोजन गरी रु २४३७२२२.४२ (मुअकर समेत) को लागत अनुमान तयार गरी ७५ र ९० एमएमको पिन १० पाइप ४४६९ मिटर खरिदका लागि आपुर्तक जय श्री प्लास्टिक इन्डस्ट्रिज प्रालीसँग सँग रु.२४१८९७५.८४ (मुअकर सहित )सम्झौता गरी भुक्तानी गरेको देखिन्छ । यस सम्वन्धमा देखिएका व्यहोराहरु देहाय वमोजिम रहेका छन् ।

७१.१ **लागत अनुमान-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सार्वजनिक निकायले मालसमानको लागत अनुमान तयार गर्दा दफा ९ मा उल्लेख भएको व्यवस्थाका साथै सम्वन्धित सार्वजनिक निकाय वा जिल्लास्थित अन्य सार्वजनिक निकायले चालु वा अघिल्ला वर्षमा सोही प्रकृतिको खरिद गर्दा लागेको लागत, स्थानीय वजारको प्रचलित दरभाउ, अन्य वजारको दरभाउ र आपुर्ति गर्न लाग्ने अनुमानित ढुवानी खर्च, उद्योग वाणिज्य संघले जारी गरेको दररेट समेतलाई आधार लिई लागत अनुमान गर्नुपर्ने उल्लेख छ। नगरपालिकाले पाइप खरिद कार्यका लागि स्पेशिफिकेशन तयार गरेकोमा सोको लागत अनुमान गर्दा उल्लेखित सवै व्यवस्था समावेश नगरी जिल्ला दररेटलाई नै लागत अनुमानमा कायम गरी रु २४३७२२२।४२ (मुअकर समेत) को लागत अनुमान तयार गरेको देखियो। कानूनमा भएको सवै व्यवस्थाको पालना गरी लागत अनुमान तयार गरी खरिद गर्ने तर्फ पालिकाको ध्यान जानु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

७१.२ **खरिद विधि-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ मा सार्वजनिक निकायले स्वीकृत कार्यक्रम र खरिद योजना अनुसार बीस लाख रूपैयाँसम्म लागत अनुमान भएको मालसामान, निर्माण कार्य वा जुनसुकै सेवा ऐनको दफा ४० बमोजिम सिलबन्दी दरभाउपत्र आह्वान गरी खरिद गर्न सक्न व्यवस्था छ। नगरपालिकाले पाइप खरिदका लागि २४३७२२२।४२ (मुअकर समेत) को लागत अनुमान तयार गरी १५ दिनको सुचना मार्फत सिलवन्दी दरभाउपत्रको माध्यमवाट ७५ र ९० एमएमको पिन १० पाइप ४४६९ मिटर खरिदका लागि आपुर्तक जय श्री प्लास्टिक इन्डस्ट्रिज प्रालीसँग सँग रु.२४१८९७५।८४ (मुअकर सहित) भुक्तानी गरेको देखिन्छ। पालिकाले ११५ वमोजिम खरिद भएका मालसामान प्राविधिक जनशक्तीवाट निरीक्षण तथा परीक्षण गराई स्विकार गर्नुपर्नेमा सो प्रतिवेदन समेत तयार गरेको छैन । खरिद पश्चात उक्त पाइप उर्लावारी खानेपानी तथा सरसफाई उपभोक्ता संस्थालाई हस्तानतरण गरेको देखियो। यसरी २० लाख भन्दा वढि लागत अनुमान भएको मालसामान समेत सिलवन्दी दरभाउपत्रका माध्यमवाट खरिद गरेको निमयसम्मत नदेखिएको रु.२४,१८,९७५.८४

| अनियमित भएको | २४,१८,९७५.८४ |
|---|---|

७२ **पूँजीगत बजेटमा चालु प्रकृतिका खर्च** - पूँजी सृजना नहुने खालका वितरणमूखी खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ। यस स्थानीय तहले नमुना छनौटका आधारमा परीक्षण गर्दा देहाय अनुसारका पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई पूँजीगत शीर्षकबाट रु.१९३१३१२ भुक्तानी दिएको पाईयो । पुँजिगत शिर्षकवाट चालु प्रकृतिका कार्यमा भुक्तानी भएको नियम सम्मत नदेखिएको रु

| **क सं** | **भुक्तानी पाउने संस्थाको नाम** | **प्रयोजन** | **रकम** |
|---|---|---|---|
| ५ २०७९।५।२३ | नेपाल विधुत प्राधिकरण | सडकवत्ति विद्युत महसुल भुक्तानी | ४००१३१ |
| १० २०७९।६।४ | नेपाल विधुत प्राधिकरण | सडकवत्ति विद्युत महसुल भुक्तानी | ५९६६० |
| २५ २०७९।६।१३ | उत्तम थापा | सडकवत्ति मर्मत ज्याला भुक्तानी | ७५९१५ |
| ५३ २०७९।८।२० | नेपाल विधुत प्राधिकरण | सडकवत्ति विद्युत महसुल भुक्तानी | ४१७८० |
| ७५ २०७९।९।१४ | उत्तम थापा | सडकवत्ति मर्मत ज्याला भुक्तानी | ६२१३५ |
| १५८, २०७९।११।२२ | हार्दिक इन्टरप्राइजेज | डस्टविन खरिद | ९९४४० |
| १९२ २०७९।१२।१३ | सडक वत्ति उपभोक्ता समिति | विद्युत महसुल भुक्तानी | ८०२०२ |
| २०३ २०७९।१२।२२ | सडक वत्ति उपभोक्ता समिति | विद्युत महसुल भुक्तानी | १०८९३५ |
| ३२५, २०८०।२।२५ | एन एच स्टोर्स | उर्लावरी क्याम्पस व्याचलर लेभल पुस्तक खरिद | २४२३७९ |
| ४५१ २०८०।३।२१ | यज्ञराज मेडिसिन सप्लायर्स | सर्पदंश कार्यक्रम औषधि खरिद | ४१६९९२ |
| ४८३ २०८०।३।२२ | जनचेतना नेपाल | अभिमुखीकरण कार्यक्रम | ११२८२० |

| | | | |
|---|---|---|---|
| ४८७ २०८०।३।२४ | विभिन्न समिति | सडक वत्ति महसुल | ९०९२३ |
| ३८५ २०८०३।१० | श्री वहादुर वावा चौधरी आवी | पुस्तक खरिद | १४०००० |
| | | अनियमित भएको | १९,३१,३१२ |

७३ **रितपूर्बकको कर बिजक** - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाले यो बर्ष रित पूर्कको कर वीजक बेगर देहायका सप्लायर्स तथा निर्माण व्यसायीबाट मु.अ.कर रु.१,१८,७५९ समेत भुक्तानी गरी सामान तथा निर्माण सेवा खरिद गरेको छ । तसर्थ उक्त सप्लायर्स तथा निर्माण व्यवसासयिले रितपूर्वकको कर बिजक वेगर भुक्तानी लिएको मू.अ.कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रु. १,१८,७५९

| गोभौनं./मिति | भुक्तानी पाउनेको नाम | कर विजकको अवस्था | भुक्तानी रकम | ७० प्रतिशत मुअकर कर रकम |
|---|---|---|---|---|
| ८७, २०७९।१०।०६ | शान्ति निर्माण सेवा | विजक नं २०९ लाइ केरमेट गरी ९ वनाएको मिति केरमेट गरेको | ८१९३०५ | ७३१०६ |
| १८४,२०७९।११।०८ | पुरुषोत्तम कन्सट्रक्सन | विजक नं नभएको विजक जारी गरेको | ५०५६८२ | ४५६५३ |
| **जम्मा** | | | **१३२४९८७** | **११८७५९** |
| | | प्रमाण पेश नगरेको | | १,१८,७५९ |

७४ **कृषि उपकरण खरिद तथा वितरण** - उर्लावारी नगरपालिकाको कृषि तथा पशुसेवा कार्यक्रम संचालन तथा वितरण कार्यविधि, २०७९ वमोजिम कार्यक्रम संचालन गर्दा प्रस्तावका लागि सार्वजनिक सुचना प्रकाशन गर्ने, कार्यविधिमा भएको व्यवस्था वमोजिम कृषि व्यवसाय प्रवद्धन समितिले छनौट गर्ने, कृषि औजारको हकमा नगर समितले फिल्ड अनुगमनका आधारमा छनौट गर्ने उल्लेख छ । नगरपालिकाले यो बर्ष कृषि प्रवर्द्धनका लागि देहाय वमोजिमका कृषि औजार खरिद गरी विभिन्न कृषक समुह तथा कृषकलाई वितरण गरेको देखियो ।

| आपुर्तक | खरिद विवरण | परिमाण | भुक्तानी रकम |
|---|---|---|---|
| सफाइर इन्टरप्राइजेज | २ एच पी सिंचाई मोटर | १४२ वटा | ४९,८४,३८८ |

| | | | |
|---|---|---|---|
| कुवेर एण्ड सन्स ट्रेड प्राली | पावर टिलर खरिद | ५वटा | ११,१९,५०० |
| पुर्वाञ्चल एग्रो सेल्स | प्रोपेड रिपर खरिद | ६वटा | ९,१३,७९४ |

नगरपालिकाले उल्लेखित सामानको आपुर्ति वोलपत्रको माध्यमवाट गरेतापनी सामानको लागत अनुमान गर्दा सार्वजनिक खरिद नियमावलीको नियम ९ वमोजिम प्रकृया पुरा नगरी जिल्ला दरलाई मात्र आधार लिएको, आपुर्ति पश्चात् स्विकृत प्राविधिक कर्मचारीबाट जाँचबुझ गाराई निरिक्षण वा परीक्षण प्रतिवेदन तयार नगरेको, कृषक छनौटको स्पष्ट आधार लेखापरीक्षमा पेश नभएको, सिचाई पम्म जडान कार्यक कृषकले आफै गर्ने भनिएकोमा जडान गरेको प्राविधिक प्रतिवेदन तयार देखिएन । तसर्थ सामान खरिद गर्दा प्रचलित कानुनमा भएका व्यवस्थाको पालना गर्ने साथै कार्यविधिमा भएको सवै व्यवस्थाको पालना गरी कृषि ओजार वितरण गर्ने र सघन अनुगमन मार्फत दिगो उपयोग गर्ने गराउने तर्फ पालिकाको ध्यान जानुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

७५ **पुर्वनिर्धारित क्षतिपुर्ति -**

**✂ ...........प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०८०।१२।२० को निर्णयबाट रु.८२०३२३।-सम्परीक्षण गरिएको ।**

७६ **ट्याक कोट** - सडक विभागवाट स्वीकृत भएको सडक निर्माणको स्पेसिफिकेसन, २०७३ संशोधन समेत को SECTION १३०० – BITUMINOUS SURFACE AND BASE COURSE को पृष्ठ २१५ मा ट्याक कोट प्रति वर्ग मिटर औसत ०.४ देखि ०.६ लिटरसम्म हुने उल्लेख छ। पालिकाले यो बर्ष ठेक्का नं ०५ २०७९।८० मार्फत वडा नं ७ का विभिन्न सडक कालोपत्रे कार्य गरी कुल रु ४७९७८५८ भुक्तानी गरेकोमा ट्याक कोट स्पेसिफिकेसन तथा अन्य योजना ०.५ लिटर प्रतिवर्गमिटरका दरले मुल्याङ्कन गर्नुपर्नेमा कुल २२६३।९८ वर्गमिटरमा ११३१।९९ लिटर मात्र मुल्याङ्कन गर्नुपर्नेमा १५५९।३२ लिटर ट्याककोट मुल्याङ्कन गरेकोले औषत भन्दा बढी हुने गरी ४२७।३३ लिटरको थप भुक्तानी दिएको देखियो। पालिकाले प्रति लिटर १४६।९० का दरले भुक्तानी दिएको परिमाणले हुने रु.६२७७४।७७ असुल गर्नु पर्ने रु.६२,७७४।७७

| असुल गर्नुपर्ने | ६२,७७४.६७ |
|---|---|

७७ **सुनझोडा ट्रस व्रिज निर्माण** - नगरपालिका अन्तरगत सुनझोडा ट्रसव्रिज नर्माणका लागि संघिय शसर्त अनुदान पुँजिगत तर्फ यो बर्ष रु २६ लाख वजेट विनियोन भएकोमा उक्त पुल निर्माणका लागि उपभोक्ता समिति सँग रु ४७५९१६२।०० को सम्झौता भएको देखिन्छ। उक्त पुल निर्माण गरि यो बर्ष रु ११६००५२

समेत गरि हालसम्म रु २६५०६७५।०० वजेट खर्च भएको देखिन्छ । तत् पश्चात् उपभोक्ता समितिवाट थप निर्माणको कार्य नभै निर्माण कार्य अधुरोनै रहेको देखिन्छ। उक्त पुल निर्माणका लागि यो बर्ष वजेट विनियोजन समेत भएको नदेखिएकोले पुल निर्माणको सुनिश्चितताका लागि पालिकाको ध्यान जानुपर्दछ।

सैद्धान्तिक बेरुजु

७८ **वढि भुक्तानी** - सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ मा प्राविधिक नाप जाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाले यो बर्ष वषिष्ठ मार्ग सडक स्तरोन्नतीको कार्य निर्माण व्यवसायी श्री पुरुषोत्तम कन्सट्रक्सनवाट गरी मुअकर समेत रु.६,५७,३८६।०८ भुक्तानी गरेको देखिन्छ। उक्त निर्माण कार्यको विओक्युमा समावेश भएका देहाय वमोजिमका आइटममा river bed material को दररेट जिल्ला दररेटमा रु ४५० मात्र रहेकोमा स्थानीय दररेट रु ७०० तय गरेको आधारमा लागत अनुमान र सोही दरकै आधारमा भुक्तानी समेत भएको देखिएकोले थप व्ययभार पर्न गएको रु.११७७४०

| **सिन** | **आइटमको विवरण** | **मुल्याङ्कन परिमाण** | **प्रतिघनमिटर वढि दर** | **प्रतिघनमिटरको लागि लाग्ने परिमाणको दर** | **व्ययभार रकम** |
|---|---|---|---|---|---|
| १ | Providing and laying subbase gravel compacting by mechanical meand | २८६.७४ | २८२.५० | १.२८ | १०४१५५ |
| २ | Providing and laying subbase loosevgravel by mechanical meand | ४४.५५ | २८२.५० | १ | १२५८५ |
| **जम्मा** | | | | | **११७७४०** |

| अनियमित भएको | १,१७,७४० |
|---|---|

७९ **वढि दरमा भुक्तानी** - सडक विभागले सडक तथा पुल निर्माण सम्बन्धि कार्यको लागि लागू गरेको नर्म्स यस पालिकाले सडक निर्माण कार्यमा प्रयोग गरी लागत अनुमान बनाएको देखिन्छ। नगरपालिकाले सडक ग्राभेल गर्ने कार्यको लागि लागत अनुमान तयार गर्दा सडक विभागको नर्म्स नं १२.०१ प्रयोग गरेकोमा सो नर्म्समा स्थानीय सडकमा प्रयोग हुने रिभर वेड मेटेरियलको जिल्ला दर रु ४५० मात्र समावेश गर्नुपर्नेमा ६३ एमएम डाउन ग्राभेलको मुल्य रु ८०० र सोको मुअकर समेत रु ९०४ समावेश गरी Providing and laying RBM gravel compacting by mechanical means को प्रतिघनमिटर रु १४५६।४१ का दरले मुल्याङ्कन गरेको देखिन्छ । उक्त नर्म्समा RBM gravel को आर्थिक वर्ष २०७८।७९ को मुल्य रु ४५० र सोको मुअकर समेत रु ५०८।५० समावेश गर्दा उक्त आइटमको प्रतिघनमिटर रु ९५०।१७ मात्र हुने भएकाले गत बर्षको योजना तथा स्थानीय दररेट वृद्धि हुनुपुर्व

सम्झौता भएका देहाय वमोजिमका योजनामा वढि दरले मुल्याङ्कन गरी भुक्तानी भएको रु११४५२८१.९९ असुल गर्नुपर्ने देखिएको रु. ११,४५,२८१.९९

| गोभौ नंमिति | आयोजनाको नाम | मुल्याङ्कन | कुल भुक्तानी | ग्राभेलको परिमाण | फरक दर | वढि मुल्याङ्कन | उपभोक्ताको अंश वाहेकवढि भुक्तानी |
|---|---|---|---|---|---|---|---|
| १२८ २०७९।११।८ | कुलझौडा कृषि सडक दोकानी प्रधानको घर ग्राभेल कार्य | ६९४१२१ | ४७८६३४ | ४१५.८ | ५०६.२४ | २१०४९४.५९ | १४५१४७.४१ |
| १२९ २०७९।११।१० | ज्योती मार्ग सडक ग्राभेल | ६९९०४२ | ४७९१५६ | ४०८.७५ | ५०६.२४ | २०६९२५.६० | १४१८३६.४६ |
| १३० २०७९।११।१० | सृजना सामुदायिक देवीझोडा झर्नेवाटो ग्राभेल | ६९४२४९ | ४७९१७३ | ४०५.९३ | ५०६.२४ | २०५४९८.०० | १४१८३५.४१ |
| १३३ २०७९।११।११ | सगुन मार्ग हुँदै नमुनाटोल ग्राभेल | ६९३५२३ | ४७९१९४ | ४१५.४४ | ५०६.२४ | २१०३१२.३५ | १४५३१६.६१ |
| १४० २०७९।११।१५ | पुर्वेली मार्ग ग्राभेल | ६२७११० | ४१२८२३ | ४२५.८८ | ५०६.२४ | २१५५९७.४९ | १४१९२६.६२ |
| १४१ २०७९।११।१५ | विच गंगटे सडक ग्राभेल | ६९४१२१ | ४७९१७६ | ४१५.८ | ५०६.२४ | २१०४९४.५९ | १४५३११.७८ |
| १५९ २०७९।११।२२ | जनजागृती मार्ग ग्राभेल | ६८२४८३ | ४६८१७७ | ४०९.०२ | ५०६.२४ | २०७०६२.२८ | १४२०४२.८० |
| १८७ २०७९।१२।०९ | वयरडाँगीको सडक ग्राभेल | ७३३०५० | ४७९१२४ | ४२८.७५ | ५०६.२४ | २१७०५०.४० | १४१८६४.८९ |
| | | **५५१७६९९** | **३७५५४५७** | **३३२५** | **५०६.२४** | **१६८३४३५.३१** | **११४५२८१.९९** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ११,४५,२८१.९८ |

८० **जिल्ला दररेट भन्दा वढि दररेटमा लागत अनुमान** - स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा १४ मा नगरपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामग्री, ज्याला, भाडा तथा महसुलको स्थानीय न्यूनतम दररेट तोक्नु पर्ने र उक्त दररेट प्रत्येक आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै तोकी सक्नु पर्ने उल्लेख छ । नगरपालिकाले यो बर्षको न्युनतम दररेट निर्धारण गर्दा जिल्ला दररेट निर्धारण समितिले निर्धारण गरेको दरलाई स्विकृत गरेको देखिन्छ । तर आर्थिक वर्षको मध्यमा आएर राजश्व परामर्श समितिको सिफारिस वमोजिम भनि RIVER BED MATERIAL को दर रु ४५० प्रतिघनमिटर वाट रु ७०० प्रतिघनमिटरमा वृद्धि गरेको देखियो । यसरी आर्थिक वर्षको विचमा आएर सामाग्रिको दर वृद्धी गर्ने कानुनी व्यवस्था नरहेकाले दर वृद्धि गरी

योजनाको लागत अनुमान तथा भुक्तानी समेत वृद्धि भएकै दरमा गरेको देखिन्छ । यसरी कानुनी व्यवस्था विपरीत आर्थिक वर्षको विचमा मुल्य वृद्धि गरी भुक्तानी गर्दा देहाय वमोजिमका योजनामा मात्र रु२८,६४,७१३।२२ थप व्ययभार पारेको रु. २८,६४,७१३।२२

| | |
|---|---|
| अनियमित भएको | २८,६४,७१३.२२ |

**(विस्तृत विवरण बेरूजु दफा ८० सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

८१ **अधुरो निर्माण कार्य** - सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ६(३) मा सार्वजनिक निकायले निर्माण स्थलको व्यवस्था नभई, निर्माणस्थलवाट हटाउनुपर्ने रुख विरुवा लगायतका संरचना हटाउने सुनिश्चितता नगराई वोलपत्र आव्हान गर्नु नहुने उल्लेख छ। पालिकाले देहाय वमोजिमको निर्माण कार्य गरि कार्य स्विकार प्रतिवेदन समेत तयार गरेकोमा निर्माण कार्यको भौतिक अवस्था अधुरै रहेको देखिन्छ। समग्र निर्माण कार्यको लागत ठुलो भएतापनी सालवसाली न्युन वजेट विनियोजन गरी ठेक्का स्मझौता गर्ने र सोही वरावरको कार्य स्विकार तयार गर्ने गरो देखिएकाले निर्माण कार्यहरु अधुरै रहेको देखियो । वजेटको सुनिश्चितता गरी थालिएको निर्माण कार्य सम्पन्न गर्ने गराउने तर्फ समेत पालिकाको ध्यान जानुपर्ने देखिन्छ । भौतिक रुपमा अधुरै रहेका केही निर्माण कार्यको उदाहरण देहाय वमोजिम रहेका छन् ।

| क्र.स. | योजनाकोनाम | निर्माणव्यवसायी | संझौतामिति | सम्पन्नमिति | योवर्ष सम्मको खर्च |
|---|---|---|---|---|---|
| १ | संचार क्लव भवन निर्माण | सिद्धादेवी निर्माण तथा सप्लायर्स प्रा.ली | २०८०।२।७ | ३/१५/२०८० | १८२५११३.४९ |
| २ | कभर्ड हल निर्माण | मुक्कुमलुङ बिल्डर्स प्राली | २०८०।२।१७ | ३/१५/२०८० | २९७११३९.४२ |
| ३ | उर्लावारी क्याम्पसको प्रशासनिक भवन निर्माण | सिद्धादेवी निर्माण था सप्लायर्स | २०७९।११।१४ | ३/१४/२०८० | १९३६८२९.७९ |
| ४ | उर्लावारी क्याम्पस भवन निर्माण | सिद्धादेवी निर्माण तथा सप्लायर्स प्राली | २०८०।२।९ | ३/१४/२०८० | २६१४५७६.५८ |
| ५ | लक्ष्मिनारायण पाञ्चायन मन्दिर निर्माण | सिद्धादेवी निर्माण तथा सप्लायर्स प्राली | २०८०।२।९ | ३/१४/२०८० | १२०४४६४.३२ |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | उर्लावारी क्याम्पसको प्रशासनिक तथा शैक्षिक भवन निर्माण | एहर्ष इन्जिनियरिङ्ग | २०७९।११।३० | ३/१५/२०८० | १३३००४२८.७ |
| ७ | वडा नं २ को कम्पाउण्ड वाल निर्माण | गंगा जमुना कन्स्ट्रक्सन प्राली | २०८०।३।१ | ३/१५/२०८० | २२६६८९४.९२ |
| ८ | अरनिको नमुना विद्यालयको प्रयोगशाला भवन | श्री अरनिको मा.वि. | २०७९।१२।२२ | ३/३१/२०८० | ५०००००० |

सैद्धान्तिक बेरुजु

८२ **सेवाप्रवाह** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा स्थानीय तहको एकल काम कर्तव्य र अधिकार २२ वटा, संघ र प्रदेशको सहकार्यमा प्रयोग हुने साझा अधिकार ११ वटा र स्थानीय तहको अन्य काम कर्तव्य र अधिकार २ वटा समेत ३५ कार्य सूचि तोकिएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्त भएको छ ।स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाह मध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सुधार गरी कार्यान्वयन गर्नु पर्ने देखिन्छ ।

| क्र.सं. | विवरण | सेवा प्राप्तिका लागि निवेदन संख्या | सिफारिस संख्या |
|---|---|---|---|
| १ | नागरिकता सिफारिस | ३८१५ | ३८१५ |
| २ | घरबाटो सिफारिस | २९६७ | २९६७ |
| ३ | नाता प्रमाणित | ११६१ | ११६१ |
| ४ | जन्म, मृत्यु ,दर्ता | ४८९२ | ४८९२ |
| ५ | अन्य | ११७७५ | ११७७५ |
| ६ | घर नक्सापास | १८६ | १५४ |

सैद्धान्तिक बेरुजु

८३ **ह्युम पाइप खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१ क) वमोजिम "पच्चीस रुपैयाँसम्मको औषधिजन्य मालसामान वा नेपालमा उत्पादित मालसामान त्यस्तो मालसामानको उत्पादकले राष्ट्रियस्तरको समाचारपत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने उल्लेख छ । नगरपालिकाले यो बर्ष नियमावलीमा भएको सो व्यवस्था अनूरुप देहाय वमोजिमका ह्युम पाइपहरु खरिद गरी रु.३०,००,०००.०० भुक्तानी गरेको छ । तथापी नगरपालिकाले प्रतिस्पर्धात्मक तवरवाट ठेक्का व्यवस्थापन गरेर खरिद गरेको खण्डमा मितव्ययी तवरवाट सामानको खरिद हुने अवस्थालाई पालना गरेको देखिएन। यसरी उत्पादकले समाचारपत्रमा तोकेको दर परीक्षण गर्दा जिल्ला दररेट निर्धारण समितिले निर्धारण गरेकै मुल्य कायम गरेको देखियो । नियमावलीमा भएको व्यवस्थाको पालना गर्दा मितव्ययिताको सिद्धान्तको अवलम्वन गरेर मात्र खरिद गर्नुपर्ने देखिन्छ । साथै खरिद गरेका ह्युमपाइपहरु जडान भएको प्राविधिक प्रतिवेदन समेत तयार नगरेकाले उपयोग देखिने प्राविधिक प्रतिवेदन तयार गर्नुपर्ने देखिएको रु.५१२६६७

| गोश्वारा भौचर मिति | आपुर्तकको विवरण | सामानको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| ४६५ २०८०।३।२१ | संकर सिमेन्ट कंक्रिट प्राली | विभिन्न ३ साइजका३३ थान | ५१२६६७ |
| **जम्मा** | | | **५१२६६७** |

**प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भई पेश भएको आधारमा मिति २०८०।१२। ८ को निर्णयबाट रु. २४८७३३३।-सम्परीक्षण गरिएको ।**

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,१२,६६७ |

८४ **सडक निर्माण सुपरीवेक्षण परामर्श** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा सम्बन्धित सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा वा दातृ पक्षसँग भएको सम्झौता बमोजिम वैदेशिक सहायता स्रोतबाट व्यहोरिने गरी परामर्शदाताबाट सेवा प्राप्त गर्नु पर्ने भएमा सार्वजनिक निकायले कुनै व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट परामर्श सेवा खरिद गर्न सक्ने उल्लेख छ। नगरपालिकाले कृष्णचोक सुनझोडा सडकको ५२७६ मिटर सडक कालोपत्रे गर्ने, सडकको दुवै साइडमा ड्रेन निर्माण, २१ वटा कल्भर्ट निर्माण लगायतका कार्य गर्न सहरी विकास तथा भवन निर्माण विभाग अन्तर्गत विश्व वैङ्कको ऋण सहयोगमा संचालित URBAN GOVERNANCE AND INFRASTRUCTURE IMPROVEMENT

PROJECT व्यवस्थापन तथा निर्माण सुपरिवेक्षण कार्यका लागि परामर्श सेवाको लागि समयमा आधारित परामर्श सेवाका लागि २० डिसेम्वर २०२२ देखी लागुन हुने गरी परामर्शदाता ECOCIDE NEPAL - MULTI-TMS-RAYS-RIMC J/V सँग २४ महिना अवधिका लागि रु२,२८,०९,०५०।००(मुअकर समेत ) भुक्तानी गर्नेगरी सम्झौता भएको देखिन्छ। नगरपालिकाले यो बर्षको अन्त्यसम्म उक्त परामर्शदातालाई रु४२,८२,०९६।५८ (मुअकर समेत) भुक्तानी गरेको छ । यो बर्ष सुपरीवेक्षण गर्नुपर्ने आयोजनाको कुनैपनी काम नभएको अवस्थामा समयमा आधारीत परामर्श सेवा लिएको कारण उक्त योजनाको परामर्श सेवाको लागत वृद्धि हुन जाने देखिन्छ । यस सम्वन्धमा पालिकाले इनपुटका आधारमा भुक्तानी गर्नेगरी परामर्श सेवा लिनुपर्ने देखिन्छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

८५ **आकस्मिक गर्भ निरोधक औषधि - ✂ ...........प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भई पेश भएको आधारमा मिति २०८०।१२।८ को निर्णयबाट रु.३२००००।-सम्परीक्षण गरिएको ।**

८६ **औषधी खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बीस लाख रूपैयाँसम्मको औषधिजन्य मालसामानको उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ। तर पालिकाले सिलवन्दी दरभाउपत्रबाट रु.२९९९५५९ को तथा सोझै खरिदबाट रु २४९१९२४ गरी जम्मा रु. ५४९१४८३ बराबरको औषधिजन्य सामाग्री खरिद गरेको पाइयो। यस सम्वन्धमा अन्य व्यहोरा निम्नानुसार देखिएका छन्

• आपूर्ति हुने औषधी डव्लु.एच.ओ. सटीफाइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधी बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको,

• आपूर्ति भएका औषधी एंवम सर्जिकल प्राप्त भए पछि समान स्टोर दाखिला हुनुअघि स्पेशिफिकेशन अनुसार भए वा नभएको नखुलाएको कारण औषधीको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन । Post Delivery Inspection Report तयार नगरेको,

• औषधीको जिन्सी किताबमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रूपमा आम्दानी बाँधने नगरेको,

• औषधीको खर्च घटाउदा माग फारामको आधारमा घटाउनुपर्ने एकमुष्ट घटाउने गरेको छ।

तसर्थ, औषधीको खरिद, आपूर्ति, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधी प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरीएको औषधीको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको औषधीहरूको जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

८७ **प्रकोप सम्बन्धी सामाग्री खरिद** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम, ३९(१०) मा सरकारी रकम खर्च गर्दन खर्च पुष्टी गर्ने विल भरपाई तथा प्रमाण कागजात पेश गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गारई राख्नु पर्ने व्यवस्था छ। पालिकाले प्रकोप व्यवस्थापन कार्यक्रमको लगि यस आर्थिक वर्ष देहायका सामाग्री खरिद गरी रु. १३९५२२५ खर्च लेखेको पाइयो। खरिद गरीएमा सामाग्रीहरु खर्च नभई पालिकाको भण्डारमा रहेको पाइयो। अतः आगामी दिनमा माग तथा आवश्यकताको आधारमा सामाग्री खरिद गरी खर्चमा मितव्ययिता कायम गर्नु पर्ने तथा खरिद गरीएमा सामाग्री सम्बन्धित कार्यक्रममा खर्च गरी सोको प्रमाण पेश गर्नुपर्ने रु.१३९५२२५

| भौचर नं | खरिद गरीएको फर्मको नाम | सामाग्रीको नाम | परिमाण | रकम |
|---|---|---|---|---|
| ६३-०८०।३।१४ | अविनास जनरल सप्लायर्स | प्लास्टिक बोरा | ४०००० थान | ४००००० |
| ६५-०८०।३।२१ | शाह निर्माण सेवा | ग्याविन तार जालि | २०२ | ९९५२२५ |
| **जम्मा** | | | | **१३९५२२५** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १३,९५,२२५ |

८८ **तलबी प्रतिवेदन** - निजामती सेवा ऐन, २०४९ अनुसार तलब र ग्रेड भुक्तानी गर्दा कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पारित गरी तलब भुक्तानी गर्नुपर्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०७९/८० तलबी प्रतिवेदन कोष तथा लेखा नियन्त्रक कार्यलय मोरङबाट २०८०।०२।२३ मा पारित गरी ५८ जना कर्मचारीहरुलाई रु.४,४३,२३,०९७ तलब खर्च लेखेको पाइयो। नियमानुसार तलबी प्रतिवेदन समयमै पारित गरी कर्मचारीहरुको तलब र ग्रेड खर्च लेख्नु पर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

८९ **अग्रिम कर** - आयकर ऐन, २०५८ को दफा ८७, ८८, ८९ अनुसार भएको कारोबारको भुक्तानी गर्नु पूर्व कर कट्टी गर्नुपर्ने व्यवस्था छ। पालिकाले निम्नानुसारको भुक्तानीमा उपर्युक्त व्यवस्था बमोजिमको कर कट्टा गरेको देखिएन । अतः देहायको सम्बन्धित फर्म तथा व्यक्तिबाट कर बापत लाग्ने रकम असुल गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने देखिएको रु.

| भौ.नं. र मिति | व्यक्ति वा फर्मको नाम र विवरण | अग्रिम कर १.५ प्रतिशत | दाखिला भएको | कम/दाखिला नभएको |
|---|---|---|---|---|
| ३११-०८०।३।१९ | आयुर्वेद शाखाको औषधि खरिदमा कर कट्टी भएको | २४०२ | ० | २४०२ |
| **जम्मा** | | | | २४०२ |

**प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०८०।१२।८ को निर्णयबाट रु. १३२६५।- सम्परीक्षण गरिएको ।**

| असुल गर्नुपर्ने | २,४०२ |
|---|---|

९० **सोझै खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ मा दश लाख रुपैंयासम्मको लागत अनुमान भएको निर्माण कार्य वा मालसामान सोझै खरिद गर्न सकिने सोझै खरिद गर्न नसकिने व्यवस्था छ। पालिकाले एउटै प्रकृतिको मालसामान पटक पटक गरी रु.१० लाख भन्दा कमको लागत अनुमान बनाई सोझै खरिद गरेको देखिन्छ । यस्तो कार्यमा सुधार गरी प्रतिस्पर्धात्मक तवरवाट खरिद गर्ने गराउने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

| **भौचर नं** | **खरिद कार्य** | **फर्मको नाम** | **रकम** |
|---|---|---|---|
| ९१-०७९/१२/२१ | मसलन्द तथा कार्यालय सामाग्री | सबल स्टेसनरी एण्ड सप्लायर्स | ४६२४४१ |
| १८०-०७९/१२/२८ | कार्यालय समाग्री छपाई | सिद्धि विनायक सप्लायर्स | ८८४७३३ |
| १८२-०७९/१२/२८ | कार्यालय समाग्री छपाई | लक्ष्मी माता अपसेट प्रेस | २८२५०० |
| १८३-०७९/१२/२८ | मसलन्द तथा कार्यालय सामाग्री | यसोदा स्टेशनरी एण्ड जनरल सप्लायर्स | ३१०००० |
| २२२-०८०/१/१९ | कार्यालय समाग्री छपाई | न्यू उर्लाबारी सप्लायर्स | ३१०७५० |
| २५४-०८०/३/७ | मसलन्द तथा कार्यालय सामाग्री | न्यू एलिसा इन्टरप्राइजेज | ४९९९९० |
| २८८-०८०/३/१४ | मसलन्द तथा कार्यालय सामाग्री | बजरंगवली सप्लायर्स | २०३८७५ |
| २८९-०८०/३/१४ | मसलन्द तथा कार्यालय सामाग्री | सगरमाथा स्टेसनरी एण्ड जनरल सप्लायर्स | १७९९१९ |
| **जम्मा** | | | **३१३४२०८** |

| सैद्धान्तिक बेरुजु |
|---|

९१ **प्रधानमन्त्री रोजगार कार्यक्रम** - स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरीकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यो कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ। यस कार्यक्रम अन्तर्गत पालिकामा ९ वडामा २६ योजना सञ्चालन गरी यस वर्ष १८७ जनालाई औसत ५०।१६ दिनले ७१६८ दिन रोजगारी उपलव्ध गराई रु ६०७८१६४ श्रमिक ज्याला खर्च गरेको छ। पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएको पाइएन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ। उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

९२ **प्रविधि हस्तान्तरण** - गरीबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को बुँदा नं ४० र ४१ मा उद्यमीलाई उद्योगको प्रकृति आवश्यकता र उद्योगबाट सिर्जना हुने रोजगारीका आधारमा प्रविधि उपलब्ध गराइने र प्रविधिको कुल लागतको कम्तिमा बीस प्रतिशत रकम उद्यमी स्वयंले व्यहोर्नुपर्ने व्यवस्था छ। पालिकाले उद्यमीहरुलाई प्रविधि हस्तान्तरण कार्यको लागि निम्न सामाग्रीहरु खरिद गरेकोमा लेखापरीक्षणको समयसम्म उद्यमीलाई वितरण नगरी भण्डारमा नै रहेको पाइएकोले नियमानुसार वितरण गरी सोको प्रमाण गर्नुपर्ने रु.

| भौचर नं | खरिद गरीएको फर्मको नाम | सामाग्रीको नाम | संख्या | सामाग्रीको मुल्य |
|---|---|---|---|---|
| ३४६-०८०।३।२३ | जय माता दी | हेयर स्टेट मेशिन | १० | ६०००० |
| ३४६-०८०।३।२३ | जय माता दी | हेयर ड्रायर मेशिन | ५ | २५००० |
| ३४६-०८०।३।२३ | ऋद्धि सिद्धी सप्लायर्स | हेयर स्टेट मेशिन | १० | ५८६०० |
| ३४६-०८०।३।२३ | ऋद्धि सिद्धी सप्लायर्स | हेयर ड्रायर मेशिन | ५ | २५००० |
| ३५९-०८०।३।२४ | मेडिसर्ज ट्रेडर्स | फेसियल वेड | १० | ५९८९० |
| **जम्मा** | | | | **२२८४९०** |

**प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भई पेश भएको आधारमा मिति २०८०।१२।८ को निर्णयबाट रु. ३४२३२१।- सम्परीक्षण गरिएको ।**

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,२८,४९० |

९३ **सामाग्री वितरण** - महिला बालबालिका तथा ज्येष्ठ नागरीक मन्त्रालयको व.उ.शी. नं ३४०००१०५ मा राष्ट्रपति महिला सशक्तिकरण परियोजना अन्तर्गत नमूना वस्तीका दलित, अल्पसंख्यक अतिसिमान्तकृत समुदायका महिला लैंगिक हिंसा र मानव वेचविखन पीडित र विपन्न महिलाहरुका लागि रोजगारमूलक तालिमा सन्थाल जातिको लागि संचालन गर्न उर्लाबारी नगरपालिका वडा नं ८ बहादुरवावा मोरङ लागि बजेट रु.११००००० प्राप्त भएको पाइयो। जसमा सहभागीलाई दिइएको तालिम र सीप बमोजिम आवश्यकता अनुसार सहभागीलाई वस्तुगत टेवा हस्तान्तरण गर्नको लागि खरिद गरिएको देहायको सामाग्री सहभागीलाई वितरण नगरी पालिकाको भण्डारमा नै रहेको पाइएकोले उक्त सामाग्री वितरण गरी सोको प्रमाण पेश गर्नुपर्ने रु.

| भौचर नं | खरिद गरीएको फर्म | सामाग्रीको नाम | सामाग्रीको संख्या | रकम |
|---|---|---|---|---|
| ३३७-०८०।३।२१ | मनोज ट्रेडर्स सुनसरी | सिलाइ मेशिन | ५ | ७७८०० |
| **जम्मा** | | | | **७७८००** |

**प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भई पेश भएको आधारमा मिति २०८०।१२।८ को निर्णयबाट रु.१०८९२०।-सम्परीक्षण गरिएको ।**

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७७,८०० |

९४ **कृषि तथा पशु अनुदान** - पालिकाले चालु तथा संघीय र प्रदेश सरकारबाट हस्तान्तरित चालु कार्यक्रमको नमूना छनौट गरी परीक्षण गर्दा देहायबमोजिम कृषि तथा पशु अनुदान उपलब्ध गराएको छ ।

| क्र सं | कार्यक्रमको नाम | अनुदान प्राप्त गर्न कृषक।सहकारी संस्था | लाभान्वित कृषक घरधुरी | बजेट खर्च |
|---|---|---|---|---|
| १ | व्यवसायिक फर्म प्रवर्द्धन कार्यक्रम गाई/भैसी पालन | ८ कृषि फर्म | ८ | ८००००० |
| २ | व्यवसायिक फर्म प्रवर्द्धन कार्यक्रम लेयर्स कुखुरा पालन | १ कृषि फर्म | १ | १००००० |
| ३ | व्यवसायिक फर्म प्रवर्द्धन कार्यक्रम बाखा पालन | ९ कृषि फर्म | ९ | ४५०००० |
| ४ | व्यवसायिक फर्म प्रवर्द्धन कार्यक्रम बंगुर/सुगुर पालन | ५ कृषि फर्म | ५ | २५०००० |
| ५ | चिलिङ भ्याट वितरण कार्यक्रम | २ समूह सहकारी | १७१ | १०००००० |
| ६ | काउ म्याट वितरण कार्यक्रम | ४३ कृषक | ४३ | ५००००० |

| | | | | |
|---|---|---|---|---|
| ७ | च्यापकरटर वितरण | २७ कृषक | २७ | ७००००० |
| ८ | बाख्रा पकेट कार्यक्रम निरन्तरता | १४ कृषक | १४ | ५००००० |
| ९ | बाख्रा पकेट कार्यक्रम निरन्तरता | १८ कृषक | १८ | ७००००० |
| १० | हिउँदे घाँसको बिउ वितरण कार्यक्रम | ३७० कृषक | ३७० | ३००००० |
| ११ | बर्षे घाँसको बिउ वितरण कार्यक्रम | २९० कृषक | २९० | ३००००० |
| १२ | बहुबर्षिय घाँसको विउ वितरण कार्यक्रम | २६६ कृषक | २६६ | १६०००० |
| १३ | माछा पालक कृक्षकहरुलार औषधि वितरण कार्यक्रम | ४९ फर्म | ४९ | ३००००० |
| १४ | पशु स्वास्थ्य तथा बाँझोपन नियन्त्रण घुम्ति शिविर | २३ फर्म | २३ | ३००००० |
| १५ | आलु उत्पादन कार्यक्रम | ९२ कृषक | ९२ | १३८०७२३ |
| १६ | मकै पकेट कार्कक्रम | ७३ कृषक | ७३ | ११८२२५२ |
| १७ | तरकारी पकेट कार्यक्रम | ३४ कृषक | ३४ | ५३६७०५ |
| १८ | तेलहन पकेट कार्क्रम | ४४ कृषक | १५७ | १७११५७८ |
| १९ | पावर टिलन वितरण कार्यक्रम | ५ समूह | ५ | ७६४६२५ |
| २० | मोटर बोरिङ्ग जडान सहयोग कार्यक्रम | १४२ कृषक तथा फर्म | १४२ | २८७८३०८ |
| २१ | रिपर वितरण कार्यक्रम | ६ समूह | ६ | ६८५३४५ |
| २२ | मौरी घार वितरण कार्यक्रम | ४२ कृषक तथा फर्म | ४२ | ४७८९०० |
| २३ | मकै विउ वितरण कार्यक्रम | ३४८ कृषक तथा फर्म | ३४८ | ३१७२५० |
| २४ | मकै रोप्ने मेसिन वितरण कार्यक्रम | १३२ कृषक तथा फर्म | १३२ | ४८८४०० |

| जम्मा | | | | १६७८४०८६ |
|---|---|---|---|---|

• अनुदानको सहि सदुपयोग भए नभएको संवन्धमा अनुगमन प्रभावकारी छैन भने अनुदान पश्चातको उपलव्धी मापन गरेको छैन । अनुदानबाट प्राप्त लाभको विश्लेषण गरी आगामी दिनमा अनुदानको कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ।

• अनुदान रकम विभिन्न तरिकाबाट साना साना कार्यक्रम बनाई वितरण गर्दा अपेक्षित प्रतिफल प्राप्त नहुने र यसले उत्पादकत्वमा समेत वृद्धि नगर्ने हुदा ठुला अनुदानका कार्यक्रम सञ्चालन गरी कृषि पेशालाई आकर्षित गर्नुपर्ने देखिन्छ। साथै अनुगमन प्रभावकारी बनाई दोहोरो (संघ, प्रदेश तथा स्थानीय तह) परे नपरेको एकिन गरी लिखित प्रतिवेदन तयार गर्नुपर्ने देखिन्छ ।

• कृषि तथा पशु पालन क्षेत्रमा आत्मनिर्भर बनाउन सरकारले कृषि बीमा तथा पशु बीमामा अनुदानका कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ। पालिकाले कृषि क्षेत्र तथा पशु क्षेत्रमा विभिन्न अनुदान दिएकोमा अनिवार्य बीमा गरेमा मात्र अनुदान दिने नीति तय गर्नुपर्नेमा बीमा गर्ने गराउने तर्फ पालिकाले ध्यान नदिई अनुदानका कार्यक्रम मात्र सञ्चालन गरेको देखियो। एक सरकारले ल्याएको नीतिलाई अर्को सरकारले सहयोग गर्ने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

• अनुदानमा ठुलो रकम खर्च भएकोमा जग्गाको स्वामित्व एकीन गरेको छैन जसले गर्दा अनुदानको वास्तविक क्षेत्रमा खर्च भई अनुदानको सही सदुपयोग भयो भन्न सक्ने अवस्था छैन ।

सैद्धान्तिक बेरुजु

९५ **निजी लगानिका विद्यालयको छात्रवृत्ती** - अनिवार्य तथा निशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा २७ को उपदफा (३) मा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि यो ऐन प्रारम्भ भए पछि निजी लगानीका विद्यालय र सार्वजनिक शैक्षिक गुठी अन्तरगत सञ्चालन गरेका सो विद्यालयका विद्यार्थी संख्याको आधारमा विद्यालयले प्रारम्भिक बालविकास कक्षा देखि बाह्र कक्षा सम्मका कूल विद्यार्थी संख्याको देहाय बमोजिम विद्यार्थीलाई निशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नुपर्ने व्यवस्था छ।

| विद्यार्थी संख्या | निशुल्क शिक्षाका लागि आरक्षण संख्या |
|---|---|
| ५०० जना सम्म | कम्तिमा १० प्रतिशत |
| ५०० जना देखि ८०० जना सम्म | कम्तिमा १२ प्रतिशत |
| ८०० जना भन्दा बढी | कम्तिमा १५ प्रतिशत |

यस नगरपालिका क्षेत्र भित्र ४० वटा निजी लगानीमा सञ्चालित विद्यालयहरुले नियममा व्यवस्था भए बमोजिम निःशुल्क शिक्षाका लागि आरक्षण व्यवस्था गरेको विवरण पेश भएन। ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

९६ **दिवा खाजा** - कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं २.७.११.१ मा सामुदियक विद्यालयका प्रारम्भिक बाल विकास देखि कक्षा ६ सम्मा विद्यार्थीलाई दिवा खाजा व्यवस्थापन गर्न आर्थिक वर्षको सुरुमै IEMIS मा समावेश भएका विद्यार्थी संख्यालाई आधार मानेर त्रैमासिक रुपमा अनुदान भुक्तानी गर्ने व्यवस्था छ । जसकोलागि स्थानीय तहले प्रधानाध्यापकको बैठकबाट स्थानीय तहभित्रका विद्यायलहरुमा एकरुपता कायम हुने गरी खाजाको मेनु तयार गरी विद्यालयकै कर्मचारी वा अभिभावकबाट वा विद्यालय बाहिरबाट क्यान्टिनको व्यवस्था गरी खाजा खुवाउने व्यवस्था गर्नुपर्ने तथा प्रत्येक त्रैमासिक निकासा गर्दा अगाडी निकासा भएको अनुदानको सदुपयोग भएको सुनिश्चित गर्ने र विद्यालयबाट गरीएको दिवा खाजा कार्यक्रमको स्थानीय तहले निरीक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकामा रहेका २६ सार्वजनिक तथा परम्पारगत विद्यालयहरुलाई दिवा खाजा अनुदान रु ८७६३४४५ निकासा भएकोमा खाजा खुवाउने व्यक्ति तथा सामाग्री निकासा भएको पाइयो। खाजाको मेनु तयार नगरी अधिकांश विद्यालयले खाजाको खर्च गरेको पाइयो। आगामी दिनमा पुस्तिकाको पालिना गरी दिवा खाजा कार्यक्रम संचालन गर्नुपर्दछ। साथै देहायका विद्यालयहरुलाई दिवा खाजा अनुदान भुक्तानी भएकोमा सोको वितरण भरपाई तथा विद्यार्थीको हाजिरी पेश नभएकोले पेश हुनेपर्ने रु.३०५९१०

| भौचर नं | विद्यालयको नाम | निकासा रकम |
|---|---|---|
| ११०-०७९।१०।१२ | नुनसरी आवि | ८७१६५ |
| ३३१-०८०।३।२० | राधिका मावि ७ | २१८७४५ |
| **जम्मा** | | **३०५९१०** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,०५,९१० |

९७ **विद्यालयको सटर तथा हल भाडा आम्दानी** - नेपालको संविधान धारा ५७ को उपधारा ४, धारा २१४ को उपधारा २, धारा २२१ उपधारा २ र धारा २२६ को उपधारा १ को अनुसूची ८ मा स्थीय करमा घर बहाल कर स्थानीय तहको एकाधिकार सूचीमा रहेको छ । पालिकामा रहेको सामुदायिक विद्यालयहरुले आफ्नो भवन तथा सटर भाडा बहाल आम्दानी गर्ने गरेको पाइयो । तर विद्यालयहरुले हालसम्म कुनै पनि भाडा आम्दानीको बहाल कर पालिकामा बुझाएको पाइएन। लेखापरीक्षणको समयमा पेश भएको देहायका विद्यालयको लेखापरीक्षण प्रतिवेदन पेश भए अनुसार विद्यालयले घर भाडा बापत रु आम्दानी गरेको पाइयो । आगामी दिनमा पालिकाले संविधानको व्यवस्था अनुसार नियमित रुपमा विद्यालयबाट बहाल कर असूल गर्नुपर्नु पर्दछ।

| विद्यालयको नाम | आथिक वर्ष | घर बहाल आम्दानी | बहाल कर |
|---|---|---|---|
| श्रीराधिका माध्यमिक विद्यालय उर्लाबारी ६ | २०७५।७६ | ३०७४०२ | ३०७४० |
| | २०७८।७९ | १३३०७५ | १३३०७ |

| जम्मा | | ४४०४७७ | ४४०४७ |
|---|---|---|---|

| |
|---|
| सैद्धान्तिक बेरुजु |

९८ ल्याब अनुदान -

**✂ ...........प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भई पेश भएको आधारमा मिति २०८०।१२।४ को निर्णयबाट रु.२०००००।-सम्परीक्षण गरिएको ।**

९९ **विज्ञान प्रयोगशाला अनुदान** - कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७९।८० को क्रियाकलाप नं. २.७.१३.१३ मा विद्यालयमा शैक्षिक गुणस्तर सुदृढिकरण एवं कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान वितरण कार्यक्रममा शिक्षण सिकाई कार्यक्रममा विज्ञान प्रयोगशाला व्यवस्थापन गर्न रु. ६५०००० विद्यालयलाई अनुदान वितरण गर्ने उल्लेख छ। सोही व्यवस्था अनुसार दुर्गा माध्यमिक विद्यालय ३ लाई विज्ञान प्रयोगशाला व्यवस्थापनको लागि रु. ६५०००० भुक्तानी भएकोमा विज्ञान प्रयोगशालाको कार्य कार्यसम्पन्न गरी खर्च लेखेकोमा विद्यालयले विज्ञान प्रयोगशाला सम्बन्धी सामाग्रीको जिन्सी दाखिला पेश नगरेकोले दाखिलाको प्रमाण गर्नुपर्ने रु.६५००००

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,५०,००० |

१०० **इन्टरनेट जडान - ✂ ...........प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भई पेश भएको आधारमा मिति २०८०।१२।८ को निर्णयबाट रु.२६४०००।-सम्परीक्षण गरिएको ।**

१०१ **छात्रवृत्ति वितरण** - २६७-८०।३।१३ कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७९।८० को क्रियाकलाप नं ७.२.१.१ मा सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रवृत्ति कक्षा १ देखि कक्षा ८ सम्मका विद्यार्थीलाई एकमुष्ट रु.४०० भुक्तानी गर्ने व्यवस्था छ। पालिकामा रहेका २२ वटा सामुदायिक विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुको लागि छात्रवृति अनुदान भुक्तानी भएकोमा विद्यार्थीहरुलाई वितरण गरेको भरपाई पेश नभएकोले वितरणको प्रमाण पेश गर्नुपर्ने रु. १२८५६००

| क्र.सं. | विद्यालयको नाम | अनुदान निकासा |
|---|---|---|
| १ | श्रीराधिका मा.वि. ६ | २२२४०० |
| २ | श्री सुनपकुवा मा.वि.२ | १६२००० |
| ३ | श्री अरनिको मा.वि. ८ | ७९६०० |
| ४ | श्री राधिका मा.वि. ७ | ५४००० |
| ५ | श्री शारद मा.वि. १ | ८३२०० |
| ६ | श्री सार्वजनिक मा.वि. ९ | ४५६०० |
| ७ | श्रीदुर्गा मा.वि. ३ | ९६००० |

| | | |
|---|---|---|
| ८ | श्री सुनझोडा मा.वि. २ | ५३६०० |
| ९ | श्रीलक्ष्मी मा.वि. ८ | ५४००० |
| १० | श्रीनूनसरी आ.वि. ९ | ४७६०० |
| ११ | श्री लक्ष्मी आ.वि. १ | ६१२०० |
| १२ | श्री शान्ति आ.वि. २ | ४६८०० |
| १३ | श्री सिर्जना आ.वि. ४ | ७४८०० |
| १४ | श्रीभानु मा.वि. ४ | ४५६०० |
| १५ | श्री सरस्वति आ.वि. २ | ४२८०० |
| १६ | श्री प्रभात आ.वि. ९ | २४४०० |
| १७ | श्रीमहाराज आ.वि. ९ | १५६०० |
| १८ | श्री राजघाटआ.वि. ९ | २४४०० |
| १९ | श्री शान्ति क्षेत्र आ.वि. ८ | ६००० |
| २० | श्री बहादुरबाबा चौधरी आ.वि. ८ | २६८०० |
| २१ | श्री बाल ज्योतिआ.वि. ९ | १६८०० |
| २२ | श्री नमूना शिक्षा सदन आश्रम ७ | २४०० |
| **जम्मा** | | **१२८५६००** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १२,८५,६०० |

१०२ **सहयोगी सहायता सेवा छात्रवृत्ति –**

**...........प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भई पेश भएको आधारमा मिति २०८०।१२।८ को निर्णयबाट रु.१६००००।-सम्परीक्षण गरिएको ।**

१०३ **परम्परागत विद्यालयलाई अनुदान** - कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७९।८० को क्रियाकलाप नं. २.७.१३.११ अनुसार कक्षा १-५ सञ्चालित परम्परागत विद्यालयका लागि वार्षिक एकमुष्ट अनुदान रु.२ लाख ४१ हजार अनुदान भुक्तानी गर्ने तथा परम्परागत शिक्षण संस्था (सञ्चालन तथा व्यवस्थापन) मापदण्ड, २०७९ अनुसार शिक्षण संस्था सुधार योजना निर्माण तथा अद्यावधिक, सञ्चालन तथा व्यवस्थापन समितिका क्रियाकलाप सञ्चालन, सामाजिक परीक्षण तथा आर्थिक लेखापरीक्षण, विद्यार्थी रिपोर्ट कार्ड विद्यालय तथ्याङ्क व्यवस्थापनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ। पालिकाले देहाका परम्परागत विद्यालयहरुलाई रु.६८२००० अनुदान भुक्तानी भएको छ। कार्यविधि अनुसार शिक्षण संस्था सुधार योजना निर्माण तथा

अद्यावधिक, सञ्चालन तथा व्यवस्थापन समितिका क्रियाकलाप सञ्चालन, सामाजिक परीक्षण तथा आर्थिक लेखापरीक्षणको कागजात पेश नभएकोले अनुदान सम्बन्धी कागजात पेश गर्नुपर्ने रु. ६८२०००

| भौचर नं | विद्यालयको नाम | छात्रवृत्ति रकम |
|---|---|---|
| ३१७-०८०।३।१९ | नवनाथ चौरासी सिंह गुरु गोरक्षानाथ धार्मिक विद्यालय | २२७३३४ |
| | नेपाल बौद्ध गुम्बा | २२७३३४ |
| | ताजविदुल कुरुर्मान मदर्शा | २२७३३४ |
| जम्मा | | ६८२००२ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,८२,००२ |

१०४ **प्राविधिकधार सञ्चालन विद्यालयलाई अनुदान** - ३१६-०८०।३।१९ कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७९।८० को क्रियाकलाप नं २.७.१३.५० मा प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाइ सामाग्री अनुदान अन्तर्गत प्राविधिकधार कक्षा ९ देखि कक्षा १२ सम्म सञ्चालन भएका विद्यालयलाई शिक्षण सामाग्री तथा (Lab Assistant, Equipments and Practical materials, OJT, Operation cost) का लागि प्रति विद्यार्थी वार्षिक रु. १५००० दरले अनुदान निकासा दिने तथा अनुदानबाट प्रत्येक विद्यार्थीको बैंक खातामा मासिक रु. १००० का दरले जम्मा गर्नुपर्नेमा व्यवस्था छ । सोही व्यवस्था अनुसार प्राविधिकधारको (कृषि) विद्यालय सञ्चालन भएको श्री राधिका माध्यमिक विद्यालय उर्लाबारी ६ मोरङलाई रु. १९६५००० अनुदान भुक्तानी भएको छ। कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार विद्यालयले कार्यक्रम सञ्चालन गरी अनुदान रकम खर्चको प्रमाण कागजात तथा प्रतिवेदन गरेको पाइएन। अनुदान रकमको खर्च विवरण सहित प्रतिवेदन पेश गर्नुपर्ने रु.१९६५०००

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १९,६५,००० |

१०५ **विद्यालयगत निकासा खाता** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम २७ मा अधिकार प्राप्त अधिकारीले आय व्यय ठीक र विश्वसनिय रहेको तथा दोहोरो हुने गरी भुक्तानी भएको छैन भन्ने कुरामा ध्यान दिनु पर्ने उल्लेख छ। पालिकाले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको स्पस्ट विवरण खुल्ने गरी यथार्थ विवरण अभिलेख राख्नु पर्नेमा निकासा अभिलेख राखेको छैन। जसबाट विद्यालयलाई वास्तविक रुपमा निकासा दिनु पर्ने र भुक्तानी दिएको बारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकोले विद्यालयगत निकासा खाता अद्यावधिक राख्नु पर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

१०६ **शिक्षक दरवन्दी र पदपूर्ति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३(१) मा विषयगत महाशाखा तथा शाखाको दरबन्दी संरचना कायम गनुपर्ने उल्लेख छ। स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था

हुनुपर्दछ। नगरपालिका अन्तर्गत विभिन्न तहका सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ। तालुक निकाय तथा पालिकाबाट विद्यालयगत शिक्षक दरबन्दी मिलान गरी पदपूर्ति गर्नुपर्दछ ।

| विद्यालय संख्या | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|
| २२ | २३० | २२७ | २५ | ९०७९ |

तुलनामा शिक्षक बढी भएकोबाट कम भएको विद्यालयमा शिक्षकको दरबन्दी मिलान एवं न्यून विद्यार्थी भएका विद्यालयहरु सम्भाव्यताका आधारमा गाभ्ने प्रकृया थालनी गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

१०७ **शैक्षिक प्रतिवेदन** - अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा ३६ को उपदफा (१) मा प्रत्येक नगरपालिकले नगर सभामा आफ्नो क्षेत्रभित्रका सार्वजनिक र निजी विद्यालय र त्यस्ता विद्यालयमा अध्ययन गर्ने बालबालिकाको संख्या, आधारभूत तहमा विद्यालयमा भर्ना भएका बालबालिकाको संख्या, विद्यालय भर्ना भई आधारभूत तहको शिक्षा पुरा गरेका बालबालिका संख्या, विद्यालय भर्ना भई त्यस वर्ष आधारभूत तहको शिक्षा पुरा नगरी विद्यालय छाडेका विद्यार्थीको संख्या, आधारभूत/माध्यमिक शिक्षाको लागि विनियोजित रकम र त्यसको श्रोत र अन्य आवश्यक कुरा सहितको प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था छ । उपदफा (२) मा उपरोक्त अनुसारको प्रतिवेदन जानकारीका लागि शिक्षा सम्बन्धी विषय हेर्ने संघीय र प्रादेशिक मन्त्रालयमा समेत पठाउनुपर्ने उल्लेख छ । नगरपालिकाले कानूनमा व्यवस्था भए बमोजिम प्रतिवेदन पेश गरेको देखिएन ।

सैद्धान्तिक बेरुजु

१०८ **विद्यालयको नियमन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२) मा सर्वसामान्यतामा असर नपर्ने गरी नगरपालिका र नगरपालिकाको काम कर्तव्य अधिकारको खण्ड (ज२१) मा सामुदायिक बिद्यालयलाई दिने अनुदान तथा सोको बजेट व्यवस्थापन, बिद्यालयको आय ब्ययको लेखा अनुशासन कायम र नियमन गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस स्थानीय तह अन्तर्गतका समुदायिक बिद्यालयले बिद्यालय लेखा दिग्दर्शन बमोजिम नगदी तथा जिन्सीको लेखा राखे नराखेको, कट्टी गरेको कर राजश्व खातामा दाखिला गरेनगरेको, कट्टी गरेको नागरीक लगानी कोष, कर्मचारी सञ्चयकोष सम्बन्धित खातामा दाखिला भए नभएको, विद्यालय लेखापरीक्षणबाट देखिएको बेरुजु फछ्यौट गरे नगरेको र नेपाल सरकारको २०७५।३।३२ को निर्णय बमोजिम बिद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारी पारिश्रमिक सुबिधा अनिवार्य रुपमा बैंक खाता मार्फत भुक्तानी भए नभएको नियमन गरी प्रतिवेदन गरेको देखिएन। नियमको पालना गरी प्रतिवेदन गर्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

१०९ **सामुदायीक विद्यालयको शैक्षिक गुणस्तर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(ज) अनुसार सम्बन्धित स्थानीय निकायले सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर स्थितीको नियमित अनुगमन गरी एक प्रति प्रतिवेदन शिक्षा तथा मानवस्रोत केन्द्रमा पठाउने र सोको कार्यान्यिन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्ने व्यवस्था छ। नगरपालिकाले आर्थिक वर्ष २०७९।८० मा विद्यालयहरुको शैक्षिक गुणस्तरको अनुगमन गरेको प्रतिवेदन कार्यालयसँग रहेको देखिएन। नगरपालिकाले आफ्नो अन्तरगतका विद्यालयहरुको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिनु पर्ने देखिन्छ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

११० **शिक्षक तलब बढी निकासा** - पालिकाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरुलाई तलब अनुदान भुक्तानी गर्दा राष्ट्रिय किताबखाना शिक्षकबाट पारित तलबी प्रतिवेदन तथा विद्यालयको माग फारमको आधारमा गर्नुपर्दछ। पालिकाले देहायका सामुदायिक विद्यालयलाई शिक्षक तलब अनुदान निकासा गर्दा बढी निकासा भएको पाइएकोले बढी निकासा भएको रकम असुल गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु.

| **क्र सं** | **विद्यालयको नाम** | **शिक्षकको नाम** | **बढी निकासा** | **कैफियत** |
|---|---|---|---|---|
| ३ | राधिका मावि | विद्या चाम्लिङ | १०२६५ | २०७९।६।२३ राजिनामा दिएकोमा असोज महिनाको ७ दिनको तलब बढी निकासा भएको |
| **जम्मा** | | | **१०२६५** | |

**प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०८०।१२।८ को निर्णयबाट रु.९१६९९।- सम्परीक्षण गरिएको ।**

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,२६५ |

१११ **बुक कर्नर** - कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७९।८० को क्रियाकलाप नं. २.७.१३.३ मा सामुदायकि विद्यालयमा (कक्षा १ देखि ५ सम्म) शिक्षण शिकाई सामाग्री तथा बुक कर्नर व्यवस्थापन प्रति विद्यार्थी रु.१५०, का दरले अनुदान वितरण गर्ने व्यवस्था छ। सोही व्यवस्था अनुसार यस वर्ष पालिकामा रहेका २२ वटा विद्यालयहरुलाई शिक्षण शिकाई सामाग्री तथा बुक कर्नर व्यवस्थापनको लागि रु.४,२८,१०० अनुदान वितरण गरेको छ। कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार विद्यालयहरुले शिक्षण शिकाई सामाग्री मात्रै खरिद गरेको र अधिकांश विद्यालयले बुक कर्नर निर्माण गरेको पाइएन। आगामी दिनमा कार्यक्रम

कार्यान्वयन पुस्तिका अनुसार विद्यालयहरुले बुक कर्नर निर्माण सहित शिक्षण सामाग्री मात्रै खरिद गरी खर्च लेख्नु पर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

११२ **स्यानिटरी प्याड खरीद** - २०२-२०८०/३/२४ कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७९।८० को क्रियाकलाप नं. २.७.१३.२३ मा सामुदायिक विद्यालयमा अध्ययनरत किशोरावस्थाका छात्राहरुलाई महिनावारीका समयमा आवश्यक पर्ने महिनावारी व्यस्थापन सामाग्री उपलब्ध गराई उनीहरुको स्वास्थ्यमा सुधार गरी सोही कारणले विद्यालय छाड्ने समस्या समाधान गर्न स्यानिटरी प्याड वितरण गर्ने व्यवस्था छ। स्यानिटरी प्याड खरिद सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार रहेको छ।

११२.१ **लागत अनुमानः** सार्वजनिक खरिद नियमावली , २०६४ को नियम ११ मा सार्वजनिक नियकाले मालसमानको लागत अनुमान तयार गर्दा दफा ९ मा उल्लेख भएको व्यवस्पथाका साथै सम्वन्धित सार्वजनिक निकाय वा जिल्लास्थित अन्य सार्वजनिक निकायले चालु वा अघिल्ला वर्षमा सोही प्रकृतिको खरिद गर्दा लागेको लागत, स्थानीय बजारको प्रचलित दरभाउ, अन्य बजारको दरभाउ र आपुर्ति गर्न लाग्ने अनुमानित ढुवानी खर्च, उधोग वाणिज्य संघले जारी गरेको दररेट समेतलाई आधार लिई लागत अनुमान गर्नुपर्ने उल्लेख छ। पालिकाले स्यानिटरी प्याड सिलबन्दी दरभाउपत्र बमोजिमको खरिद गरी भुक्तानी गरेकोमा सो खरिद कार्यको लागत अनुमान गर्दा उल्लेखित आधारहरु नलिई दुई वटा फर्मको औषतका आधारमा मात्र लागत अनुमान तयार गरेको देखिन्छ। लागत अनुमान तयार गर्दा प्रचलित कानूनको पालना नगरी औसत दरलाई मात्र आधार लिएको मनासिव देखिएन। कानूनमा भएको सबै व्यवस्थाको पालना गरी लागत अनुमान तयार गर्नेतर्फ नगरपालिकाको ध्यान जानु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

११२.२ **सिलबन्दी दरभाउपत्रबाट खरिदः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ (९क) बमोजिम मा सिलवन्दी दरभाउपत्रबाट खरिद गर्दा पहिलो पटकको सूचना बमोजिम पेश भएका दरभाउपत्र मध्ये न्युनतम तीनवटा दरभाउपत्र सारभुत रुपमा प्रभावग्राही भएको अवस्थामा मात्र सबैभन्दा कम कवोल गर्ने दरभाउपत्र स्वीकृतका लागि मुल्याङ्कन समितिले छनौट गर्नुपर्ने उल्लेख छ। पालिकाले गत वर्ष ठेक्का नं जिन्सी ०८।०७९।०८० मार्फत स्यानिटरी प्याड आपुर्तिका लागि आपुर्तक एन्जल टच हाइजिङ्ग मेनिफेक्चरिङ प्रा.लि. को दरभाउपत्र स्वीकृत गरेकोमा नियमावली बमोजिम २ दरभाउपत्रहरु मात्र सारभूत रुपमा प्रभावग्राही रहेको देखियो। नियमावलीमा भएको व्यवस्था विपरीत ३ वटै दरभाउपत्र सारभुत रुपमा प्रभावग्राही नभएको अवस्थामा समेत मुल्याङ्कन समितिले उक्त आपुर्तकलाई सम्झौताको लागि सिफारीस गरी सम्झौता गरेको देखियो। उक्त सम्झौता बमोजिम स्यानिटरी प्याड आपुर्ती गरी रु.१२,३९,९८०।०० भुक्तानी भएको छ। यसरी खरिद गरीएको कार्य नियम संगत नदेखिएकोले नियमित गर्नुपर्ने देखिएको रु. १२,३९,९८०।००

| अनियमित भएको | १२,३९,९८० |
|---|---|

११२.३ **बर्षान्तमा खरिदः** नगरपालिकाले आर्थिक वर्ष २०७९/८० मा स्वानिटरी प्याड रु.१२,३९,९८० को २१५२९ प्याकेट स्वानिटरी प्याड एन्जल टच हाइजिन म्यानूफ्याक्चरिङ रुपन्देहीबाट खरिद गरेकोमा Post Delivery Inspectation Report तयार गरेको छैन। तोकिएको स्पेसिफिकेशन तथा मापदण्डको पूर्ण पालना नगरेको र बजेट फ्रिज हुन नदिने मनसायले वर्षान्तमा खरिद गरी विद्यालयलाई एकमुष्ट वितरण गरी भरपाइ गरेको पाइयो। यसबाट पालिकाले मापदण्ड अनुसारको प्याड खरिद गरेको छ भनी एकीन हुन सकिएन। साथै आवश्यकताको आधारमा खरिद गरी वितरण हुनुपर्नेमा सो भएको पाइएन। आगामी दिनमा कार्यविधिको पालिना गरी स्यानिटरी प्याडको खरिद व्यवस्थापन गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

११३ **निःशुल्क पाठ्यपुस्तक** - निःशुल्क पाठ्यपुस्तककार्यक्रम कार्यान्वयन पुस्तिका, २०७९।८० को क्रियाकलाप नं २.४.६.१ मा सामुदायकि विद्यालयका विद्यार्थीहरुको लागि निःशुल्क पाठ्यपुस्तक अनुदान वितरण गर्ने व्यवस्था छ। पालिका भित्र सञ्चालनमा रहेका ६२ सार्वजनिक विद्यालयलाई निःशुल्क पाठ्यपुस्तकको लागि रु.५२,३५,०४७ अनुदान भुक्तानी गरेको पाइयो। निःशुल्क पाठ्यपुस्तक निकासामा देखिएका व्यहोरा निम्न रहेका छन्।

११३.१ **पाठ्यपुस्तकमा बढी निकासा** -

**...........प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०८०।१२।८ को निर्णयबाट रु.२६९००५।-सम्परीक्षण गरिएको ।**

११३.२ **पुस्तकको वितरण-** देहायका विद्यालयहरुलाई निःशुल्क पाठ्यपुस्तक अनुदान भुक्तानी भएकोमा विद्यालयले विद्यार्थीलाई वितरण गरेको भरपाई पेश नगरेकोले वितरण गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| क्र.सं. | विद्यालयको नाम | निकासा रकम |
|---|---|---|
| १ | लक्ष्मीमावि ८ | १७३८८ |
| २ | तजविदुलकुरान प्रावि मदर्शा | १५२५९० |
| ३ | नेपाल बौद्ध गुम्बा धार्मिकविद्यालय | ८४६८ |
| ४ | नवनाथ चौरासी शिद्धगुरु | ४४३१ |
| **जम्मा** | | **१८२८७७** |

**प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भई पेश भएको आधारमा मिति २०८०।१२। ८ को निर्णयबाट रु.५८५९।-सम्परीक्षण गरिएको ।**

| प्रमाण पेश नगरेको | १,८२,८७७ |
|---|---|

११४ **एम.आइ.एस. विवरण** - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ मा लाभग्राहीको विवरण एम.आई.एस. अद्यावधिक लगतको आधारमा भत्ता रकम निकासा गर्नुपर्ने व्यवस्था रहेको छ। नगरपालिकाबाट प्राप्त एम.आई.एस मूल अभिलेखसँग भत्ता वितरण गर्न बैंकमा पठाईएको नामावली बराबर रहेको पाइयो। एम.आई.एस. विवरणको मूल अभिलेखमा लाभग्राहीहरुको विवरण पूर्ण रुपमा भरेको देखिएन। नमुना छनौट गरी परीक्षण गरीएकोमा केही लाभग्राहीको नागरीकता प्रमाण पत्र नं. नभएको, ना.प्र.नं दोहोरिएको तेहरिएको वा सो भन्दा बढी रहेको, ना.प्र.नं जारी मिति उल्लेख नगरेको, लाभग्राहीको बाबु, आमा, बाजेको नाम उल्लेख नगरेको पाइयो। एम.आई.एस विवरण अद्यावधिक नहुँदा एकै नामथर भएको व्यक्तिलाई दोहोरो नाम समावेश भई भत्ता भुक्तानी हुन सक्ने जोखिम रहेको हुँदा नगरपालिकाले एम.आई.एस. लगत अद्यावधिक गरेर मात्र भत्ता वितरण गर्नुपर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

११५ **पारदर्शिता र जवाफदेहिता** - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं ३२ अनुसार स्थानीय तहहरुको कार्यालयले सामाजिक सुरक्षा भत्ता सम्बन्धी जानाकारी (लाभग्राहीको नाम दर्ता तथा नवीकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैंक र लाभग्राहिले पुरा गर्नुपर्ने प्रकृया) स्थानीय सामाजिक सस्था, गैरसरकारी सस्था, सामाजिक परिचालनमा संलग्न सस्थाहरुको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्ने र यस सम्वन्धि सूचना स्थानीय एफ एम लगायतका संचार माध्यमहरुबाट प्रचार प्रसार गर्नुपर्ने व्यवस्था मिलाउनुपर्ने र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसी सम्वन्धीत स्थानीय तहको वेभ साइटमा राख्नुपर्नेमा सो पालना गरेको पाइएन। यसले गर्दा भत्ता वितरण पारदर्शी ढङ्गबाट भएको छ भनि एकिन हुने अवस्था देखिएन। आगामी दिनमा नियमको पालना गरी सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीलाई पारदर्शी र जवाफदेही बनाउनु पर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

११६ **लगत कट्टाको अभिलेख** - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं ११ मा मृत्यू भएमा, बसाईँ सरी गएमा, एकल वा विद्यवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाँच बर्ष (साठी महिना) उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आर्थिक बर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा बैंक मार्फत वितरण भएकोमा लगातार एक बर्षसम्म खाता निष्क्रिय भएमा वा अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएमा त्यस्ता लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहको मूल अभिलेखबाट कट्टा गर्नुपर्ने तथा लगत कट्टा गरीएको व्यहोरा अभिलेखमा स्पष्ट जनाई सम्बन्धित स्थानीय तहको वडाका सचिव वा निजले तोकेको जिम्मेवार पदाधिकारीले प्रमाणीत गर्नुपर्ने व्यवस्था छ। लेखापरीक्षण क्रममा मुल अभिलेख खाता र आर्थिक वर्ष २०७९।८० मा लगत कट्टाको विवरण माग भएकोमा उपलब्ध भएन। मुल अभिलेख खाता र लगत कट्टाको स्पष्ट अभिलेख प्राप्ट नभएकाले कार्यविधिको बुँदा नं. १२ बमोजिम लगत कट्टा गर्नुपर्ने लाभग्राहीको लगत कट्टा भए नभएको र लगत कट्टा गर्नुपर्ने व्यक्तिलाई समेत भुक्तानी भएको छैन

भनी यकिन गर्न सकिएन। आगामी दिनमा पालिकाले कार्यविधिको पालिना गर्दै सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको विवरण अध्यावधिक गरी भत्ता वितरण गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

११७ **सामाजिक सुरक्षातर्फ** - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरी अधावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ।

सैद्धान्तिक बेरुजु

११८ **रिभर्स फिड** - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं १४ लाभग्राहीलाई सामाजिक सुरक्षा भत्ता भुक्तानी गर्दा प्रणालीमा रहेको अनुसूची ७ बमोजिमको भरपाई प्रतिवेदन तथा अनुसूची ८ बमोजिमको फर्वाड फिडको आधारमा गर्नुपर्ने उल्लेख छ। फरवार्ड फिड अनुसार लाभग्राहीको बैंकलाई खातामा रकम जम्मा गर्नको पालिकाले पठाउने र बैंकले लाभग्राहीहरुको खातामा रकम जम्मा गरेपछि रिभर्स फिड जेनेरेट हुने व्यवस्था छ। रिभर्स फिडको आधारमा भत्ता वितरण गरी बाँकी रहेको रकम एकीन हुने र बाँकी रहेको रकम बैंकले फिर्ता गर्नुपर्ने व्यवस्था छ। पालिकाको ९ वडामा सामाजिक सुरक्षा भत्ता ८ वटा बैंकहरु मार्फत रु वितरण गरी प्राप्त रिभर्स फिड परीक्षण गर्दा देहाय अनुसार पालिकाले बैंकलाई निकासा (फर्वाड फिड) गरेको भन्दा बढी वितरण गरेको रिभर्स फिडमा देखिन्छ। बैंकहरुलाई जम्मा निकासा रु.२६५०८९४५० गरेकोमा बैंकहरुबाट प्राप्त वितरण रु.२६४१८७८१५ गरी बाँकी रु. ९०१६३५ गरेको देखाएकोमा रिभर्स फिड अनुसार वितरण गरेको रकम रु.२६९११०२८१ देखिन्छ। रिभर्स फिड अनुसार बैंकहरुलाई निकासा गरेको रकम भन्दा बढी वितरण रु. ४०२०८३१ गरेको देखिन्छ। रिभर्स फिडबाट प्राप्त प्रतिवेदन अनुसार फरक पर्नुको कारण जानकारी नहुँदा रिभर्स फिड प्रतिको विश्वशनियता देखिएन।

| सि.न. | वडा | बैंक | निकासा रकम | वितरण गरेको बैंक पत्र अनुसार | फिर्ता रकम बैंक पत्र अनुसार | रिभर्स फिड | फरक |
|---|---|---|---|---|---|---|---|
| १ | १ | प्रभु बैंक | ३२५६१४६३ | ३२४७६२५२ | ८५२१० | ३३२७०३९१ | -७०८९२८ |
| २ | २ र ३ | प्राइम कमर्सियल बैंक | ६२२४४२१७ | ६१९६४५८७ | २७९६३० | ६३२८३४७७ | -१०३९२६० |
| ३ | ४ | मितेरी विकास बैंक | ३४९४०६२५ | ३४८६४०४४ | ७६५८१ | ३५४०६७२४ | -४६६०९९ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | ५ | मुक्तिनाथ विकास बैंक | १३८०८२१५ | १३६५४८४४ | १५३३७१ | १३८५१९७३ | -४३७५८ |
| ५ | ६ | कुमारी बैंक | १८६२९६३८ | १८५५९१०३ | ७०५३५ | १९०६७३७४ | -४३७७३६ |
| ६ | ७ | एनएमबी बैंक | ३३२०८३४५ | ३३०८२००४ | १२६३४१ | ३३३४६१८१ | -१३७८३६ |
| ७ | ८ | एनआइसी एसिया बैंक | ३३९६५०३८ | ३३९५७०३८ | ८००० | ३४५७७९२४ | -६१२८८६ |
| ८ | ९ | सप्तकोशी विकास बैंक | ३५७३१९०९ | ३५६२९९४३ | १०१९६६ | ३६३०६२३७ | -५७४३२८ |
| **जम्मा** | | | २६५०८९४५० | २६४१८७८१५ | ९०१६३५ | २६९११०२८१ | -४०२०८३१ |

सैद्धान्तिक बेरुजु

११९ **सामाजिक सुरक्षा भत्ता वितरण** - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २२ उपदफा २ अनुसार अनुसूची-१० बमोजिमको ढाँचामा सामाजिक सुरक्षा भत्ता वितरण गर्न उर्लाबारी नगरपालिकामा रहेका ९ वटा वडाहरुमा वितरण गर्न विभिन्न ८ वटा बैंकहरुसंग सम्झौता गरी उपलब्ध गराउदै आएको छ। पालिकाले तयार गरेको फरवार्ड फिड र रिभर्स फिडको विवरण अनुसार यस वर्ष जेष्ठ नागरीक, जेष्ठ नागरीक दलित, एकल महिला, विधवा, पूर्ण अपाङ्ग, अतिअसक्त अपाङ्ग, वालपोषण दलित बर्गमा सामाजिक सुरक्षा भत्ता वितरण गर्नको लागि बैंकलाई पठाएको विवरण देहाय अनुसार छ ।

| क्र सं | विवरण | प्रथम त्रैमासिक | | दोस्रो त्रैमासिक | | तेस्रो त्रैमासिक | | चौथो त्रैमासिक | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | |
| १ | जेष्ठ नागरीक | ४०५१ | ४५७२९५८८ | ४१०३ | ४८७४४११२ | ४१८० | ४९६५०४२० | ४२४५ | ५०५११०९५ | १९४६३५२१५ |
| २ | जेष्ठ नागरीक दलित | २४२ | १८८५९४० | २४८ | १९५५१०० | २४६ | १९४४९०३ | २५० | १९५८२५९ | ७७४४२०२ |
| ३ | जेष्ठ नागरीक एकल महिला | ५५७ | ४३९४३२० | ५४९ | ४३७०३८० | ५६१ | ४४३२१८१ | ५६५ | ४४८७४२० | १७६८४३०१ |
| ४ | विधवा | ८६५ | ६७९३२११ | ८८१ | ६९५१५५५ | ९१० | ७१४०९९९ | ९०३ | ७१५२७४० | २८०३८५०५ |
| ५ | पूर्ण अपाङ्ग | १६४ | १९५५१०० | १६६ | १९७१०६० | १६५ | १९६७०७० | १६६ | १९७९०४० | ७८७२२७० |
| ६ | अतिअसक्त अपाङ्ग | २७२ | १६८५३७६ | २७७ | १७५७७२८ | २८४ | १८००२८८ | २८४ | १८०८८०० | ७०५२१९२ |
| ७ | वालपोषण दलित | ३१७ | ४७३६६९ | ३३७ | ५०४६०९ | ३४६ | ५२७७५५ | ३६० | ५५६७६२ | २०६२७९५ |
| | **जम्मा** | **६४६८** | **६२९१७२०४** | **६५६१** | **६६२५४५४४** | **६६९२** | **६७४६३६१६** | **६७७३** | **६८४५४११६** | **२६५०८९४८०** |

सैद्धान्तिक बेरुजु

१२० **बैंक हिसाब मिलान** - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ बुंदा नं १८ मा स्थानीय तहले भत्ता वापत निकासा प्राप्त भएको रकम आर्थिक वर्ष समाप्त हुनुभन्दा कम्तीमा सात दिन आगावै वितरण कार्य सम्पन्न गरी आर्थिक कारोबार बन्द गर्नुपर्ने प्रचलित कानून बमोजिम निकासा र खर्चको लेख अद्यावधिक बैंससँगको हिसाब मिलान गरी बाँकी रहेको रकम कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गर्नुपर्ने र भत्ता वितरणका लागि निकासा भएको रकम सोही आर्थिक वर्षमा खर्च नभएमा बाँकी रकम फ्रिज भई नेपाल सरकारको संघीय संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ। सामाजिक सुरक्षा वितरण गर्ने बैंकहरुले त्रैमासिक रुपमा हिसाब मिलान गरेको पाइएन। बैंकहरुले वितरण गरी बाँकी रहेको रकम लेखापरीक्षणको समयमा रु.९०१६३५ फिर्ता गरेको छ। कार्यविधिको पालना गरी समयमै बैंक हिसाब मिलान गरी सामाजिक सुरक्षा भत्ता वितरणलाई व्यवस्थित गर्नेतर्फ पालिकाको ध्यान जानु पर्दछ।

सैद्धान्तिक बेरुजु

१२१ **सार्वजनिक सुनुवाई** - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं ३४ मा स्थानीय तहले भुक्तानी गरेको रकम र बुझिलिनेहरुको नामावली स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने र वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एक पटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्नेछ। सार्वजनिक सुनुवाईमा प्राप्त गुनासा तथा सुझावहरु मध्ये आफूले सक्ने कुराहरु सम्बोधन गरी नसकिने खालका सुझाव तथा गुनासाहरु सम्बोधनका लागि स्थानीय तह कार्यालयमा पठाउनु पर्नेमा सो गरेको पाइएन। सुनवाई नगरी लाभग्राही सुची अनुसार भत्ता वितरण गरेको पइएकोले नियमको पालना गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

१२२ **हेभी इक्विपमेण्टको प्रयोग** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ। नगरपालिका अन्तर्गत सञ्चालित देहायका सडक निर्माण तथा माटो खन्ने कार्यको नमूना छनौट गरी परीक्षण गर्दा देहायका योजनाका उपभोक्ता समितिहरुले एक्साभेटर हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई नगर कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन। नियमको पालना गरी उपभोक्ता समिति मार्फत निर्माण कार्य गराउनु पर्दछ। केही उदाहरण

| भौचर नं | उपभोक्ता समितिको नाम र काम | हेभी उपकरण संचालकको नाम | प्रयोग भएको हेभी उपकरणको नाम | हेभी उपकरणमा भएको खर्च |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १२-०७९/५/९ | आदर्शटोल च्यानलाइज निर्माण उ.स. ९ | धनमाया कन्स्ट्रक्सन एण्ड अटो इन्जिनियरिङ्ग प्रा लि | एस्काभेटर | १२६५३१ |
| १९२-०८०/३/२२ | फइवेली डाडा मावा नदी नियन्त्रण उ.स. ९ | धनमाया कन्स्ट्रक्सन एण्ड अटो इन्जिनियरिङ्ग प्रा लि | एस्काभेटर | ६०२८८६ |
| जम्मा | | | | |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

१२३ **नाफामूलक संस्थालाई अनुदान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ। उल्लेखित व्यवस्था अनुसार नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्ने देखिदैन। यो वर्ष देहायअनुसारका २ नाफामूलक संस्थालाई भवन निर्माण तथा कार्यालय व्यवस्थापनमा अनुदान दिएको नियमसम्मत नदेखिएको रु.१३५६१४४

| **भौचर नं** | **अनुदान प्राप्त गर्ने संस्था** | **अनुदान व्यहोरा** | **अनुदान रु.** |
|---|---|---|---|
| ४५८-०८०/३/२१ | उर्लाबारी गार्मेन्ट उद्योग | सिलाई मेशिन खरिद गरी वितरण | ४००००० |
| ४६८-०८०/३/२१ | उद्योग वाणिज्य संघ उर्लाबारी | संघको टयाइलेट निर्माण कार्य | ९५६१४४ |
| जम्मा | | | १३५६१४४ |

| | |
|---|---|
| अनियमित भएको | १३,५६,१४४ |

१२४ **विपन्न वर्गलाई खानेपानी धारा जडान –**

**...........प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भई पेश भएको आधारमा मिति २०८०।१२।०८ को निर्णयबाट रु.१८२०००।-सम्परीक्षण गरिएको ।**

१२५ **सोझै खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ मा दश लाख रुपैंयासम्मको लागत अनुमान भएको निर्माण कार्य वा मालसामान सोझै खरिद गर्न सकिने सोझै खरिद गर्न नसकिने व्यवस्था छ। पालिकाले देहाय अनुसारको एउटै प्रकृतिको निर्माण कार्य पटक पटक गरी रु.१० लाख भन्दा कमको लागत अनुमान बनाई सोझै खरिद गरेको कार्य गरी विभिन्न निर्माण सेवालाई रु.६८५७४३८ भुक्तानी गरेको देखिन्छ । एकै प्रकृति निर्माण कार्य गराउदा प्याकेज वनाई प्रतिस्पर्धात्मक तवरवाट गर्नुपर्ने देखिन्छ ।

| **भौचर नं** | **निर्माण कार्य** | **फर्मको नाम** | **रकम** |
|---|---|---|---|
| ३६०-०८०/३/५ | वैकल्पिक बाटो निर्माण (सोल्टी खोला पूर्व पट्टी किनारा) | एस.के.पि.डी. कन्स्ट्रक्सन | ९७०५३९ |

| | | | |
|---|---|---|---|
| ३४००-०८०/३/२० | भानुमार्ग हुँदै नगरपालिका जोड्ने स्मृति मार्ग कालोपत्रे | थेबा सम्माँङ्ग निर्माण सेवा | ७१३०४५ |
| ४४२-०८०/३/२० | होली चाइल्ड मार्ग कालोपत्रे | तुम्रोक कन्स्ट्रक्सन | ९०२९४२ |
| ४६१-०८०/३/२१ | उर्लाबारी परोपकार सेवा केन्द्र जाने बाटो मर्मत | डाइमण्ड रिज कन्स्ट्रक्सन | ४७४७७५ |
| ४७०-०८०/३/२१ | उर्लाबारी परोपकार सेवा केन्द्रको भान्साघर निर्माण | अरनिको कन्स्ट्रक्सन | ९३०६६८ |
| ४६७-०८०/३/२१ | १ नं स्वास्थ्य चौकी कम्पाउण्ड जाल निर्मण | जे एण्ड जे कन्स्ट्रक्सन | ९६३४३८ |
| ४६९-०८०/३/२१ | भूसि महाराजथान तथा लामपाते सिमसार जाने बाटोमा कल्भर्ट निर्माण | मिक्लु कन्स्ट्रक्सन एण्ड सप्लायर्स | ९४०९२३ |
| ५००-०८०/३/२४ | न्यू सिर्जना मार्ग ड्रेन निर्माण | युनिक कन्स्ट्रक्सन | ९६११०८ |
| **जम्मा** | | | **६८५७४३८** |

सैद्धान्तिक बेरुजु

१२६ **उपभोक्ताको जनसहभागिता** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (३) मा उपभोक्ता समिति मार्फत निर्माण कार्य गर्दा लाभग्राही समुदायले व्यहोर्नु पर्ने वा व्यहोर्नुपर्ने रकम उल्लेख गरी सम्झौता गराई कार्य गर्नुपर्ने व्यवस्था छ। नमूना छनौट गरी परीक्षण गर्दा देखायका निमार्ण कार्य उपभोक्ता समिति मार्फत सञ्चालन गराई भुक्तानी भएकोमा उपभोक्ता समितिको लागत वा श्रम सहभागिता रहेको पाइएन। जसले गर्दा नियमावलीको व्यवस्थाको पालना भएको पाइन। आगामी दिनमा पालिकाले उपभोक्ता समिति मार्फत निर्माण कार्य गराउँदा लागत वा श्रम सहभागिता अनिवार्य गराई कार्य गराउनु पर्दछ।

| भौचर नं | उपभोक्ता समितिको नाम | खर्च रकम | उभोक्ता समितिको सहभागिता |
|---|---|---|---|
| २५७-०८०/१/२ | सुकुना मा वि भवन रंगरोकन उभोक्ता समिति | ४९५८७० | ० |
| ३६२-०८०/३/५ | नयाँ मंगलबारे कृषि तथा पशु बजार व्यवस्थापन समिति | ३२०५९३ | ० |
| ३६५-०८०/३/५ | सार्वजनिक शौचालय निर्माण घुम्ती सेवा आम्बारी | २४५००० | ० |
| २७८-०८०/०२/०१ | महाराज आ.बी. पाटेशन तथा रंगरोगन समिति | २००००० | ० |

| | | | |
|---|---|---|---|
| २९४-०८०/०२/०९ | शान्तिक्षेत्र स्कुल घेराबारा उपभोक्ता समिति | २९९९९९ | ० |
| ४००-०८०/०३/१४ | लक्ष्मि आ.वि. को व्यबस्थापन तथा घेरावारा | ३९९७७३ | ० |

सैद्धान्तिक बेरुजु

१२७ **इन्धन खर्च** - कोशी प्रदेश सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययीता सम्बन्धी निर्देशिका, २०७९ मा सवारी साधनको किसिम, इन्धन खर्च र मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई प्रयोगमा ल्याउनुपर्ने व्यवस्था छ। यस वर्ष इन्धन खर्चको मापदण्ड तयार नगरी इन्धनमा रु. ३,६१२,३९६.०० खर्च गरेको छ। पालिकाको आन्तरिक आय रु.७४,६३४,४७८.७१ रहेकोमा आन्तरिक आयको ४.८४ प्रतिशत इन्धनमा खर्च गरेको देखिन्छ । पालिकामा कुल ९ वटा चार पाँग्रे तथा ३३ वटा २ पाँग्रे सवारी साधन रहेकोमा सो साधनमा प्रयोग भएको वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने अभिलेखआंशिक मात्र तयार गरेको देखिन्छ। प्रत्येक सवारी साधन प्रयोगको लगबुक राखि सम्बन्धित पदाधिकारीले प्रमाणित गर्नुपर्नेमा लगबुक अध्यावधिक राखि ईन्धन खर्च र सवारीको प्रयोग बिश्लेषण गरेको पाइएन। इन्धन खर्चलाई मितव्ययी बनाउन मापदण्ड तयार गरी सोही आधारमा उपलब्ध गराउनुपर्ने, लग बुक राख्ने र इन्धन प्रयोगको व्यवस्थित अभिलेख राख्ने व्यवस्था गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

१२८ **मर्मत खर्च** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १५(५) मा सार्वजनिक निकायले कुनै माल सामान मर्मतगर्दा सम्बन्धित विशेषज्ञबाट लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। त्यसैगरी सवारी साधन तथा मेशिन औजार मर्मत गर्दा म.ले.प.फा.नं. ४१४ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण आवेदन फारम र म.ले.प.फा.नं. ४१५ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण अभिलेख खाता राख्नुपर्ने व्यवस्था छ। कुल आन्तरिक आय रु.७४,६३४,४७८.७१ रहेकोमा पालिकाले यस वर्ष मर्मत खर्च शीर्षकमा शाखा, वडा कार्यालय र पालिका समेतको गरीपालिकामा कुल ९ वटा चार पाँग्रे तथा ३३ वटा २ पाँग्रे सवारी साधन मा रु. ५८,०१,४४३.०० मर्मत खर्च गरेको छ । कुल आन्तरिक आयको ७.७७ प्रतिशत मर्मत खर्च गरेकोले यस्तो खर्चमा नियन्त्रण गर्नुपर्ने देखिन्छ ।सवारी साधन तथा मेशिन औजार मर्मत गर्दा लागत अनुमान, मर्मत संभार तथा संरक्षण आवेदन फारम तथा मर्मत संभार तथा संरक्षण अभिलेख खाता व्यवस्थित राखेको पाइएन। नियमावलीमा भएको व्यवस्थाको पालना गर्ने र पटके प्रकारका खर्चलाई मितव्ययि वनाउने तर्फ कार्यालयको ध्यान जानुपर्दछ।

सैद्धान्तिक बेरुजु

१२९ **फोहोरमैला व्यवस्थाप खर्च र आम्दानी** - नगरपालिकाको शहरी क्षेत्रको फोहोर सङ्कलन तथा व्यवस्थापनका लागि पालिकाले विगत वर्षमानै जय श्री पाथिभरा इन्भाइरोमेन्ट केयर प्रा.लि सँग सम्झौता गरी मु.अ. कर सहित वार्षिक रु.३१३२००० उपलब्ध गराएको देखिन्छ । उक्त प्रा.लि. ले नगरपालिकाको ट्रिपर प्रयोग गरे वापत रु.२०००० र ट्याक्टरको रु.१५००० गरी जम्मा रु. ३५००० मासिक रुपमा पालिकाको

आन्तरिक राजस्व खातामा दाखिला गर्नुपर्ने करार सम्झौता भएको ।उक्त सवारीहरुको मर्मत पालिका आफैले गर्ने गरेकोमा इन्धन भने उक्त प्रालि आफैले व्यहोर्ने गरेको पाइयो । सरसफाई शुल्क संकलन गरेवापत सेवाग्राहीबाट सेवाशुल्क संकलन गरेको रकम मध्ये १० प्रतिशत मात्र पालिकालाई दिने गरेको देखिन्छ । उक्त केयर प्रालिले नगदी रसिद छपाई फोहोरमैला संकलन सेवाशुल्क संकलन गरेकोले कति रसिदमार्फत कति सेवा शुल्क संकलन भयो सो एकिन हुन सकिएन। पालिकाले नगदी (सेवा शुल्क) रसिदमा नियन्त्रण राखि व्यवस्थित तवरले सेवा शुल्क संकलन गरी पालिकाको आयलाई व्यवस्थित गर्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

१३० **विविध खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष शाखा, वडा कार्यालय र पालिकाको वेग्ला वेग्लै विविध खर्चमा खाना, खाजा लगायतका कार्यमा रु.२८,३४,७५५.०० खर्च गरेको छ। कुल आन्तरिक आय रु ७४,६३४,४७८.७१ रहेकोमा आन्तरिकआयको ३.८० प्रतिशत विविधमा खर्च गरेको देखिन्छ । उक्त खर्च के कुन कार्यक्रम सँग सम्बन्धित हो स्पष्ट खुलाउने गरेको छैन। खर्चको विलसाथ उक्त खर्च कार्यालय प्रयोजन पुष्टी हुने उपस्थिति लगायतका प्रमाण संलग्न गर्नुपर्दछ । आन्तरिक आय न्युन भएको अवस्थामा यस्तो खर्चमा नियन्त्रण गरी मितव्ययिता कायम गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१३१ **भ्रमण खर्च** - भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमणमा खटिने कर्मचारी तथा पदाधिकारीले भ्रमण अभिलेख राखि आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था गर्नुपर्ने व्यस्था तथा भ्रमण खर्च भुक्तानी गर्दा भ्रमण प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ।पालिकाले भ्रमण अभिलेख नराखि भ्रमण खर्च लेख्ने गरेकोले कार्यालयका पदाधिकारी तथा कर्मचारीहरुको विविध कार्यक्रम र खर्चमा दोहोरोपना भए नभएको सम्बन्धमा एकिन गर्न नसकिएको र भ्रमणको वास्तविकता एकिन गर्न नसकिएको । भ्रमण प्रतिवेदन वेगार भ्रमण खर्च उपलब्ध गराएकोले यस्तो कार्यमा नियन्त्रण गर्नुपर्ने देखिन्छ । यस वर्ष शाखा, वडा कार्यालय र पालिकाको वेग्ला वेग्लै रुपमा भ्रमण खर्च रु. २,४६१,२६५.०० खर्च गरेको छ । कुल आन्तरिक आय रु. ७४,६३४,४७८.७१ रहेकोमा आन्तरकि आयको ३.३० प्रतिशत भ्रमणमा खर्च गरेको देखिन्छ। अतः नियमको पालना गरी भ्रमण अभिलेख व्यवस्थित राख्ने तथा भ्रमणको उदेश्य स्पष्ट खुलाएर प्रतिवेदन पेश गराउने व्यवस्थाका साथै आन्तरिक नियन्त्रण प्रणाली कायम गरी खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

१३२ **मसलन्द तथा कार्यालय सामाग्री** - सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५ को बुँदा नं.३८ मा प्रदेश सरकार तथा स्थानीय तहका सबै कार्यालयहरु, सबै पदाधिकारी एवं कर्मचारीहरुले समेत मार्गदर्शन बमोजिम मितव्ययी एवं प्रभावकारी तवरले खर्च गर्नुपर्ने उल्लेख छ। पालिकाले मसलन्द तथा कार्यालय सामाग्री खर्च शीर्षकमा यस वर्ष रु. ६,६९६,८३८.००

खर्च गरेको छ। कुल आन्तरिक आय रु. ७४,६३४,४७८.७१ रहेकोमा कुल आन्तरिक आयको ८.९७ प्रतिशत मसलन्द तथा कार्यालय सामाग्रीमा खर्च गरेको देखिन्छ । पालिकालाई वर्षभरी आवश्यक पर्ने सामानको एकमुष्ठ विवरण बनाई सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रावधान बमोजिम खरिद योजना बनाई प्रतिस्पर्धात्मक तवरले खरिद गर्नुपर्नेमा पटक पटक सोझै बजारबाट खरिद गरी खर्च लेखेको पाइयो। सामानको आवश्यकता तथा परिमाण शुरुमै निश्चित गरी नियमको पालना गर्दै प्रतिस्पर्धात्मक रुपले खरिद कारवाही अवलम्बन गर्नेतर्फ पालिकाको ध्यान जानु पर्दछ।

सैद्धान्तिक बेरुजु

१३३ **सभा सञ्चालन खर्च** - पालिकाले सभा सञ्चालन तर्फ यस वर्ष रु.९,९९,५२७.०० खर्च गरेको देखिन्छ। पालिकाको कुल आन्तरिक आय रु. ७४,६३४,४७८.७१ रहेकोमा आन्तरिक आयको १.३४ प्रतिशत सभा सञ्चालनमा खर्च गरेको देखिन्छ। सभा सञ्चालनमा सभा सदस्य र कर्मचारीहरुलाई विविध सामाग्री वितरण कार्यहरुमा नियन्त्रण गर्नुपर्ने र सभा सञ्चालन खर्चमा मितव्ययिता कायम गर्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

१३४ **विद्युत महशुल** - प्रदेश नं.१ सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९ को बुँदा नं २१ मा बिजुली, पानी, टेलिफोन महशुल मिटर रिडिङ पछि तोकिएको समयमानै भुक्तानी गरी छुट सुविधा लिने तथा जरिवाना नतिर्ने व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। पालिकाले यस वर्ष निम्नानुसार विद्युत महशुल भुक्तानी गर्दा जरिवाना भुक्तानी गरेको छ । पालिकाले आगामी दिनमा भुक्तानी गर्नुपर्ने महसुल सयममै भुक्तानी गरी छुट सुविधाको उपयोग गरी खर्चमा मितव्ययिता कायम गर्ने तर्फ ध्यान दिनु पर्दछ।

| **भौ.नं./मिति** | **विवरण** | **रकम** |
|---|---|---|
| ३११।२०७९।०८।२६ | पालिका र वडाकार्यालयहरुको | १८२२२.११ |
| ३९६।२०७९।०९।१९ | पालिका र वडाकार्यालयहरुको | ५९९.०० |
| **जम्मा** | | **१८८२१.११** |

सैद्धान्तिक बेरुजु

१३५ **तालिम खर्च** –

**...........प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०८०।१२।८ को निर्णयबाट रु.६५८७।-सम्परीक्षण गरिएको ।**

१३६ **आन्तरिक लेखापरीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७७ मा स्थानीय तहले कानून बमोजिम आफ्नो आय व्ययको आन्तरिक लेखापरीक्षण गराउनुपर्ने र लेखापरीक्षणले औंल्याएका कैफियत

अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै सम्परीक्षण गराउनुपर्ने व्यवस्था छ। आन्तरिक लेखापरीक्षणमा औंल्याएको बेरुजु लेखापरीक्षणको समयमा फछ्र्यौट नभइ बाँकी निम्नानुसार रहेको छः

१३६.१ **सक्कल विजक-** आर्थिक कार्यवीधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मवार व्यक्तिले सरकारी रकमको खर्च लेख्दा आबश्यक बिल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ। मर्मत संभार कोष अन्तरर्गत द्रोणिका प्रालीलाई रु १८७६२५ भुक्तानी भएकोमा सक्कल कर विजिक पेश नभएकोले सक्कल विजक पेश हुनुपर्ने रु.१८७६२५

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,८७,६२५ |

१३६.२ **विल पेश-** आर्थिक कार्यवीधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मवार व्यक्तिले सरकारी रकमको खर्च लेख्दा आबश्यक बिल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले निम्न कार्य गरी खर्च लेखेकोमा खर्च पुस्टि गर्ने विल पेश नभएकोले खर्चको विल पेश हुनुपर्ने रु.५३८९०

| क्र सं | फर्म/संस्थाको नाम | कामको विवरण | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | मुक्कुमलुङ विल्डर्स प्राली | उर्लाबारी बहुमुखी क्याम्पस भवन निर्माण कार्य | ३३८९० | योजना बोर्ड र बीमा विल |
| २ | आशु कन्स्ट्रक्सन प्रालीलाइ | सार्वजनिक शौचालय निर्माण , घुम्ति समेत | ४००० | योजना बोर्ड |
| ३ | सिद्वदेवी निर्माण सप्लायर्स | सुनपकुवा माध्यमिक विद्यालयको भवन निर्माण कार्य | १६००० | PS Item को विल पेश नभएको |
| **जम्मा** | | | **५३८९०** | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५३,८९० |

१३६.३ **बढी भुक्तानी** - आर्थिक कार्यवीधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मवार व्यक्तिले सरकारी रकमको खर्च लेख्दा आबश्यक बिल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ।

पालिकाले देहायका विधिन्न कार्यक्रम सञ्चालन गरी भुक्तानी गरेकोमा खर्च भन्दा बढी भुक्तानी भएको पाइएकोले बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.११७७८

| क्र सं | कार्यक्रमको नाम | खर्च भएको रकम | भुक्तानी भएको रकम | बढी भुक्तानी |
|---|---|---|---|---|
| १ | महिला हिंसा दुर्व्यसनी बिरुद्द सचेतना कार्यक्रम | | | १४०० |
| २ | ब्युटी पार्लर तालिम संचालन (न्यु दृश्या कस्मेटिक एन्ड ब्युटिपार्लर) | ६६३५० | ७४९७६ | ८६२६ |
| **जम्मा** | | **१३४९९२** | **१४५३७०** | **१०,०२६** |

**प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०८०।१२।८ को निर्णयबाट रु.१७५२।-सम्परीक्षण गरिएको ।**

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,०२६ |

१३६.४ **वितरण भरपाई** - आर्थिक कार्यवीधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मवार व्यक्तिले सरकारी रकमको खर्च लेख्दा आबश्यक बिल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले देहायका सामाग्री खरिद गरी खर्च लेखेकोमा वितरण भरपाई संलग्न नभएकोले उक्त सामाग्री वितरण गरी प्रमाण पेश गर्नुपर्ने रु.१०२१००

| क्र सं | कार्यक्रमको नाम | सामाग्रीको नाम | सामान पाउने | रकम |
|---|---|---|---|---|
| १ | वडा नं ५ को सुत्केरी पोषण कार्यक्रम | चामल | सुत्केरी महिला | ७२४०० |
| | | दाल | | २९७०० |
| **जम्मा** | | | | **१०२१००** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,०२,१०० |

१३६.५ **शैक्षिक उपहार/ऋण कार्यक्रम-** कार्यालयले स्वीकृत बजेट खर्च गर्दा बिल भरपाई संलग्न गरेर मात्र खर्च लेख्नु पर्दछ । विल भरपाई संलग्न नगरी विभिन्न व्यक्ती तथा संघ संस्थालाई अनुदान दिएकोमा सोको

समुचित उपयोग भए नभएको कार्यालयले अनुगमन गरी सोको प्रतिवेदन संलग्न गर्नु पर्दछ । पालिकाले मदन भण्डारी स्मृति प्रतिष्ठान नेपाल, उर्लाबारी सँग सम्झौता गरी पालिका अन्तरगतका लक्षित वर्गका छात्रछात्राहरुलाई नगरपालिकाको सिफारिस अनुसार शैक्षिक उपहार/ऋण कार्यक्रम वापत अध्यापन गराउनको लागि घुम्ती कोष स्थापना गर्न रु. ५०००००/- अनुदान उपलब्ध गराएको छ। पालिकाले उक्त कार्यक्रम अन्तरर्गत लक्षित वर्गका छात्रछात्राहरु सिफारिस भए गरेको पाइएन साथै कोषको कोष स्थापना भए नभएको सोको सम्बन्धमा अनुगमन गरि कोषको परिचालन स्थितीको अवस्थाको जानकारी प्राप्त भएको देखिएन। पालिकाले विगत वर्ष देखि कोषमा अनुदान उपलब्ध गराइएकोमा सो कोषको परिचालन भई अनुदानको समुचित उपयोग भए नभएको एकिन गर्नुपर्ने रु.५०००००

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,००,००० |

१३६.६ **अनुगमन प्रतिवेदन-** आर्थिक कार्यवीधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा जिम्मवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अगि यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आबश्यक बिल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था गरेको छ। पालिकाले देहायका कार्यक्रम गरी भुक्तानी गरेकोमा कार्यक्रम सञ्चालन सम्बन्धी लागत अनुमान तथा अनुगान प्रतिवेदन पेश नभएकोले कार्यक्रम सञ्चालनको यथार्थ विवरण चित्रण गर्ने गरी लागत अनुमान सहितको प्रतिवेदन पेश गर्नुपर्ने रु.७११६०५

| **क सं** | **कार्यक्रमको नाम** | **रकम** |
|---|---|---|
| १ | छुवाछुतमुक्तनगर कार्यक्रमहरु | १४५८८३ |
| २ | स्वास्थ्य शिविर संचालन कार्यक्रम (संगिता गजमेर) | २००००० |
| ३ | सेनेटरी प्याड बनाउने तालिम कार्यक्रम (पाथीभारा घरेलु उत्पादन तथा प्रशिक्षण केन्द्र) | ९९७२२ |
| ४ | वडा नं ३ को खेलकुद सामाग्री वितरण कार्यक्रम (संझना थापा) | ११०००० |
| ५ | वडा नं ५ को स्वास्थ्य शिविर संचालन (पवन नेपाल) | १५०००० |
| ६ | कम्प्युटर तालिम साइबर स्पेश कम्प्युटर इन्स्टिच्युट | ६००० |
| **जम्मा** | | **७११६०५** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,११,६०५ |

१३७ **पदोन्नती र ग्रेड थप** - नेपालको संबिधानको धारा २२७ मा नगरपालिका र नगरपालिकाको कर्मचारी र कार्यालय सम्बन्धी अन्य व्यवस्था प्रदेश कानुन बमोजिम हुने तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८६ मा स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी आधारभुत सिद्वान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने गरी स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था रहेको छ। प्रदेश लोकसेवा आयोग ऐन, २०७६ को दफा १० को उपदफा ५(ग) मा स्थानीय सेवाको पदमा नियुक्ति, बढुवा र विभागीय कारबाही गर्दा अपनाउनु पर्ने सिद्धान्तको विषयमा प्रदेश लोक सेवा आयोगको परामर्श लिनुपर्ने उल्लेख छ। कोशी प्रदेशको स्थानीय सेवाको गठन, संचालन र सेवाका शर्तहरु सम्बन्धमा व्यवस्था गर्न जारी गरीएको अध्यादेश,२०८० र उर्लाबारी नगरपालिका नगर कार्यपालिकाको २०८०/०१/१७ को निर्णय अनुसार ७ जना कर्मचारीलाई पदोन्नति हुने गरी तह वृद्धि तथा ग्रेड बृद्धि गरेको छ। कानून नभएकोले तह वृद्धि हुने कर्मचारी माथिल्लो तहको लागि चाहिने योग्यता र सेवा अवधि पुरा भए नभएको, समान योग्यता भएका कर्मचारी सबैले पदोन्नतिको समान अवसर पाए नपाएको तथा समन्यायिक तरिकाले कर्मचारीको तह वृद्धि भए नभएको सम्वन्धमा एकीन गर्न सकिएन। तह वृद्धि तथा ग्रेड वृद्धि गरेका ७ जना कर्मचारीलाई २०८०।०१।१४ देखि २०८० आषाढ महिनासम्मको तलब भत्ता भुक्तानी गरी रु.२११७१ थप व्ययभार पारेको देखियो। पालिकाले कानुनको आधारभुत सिद्वान्त, मापदण्ड र कानूनी आधार वेगरै गरेको तह वृद्वि र ग्रेड थप सम्बन्धी कार्य संबिधान र प्रचलित कानुन बमोजिम भएको देखिएन।

| क्र. सं, | कर्मचारीकोनामथर | साविकको पद | स्तरवृद्धिभएको मिति | स्तरवृद्धिभए को पद | साविककोतलब | साबिकको ग्रेड | साबिक को कुल जम्मा | कायम भएकोतलब | कायम भएको ग्रेड | कायम भएको कुल जम्मा | बढीव्यय भार |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | विकास दाहाल | अधिकृतछैटौं | २०८०।१।१९ | अधिकृतसातौ | ४३६८९ | ४३६८ | ४८०५७ | ४८९७७ | ० | ४८९७७ | २७६० |
| २ | कुबेर प्रसादढकाल | आलेपअधिकृत छैटौं | २०८०।१।१९ | आलेपअधिकृत सातौ | ४३६८९ | ४३६८ | ४८०५७ | ४८९७७ | ० | ४८९७७ | २७६० |
| ३ | अशोक घिमिरे | शिक्षाअधिकृत छैटौ | २०८०।१।१९ | शिक्षाअधिकृत सातौ | ४३६८९ | ४३६८ | ४८०५७ | ४८९७७ | ० | ४८९७७ | २७६० |
| ४ | पोखराज शाह | इन्जिनियर छैटौ | २०८०।१।१९ | इन्जिनियरसातौ | ४३६८९ | ४३६८ | ४८०५७ | ४८९७७ | ० | ४८९७७ | २७६० |
| ५ | हिमांशु देव | इन्जिनियर छैटौ | २०८०।१।१९ | इन्जिनियरसातौ | ४३६८९ | ४३६८ | ४८०५७ | ४८९७७ | ० | ४८९७७ | २७६० |
| ६ | विष्णुमायारम्तेल | समविनि | २०८०।१।१९ | महिलाविकास निरिक्षक | ३२९०२ | ८७७६ | ४१६७८ | ४३२४८ | ० | ४३२४८ | ४७१० |
| ७ | रोशन रणपाल | नायवप्राविधिक सहायक | २०८०।१।१९ | प्राविधिकसहायक | ३२९०२ | ७६७९ | ४०५८१ | ४१४६८ | ० | ४१४६८ | २६६१ |
| जम्मा | | | | | | | | | | | २११७१ |

सैद्धान्तिक बेरुजु

१३८ **अन्य संस्था सहयोग** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार स्थानीय तहले खर्च गर्दा आफ्नो क्षेत्राधिकार तथा बजेटको सीमा भित्र रही मितव्ययी तवरले खर्च गर्नुपर्दछ। पालिकाले यो वर्ष शान्ति सुरक्षा व्यवस्थापनमा रु १० लाख वजेट विनियोजन गरी विभिन्न चालु शिर्षकमा विलका आधारमा रु १० लाख खर्च गरेको देखिन्छ । नेपाल सरकारको छुट्टै कार्यालयको रुपमा रही बजेट व्यवस्थापन हुने तथा स्थानीय निकायको क्षेत्राधिकार भित्र नपर्ने कार्यको लागि पालिकाले खर्च गर्नेको औचित्य नदेखिनुको साथै थप व्ययभार समेत परेको देखिन्छ। यस्तो प्रकृतीको खर्चले थप व्ययभार वढ्दै जाने र खर्चमा मितव्ययिता नहुने देखिएकोले यस्ता प्रकृतिको खर्चमा नियन्त्रण गर्नुपर्दछ ।यसरी अलग वजेट व्यवस्था भएका निकायलाई समेत भुक्तानी गरेको नियम सम्मत नदेखिएको रु.१०००००० 

| मिति | भौ. नं. | कार्यक्रमको नाम | विवरण | डेबिट |
|---|---|---|---|---|
| ०६/१२/२०७९ | १३० | शान्ति सुरक्षा व्यवस्थापन | इलाका प्रहरी कार्यालय, उर्लाबारी | ५६,८३१ |
| ०६/१२/२०७९ | १३४ | शान्ति सुरक्षाव्यवस्थापन | इलाका प्रहरी कार्यालय, उर्लाबारी | १८७,२६५ |
| ०६/१२/२०७९ | १४८ | शान्ति सुरक्षाव्यवस्थापन | इलाका प्रहरी कार्यालय, उर्लाबारी | १३,२०० |
| २०७९/०६/३१ | १८३ | शान्ति सुरक्षाव्यवस्थापन | इलाका प्रहरी कार्यालय, उर्लाबारी | १४,००० |
| ०७/१६/२०७९ | २१६ | शान्ति सुरक्षाव्यवस्थापन | सशस्त्रप्रहरीलाई इन्धन | १७,८७० |
| ०८/२०/२०७९ | २९९ | शान्ति सुरक्षाव्यवस्थापन | सशस्त्रप्रहरीलाई इन्धन | ११,००० |
| १०/१७/२०७९ | ४५५ | शान्ति सुरक्षाव्यवस्थापन | इलाका प्रहरी कार्यालय, उर्लाबारी | १४,१०० |
| १०/१७/२०७९ | ४५७ | शान्ति सुरक्षाव्यवस्थापन | इलाका प्रहरी कार्यालय, उर्लाबारी | २०१,५०० |
| १०/१७/२०७९ | ४८३ | शान्ति सुरक्षाव्यवस्थापन | इलाका प्रहरी कार्यालय, उर्लाबारी | ३५,७४० |
| १०/२४/२०७९ | ५०५ | शान्ति सुरक्षाव्यवस्थापन | इलाका प्रहरी कार्यालय, उर्लाबारी | १७३,७८६ |
| १२/१५/२०७९ | ७२४ | शान्ति सुरक्षाव्यवस्थापन | इलाका प्रहरी कार्यालय, उर्लाबारी | ३७,९५० |

| | | | | |
|---|---|---|---|---|
| १२/२९/२०७९ | ७८० | शान्ति सुरक्षाव्यवस्थापन | इलाका प्रहरी कार्यालय, उर्लाबारी | १३,४०० |
| ०१/१३/२०८० | ८४६ | शान्ति सुरक्षाव्यवस्थापन | इलाका प्रहरी कार्यालय, उर्लाबारी | १५४,२९७ |
| ०३/१४/२०८० | १,१८४ | शान्ति सुरक्षाव्यवस्थापन | इलाका प्रहरी कार्यालय, उर्लाबारी | १५,८०० |
| ०३/१९/२०८० | १,२५२ | शान्ति सुरक्षाव्यवस्थापन | इलाका प्रहरी कार्यालय, उर्लाबारी | २१,००० |
| ०३/२४/२०८० | १,३७४ | शान्ति सुरक्षाव्यवस्थापन | इलाका प्रहरी कार्यालय, उर्लाबारी | ३२,२६१ |
| **जम्मा** | | | | **१,०००,०००** |

| | |
|---|---|
| अनियमित भएको | १०,००,००० |

१३९ **बैठक भत्ता –**

**...........प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०८०।१२।०८ को निर्णयबाट रु.९७७५।-सम्परीक्षण गरिएको ।**

१४० **बढी भुक्तानी –**

**...........प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भई पेश भएको आधारमा मिति २०८०।१२।०८ को निर्णयबाट रु.६१५०।-सम्परीक्षण गरिएको ।**

१४१ **करदाता शिक्षा अभिमुखीकरण तालिम** - १३३३-०८०/०३/२३ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने उल्लेख छ। उर्लाबारी नगरपालिकाका ९ वटा वडाहरुमा करदाता शिक्षा तथा अभिमुखिकरण तालिम संचालन वापत कर्मचारी श्री सुमित खवासलाई कुल भुक्तानी रु ४०००००।— भएको छ। तालिम संचालन गर्दा वितरण गर्नको लागि खरिद गरीएका तपशिलका सामाग्री वितरणको भर्पाई पेश नभएकोले वितरण भर्पाइ पेश हुनुपर्ने रु.९३६००

| वितरण भर्पाई पेश नभएका सामाग्रीहरु | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| डायरी | | | जेल पेन | | | माइ क्लियर व्यागि | | |
| थान | दर | जम्मा | थान | दर | जम्मा | थान | दर | जम्मा |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २३० | १५० | ३४५०० | २३० | ५० | ११५०० | २३० | ४० | ९२०० |
| ८० | १५० | १२००० | ८० | ५० | ४००० | ८० | ४० | ३२०० |
| ८० | १५० | १२००० | ८० | ५० | ४००० | ८० | ४० | ३२०० |
| जम्मा | | ५८५०० | जम्मा | | १९५०० | जम्मा | | १५६०० |
| **कूल जम्मा** | | | | | | | | **९३६००** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९३,६०० |

१४२ **मध्यकालिन खर्च संरचना** - ९८७।२०८०।०२।२१ र १३८२।२०८०।०३।२४ मध्यकालिन खर्च संरचना निर्माणका लागि रु.३९९४६६.३० खर्च गरेको देखिन्छ। पालिकाले लागत अनुमान तयार गर्दा कुन नर्म्सको प्रयोग गरेको हो सो नखुलेको तथा लागत अनुमान रु.४९८८८३।७० को बनाएकोमा उक्त लागत अनुमानको क्र.स. ४ मा स्थानीय तहहरुमा मस्यौदा प्रस्तुतिकरणमा रु.२०००० को लागत अनुमान तयार गरी सोही बमोजिम पाथिभरा अनुसन्धान सेवा एवम परामर्श सेवा प्रा लिलाई भुक्तानी दिएको देखिन्छ । यसरी एक स्थानीय तहको मध्यकालिन खर्च संरचना अन्य स्थानीय तहहरुमा मस्यौदा प्रस्तुतिकरण गर्न आवश्यक नदेखिएकोले उक्त खर्च रकम असुल गर्नुपर्ने रु.२००००

| | |
|---|---|
| असुल गर्नुपर्ने | २०,००० |

१४३ **ग्राभेल कार्य** - स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा १४ मा नगरपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामग्री, ज्याला, भाडा तथा महसुलको स्थानीय न्यूनतम दररेट तोक्नु पर्ने र उक्त दररेट प्रत्येक आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै तोकी सक्नु पर्ने उल्लेख छ । नगरपालिकाले यो बर्षको न्युनतम दररेट निर्धारण गर्दा जिल्ला दररेट निर्धारण समितिले निर्धारण गरेको दरलाई स्विकृत गरेको देखिन्छ । तर आर्थिक वर्षको मध्यमा आएर राजश्व परामर्श समितिको सिफारिस वमोजिम भनि RIVER BED MATERIAL को दर रु ४५० प्रतिघनमिटर वाट रु ७०० प्रतिघनमिटरमा वृद्धि गरेको देखियो । यसरी आर्थिक वर्षको विचमा आएर सामाग्रिको दर वृद्धी गर्ने कानुनी व्यवस्था नरहेकाले दर वृद्धि गरी योजनाको लागत अनुमान तथा भुक्तानी समेत वृद्धि भएकै दरमा गरेको देखिन्छ । पालिकाले तपशिलका योजना तथा मर्मत वापत भुक्तानी गरेकोमा जिल्ला दररेट भन्दा फरक पारी बढी दरमा भुक्तानी गरेकोले बढी भुक्तानी गरेको रकम असुल गर्नुपर्ने रु.७६९०९६

| गोभौनं र मिति | कामको विवरण | भुक्तानी लिने | कुल भुक्तानी | जिल्ला दररेट | भुक्तानीदररेट | बढि दररेट | परिमाण | जम्मा बढी रकम |
|---|---|---|---|---|---|---|---|---|
| ३।२०७९।५।२८ | वडा नं ८ का विभिन्न टोलका सडकहरु मर्मत | शिव निर्माण सेवा | ४८७८७० | ४५० | ७०० | २५० | ४२२.५ | १०५६२५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २।२०७९।५।१२ | सरस्वती किर्तन मण्डलीको सभाहल जाने बाटो मर्मत | रिया रिसर्च कन्स्ट्रक्सन एण्ड सप्लायर्स | १९३२९७ | ४५० | ७०० | २५० | ११३.९१ | २८४७८ |
| ६।२०७९।६।१२ | बक्रा पश्चिम सुनझोडा खोला पूर्वको महेन्द्र राजमार्गको खाल्डो पुराई | युगल कन्स्ट्रक्सन | ५०१४६ | ४५० | ७०० | २५० | ४३.६७ | १०९१८ |
| ७।२०७९।६।१२ | मावा पश्चिम महेन्द्र राजमार्ग पुराई | लोक दिप निर्माण सेवा | ८००४६ | ४५० | ७०० | २५० | ६९.७ | १७४२५ |
| २०।२०७९।१०।२० | मंगलबारे सिमसार ग्राभेल बाटो मर्मत | जय श्री पाथिभरा इन्भाइरोमेन्ट केयर प्रा.लि. | ४५३०९ | ४५० | ८०० | ३५० | ४५.५ | १५९२५ |
| १२।२०७९।८।२६ | परिवर्तन टोल स्थित नमुना मार्ग सम्म बाटो मर्मत | जी. सम्राट कन्स्ट्रक्सन एण्ड सप्लायर्स | ८२८३८ | ४५० | ८०० | ३५० | ८१.५९ | २८५५७ |
| ३६९।२०८०।३।६ | लुइटेलको घर मुखियाको घर हुँदै समाधिस्थल जाने बाटोमा ह्युमपाइ सहित ग्राभेल उ.स. १ | उपभोक्ता समिति | २६६५१९ | ४५० | ८६७.५२ | ४१८ | ३०७.२२ | १२८२७० |
| ३७०।०८०।३।६ | बालज्योति सुकुम्बासी देखि मिक्लाजुङ्ग गापा सिमानासम्म ह्युमपाइ सहित ग्राभेल उ.स. १ | उपभोक्ता समिति | २६६५१९ | ४५० | ८६७.५२ | ४१८ | ३०७.२२ | १२८२७० |
| ३७१।०८०।३।६ | विहिबारे होली कल्भर्ट निर्माण उ.स. १ | उपभोक्ता समिति | १९८३०६ | ४५० | ८६७.५२ | ४१८ | २२८.५९ | ९५४४१ |
| ३७२।०८०।३।६ | आचार्य साइलिको घरहुँदै मौरीपालन तैलेपारीसम्म बाटो ग्राभेल उ.स. १ | उपभोक्ता समिति | ३४१७६८ | ४५० | ८६७.५२ | ४१८ | ३९३.९६ | १६४४८६ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३७३।०८०।३।६ | गोपाल कोइरालाको घरहुँदै वुढाठाकुर महाराजथान जाने लुज ग्राभेल निर्मण उ.स. १ | उपभोक्ता समिति | ९४९५९ | ४५० | ८६७.५२ | ४१८ | १०९.४६ | ४५७०२ |
| | | | | | | | | ७६९०९६ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७,६९,०९७ |

१४४

संपरीक्षणबाट थप भएको बेरूजू

| क्र.सं. | बेरुजुको विवरण | रकम |
|---|---|---|
| १ | पालिकाले मेड्पा कार्यक्रम अन्तर्गत उद्यमीहरुलाई प्रविधि हस्तान्तरण कार्यको लागि मनोज ट्रेडर्स सुनसरीबाट २२ वटा सिलाई मेशिन रु.३४२३२१ खरिद गरी वितरण गर्न बाँकी रहेकोमा प्रतिकृयासाथ उद्यमीहरुलाई वितरण गरेको पाइयो। उद्यमीहरुलाई प्रविधि हस्तान्तरण गर्दा २० प्रतिशत सहभागिता हुनुपर्ने जस अनुसार रु.६८४६४ दाखिला हुनुपर्नेमा रु. ३९३०७ मात्रै दाखिला गरेको प्रमाण पेश भएकोले कम दाखिला भएको रकम असुल हुनुपर्ने रु.२९१५७ | २९१५७.०० |

## अनुसूचीहरू

अनुसूची - १

### आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७९/८०

कार्यालय र स्थान : उर्लाबारी नगरपालिका, मोरङ , उर्लाबारी नगरपालिका , मोरङ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | अर्जुन निरौला | २०८०-५-४ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | अग्नि प्रसाद अधिकारी | २०७८-११-२२ | २०८०-५-४ |
| लेखा प्रमुख | गोविन्द कार्की | २०७३-१२-२२ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरणः

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| २१,१२४,१९३.९९ | ३३,५११,९८०.३२ | १८,४८८,७६३.९७ | ० | ० | ४५०,००० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ७३,५७४,९३८.२८ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ५,९०९,२५४.४८ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | २९,१५७ |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ६७,६९४,८४०.८ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | २४९७१७७७१.५८ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ९१०८५०६८० | चालु खर्च | ७०५६७५६९३.४८ |
| प्रदेश सरकारबाट अनुदान | २५७९१०३२.५३ | पूँजीगत खर्च | ३२७३७२२७८.५३ |
| राजश्व बाँडफाँट | १२८९६२६०४.५१ | वित्तीय/अन्य व्यवस्था | १९३४६४०२४.५४ |
| आन्तरिक आय | ५८९९७९५३.९६ | | |
| अन्य आय | ५३०९१४५५.५७ | | |
| कुल आय | ११७७६९३७२६.५७ | कुल खर्च | १२२६५११९९६.५५ |
| बाँकी मौज्दात | | २००८९९५०१.६ | |

बेरूजु दफा २ सँग सम्बन्धित विवरण - अनुसूची -३

# उर्लाबारी नगरपालिका
# Urlabari Municipality
## नगर कार्यपालिकाको कार्यालय
## Office of the Municipal Executive

उर्लाबारी, मोरङ
Urlabari, Morang

कोशी प्रदेश, नेपाल
Koshi Province, Nepal

प.सं. २०८०।०८१ च.नं.

मितिः २०८०/०८/११

विषयः आर्थिक वर्ष: २०७९/८० को आय व्यय विवरण ।

| सि. नं. | आयतर्फ विवरण | रकम | रकम | सि. नं. | व्ययतर्फ विवरण | रकम | रकम |
|---|---|---|---|---|---|---|---|
| 1 | गत बर्षको जिम्मेवारी | | | १ | चालु खर्च | | |
| | क) संचित कोष | २२८६६१७९७.८२ | | | क) नगरपालिका चालु | १७१९६२६९७.६ | |
| | ख) धरौटि खाता | १६९६७४३३.३३ | | | ख) शशर्त चालु | २३०९००७२९.६ | |
| | ग) मर्मत संभार कोष खाता | ९६६७६३.८० | | | ग) स्वास्थ्य चालु | ११०८५२०४.०० | |
| | घ) प्रकोप व्यवस्थापन कोष खाता | ३१२१७७६.६३ | २४९७१७७७१.५८ | | घ) शिक्षा चालु | ८६६२२५७.०० | |
| 2 | राजश्व (आन्तरीक आय) | | | | ङ) कृषि चालु | ९५७२६६८.०० | |
| | क) आन्तरीक राजश्व | ५८९९७९५३.९६ | | | च) पशु चालु | ६१९६६६७.०० | |
| | ख) संघिय राजश्व बाँडफाँड | ८४४८८१९२.४६ | | | छ) आयुर्वेद चालु | ९९९१८०.०० | |
| | ग) प्रदेश सवारी साधन कर | ८६६१४८४.६० | | | ज) प्रदेश चालु | १२०६८४०.१७ | |
| | घ) घर जग्गा रजिष्ट्रेसन दस्तुर | २८३००१४७.०० | | | झ) सामाजिक सुरक्षा भत्ता | २६५०८९४५०.० | ७०५६७५६९३.४८ |
| | ङ) बाँडफाँड बाट प्राप्त हुने विज्ञापन कर | ३४२१८७.५६ | | २ | पुजिँगत खर्च | | |
| | च) बाँडफाँड भइ प्राप्त हुने दहत्तर बहत्तरको आय | ७१७०५९२.८९ | १८७९६०५५८.४७ | | क) नगरपालिका पुजिँगत | २२८८३६७८५.० | |
| 3 | वित्तिय हस्तान्तरण संघ | | | | ख) शशर्त पुजिँगत | ८०४३७४४३.०० | |
| | क) वित्तिय समानिकरण अनुदान | १६६५००००.०० | | | ग) स्वास्थ्य पुजिँगत | ९७३९६३.०० | |
| | ख) शसर्त अनुदान | ४४९२६१२३०.०० | | | घ) शिक्षा पुजिँगत | १३७३३०७.०० | |
| | ग) समपुरक अनुदान | २०००००००.०० | | | ङ) कृषि पुजिँगत | ७५८१०९९.०० | |
| | घ) विषेश अनुदान | १०००००००.०० | ६४५७६१२३०.०० | | च) पशु पुजिँगत | १९३४९४०.०० | |
| 4 | प्रदेश सरकार बाट प्राप्त अनुदान | | | | ज) प्रदेश पुजिँगत | ६२३४७४१.५३ | ३२७३७२२७८.५३ |
| | क) वित्तिय समानिकरण अनुदान | ८८१५६२५.०० | | ३ | विभिन्न कोष तर्फको खर्चको | | |
| | ख) शसर्त अनुदान | १०७४०६६६.०० | | | क) धरौटि खाता | ८४५३५४९.०० | |
| | ग) समपुरक अनुदान | ६२३४७४१.५३ | २५७९१०३२.५३ | | ख) मर्मत संभार कोष खाता | ८२८७८६१.०० | |
| 5 | अन्तर स्थानिय तहबाट प्राप्त | | | | ग) प्रकोप व्यवस्थापन कोष खाता | ७६८५५४६.०० | २४४२६९५६.०० |
| | क) सामाजिक सुरक्षा | २६५०८९४५०.०० | २६५०८९४५०.०० | ४ | अनुदान फिर्ता | | |
| 6 | अन्य | | | | क) संघिय सरकार तर्फ फिर्ता | १६७०६२२८७.३ | |
| | क) सडक बोर्ड नेपाल | ३९४४२०२.०० | ३९४४२०२.०० | | ख) प्रदेश सरकार तर्फ फिर्ता | १९७४७८१.१९ | १६९०३७०६८.५४ |
| 7 | विभिन्न कोष तर्फको आय | | | ५ | मौज्दात | | |
| | क) धरौटि खाता | १४६३४२९०.३२ | | | क) संचित कोष | १६५१७२०८७.५ | |
| | ख) मर्मत संभार कोष खाता | १२५०००००.०० | | | ख) धरौटि खाता | २३१४५१७४.६५ | |
| | ग) प्रकोप व्यवस्थापन कोष | १०००००००.०० | ३९१३४२९०.३२ | | ग) मर्मत संभार कोष | ५१४६००८.८० | |
| | घ) कर्मचारी कल्याण कोष खाता | २००००००.०० | | | घ) कर्मचारी कल्याण कोष | २००००००.०० | |
| 8 | जनसहभागिता (नगद) | १००१२९६३.२५ | १००१२९६३.२५ | | घ) प्रकोप व्यवस्थापन कोष | ५४३६२३०.६३ | २००८९९५०१.६० |
| | जम्मा रकम | १४२७४११४९८.१ | १४२७४११४९८.१ | | जम्मा रकम | १४२७४११४९८.१ | १४२७४११४९८.१ |

पेश गर्ने

प्रमाणित गर्ने

फोन नं. : ०२१-५४१५१८, ५४[illegible]५४५९, E-mail : info@urlabarimun.gov.np, website : urlabarimun.gov.np

# उर्लाबारी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय, मोरङ
कार्यालयको कोड : ८०११३४०१३००

वित्तीय प्रतिवेदन

म.ले.प.फा.नं. २७२

आ.व. : २०७९/८० अवधी : २०७९/०४/०१ - २०८०/०३/३१

प्राप्ती भुक्तानी हिसाव

| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
|---|---|---|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | १,१९,१९,६९,३३९.०३ | ७३,४३,८२,७९७.५३ | | ७३,४३,८२,७९७.५३ | ७७,९१,२२,२७८.४६ | | ७७,९१,२२,२७८.४६ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | १,१६,३३,८०,७९८.६० | ७०,५२,५१,५०७.२१ | ०.०० | ७०,५२,५१,५०७.२१ | ७३,२१,५०,७०८.४६ | ०.०० | ७३,२१,५०,७०८.४६ |
| ११००० कर | ११ | १५,७९,१०,२०९.६० | १४,०२,०७,६८३.३९ | ०.०० | १४,०२,०७,६८३.३९ | १७,६४,०६,४८७.८४ | ०.०० | १७,६४,०६,४८७.८४ |
| १३००० अनुदान | | ७१,६७,१४,२५०.०० | ५१,२९,९९,१३४.२४ | ०.०० | ५१,२९,९९,१३४.२४ | ४९,१८,१३,०२५.९३ | ०.०० | ४९,१८,१३,०२५.९३ |
| संघीय सरकार | १२ | ६६,०२,२२,०००.०० | ४७,७८,३८,१७२.६५ | ०.०० | ४७,७८,३८,१७२.६५ | ४४,८४,१२,४७५.१३ | ०.०० | ४४,८४,१२,४७५.१३ |
| प्रदेश सरकार | १२ | ३,१२,६५,०००.०० | २,३८,१६,२५१.३४ | ०.०० | २,३८,१६,२५१.३४ | २,९२,६७,७२२.०० | ०.०० | २,९२,६७,७२२.०० |
| अन्तरिक श्रोत | | १५,७७,७५०.०० | १३,३१,७४७.०० | ०.०० | १३,३१,७४७.०० | ७१,८०,६६२.०० | ०.०० | ७१,८०,६६२.०० |
| जनसहभागिता | | २,३६,४९,५००.०० | १,००,१२,९६३.२५ | ०.०० | १,००,१२,९६३.२५ | ६९,५२,१६६.८० | ०.०० | ६९,५२,१६६.८० |
| १४००० अन्य राजस्व | | ५,५३,७८,५१९.०० | ५,२०,४४,६८९.५८ | ०.०० | ५,२०,४४,६८९.५८ | ६,३६,०९,२१०.२३ | ०.०० | ६,३६,०९,२१०.२३ |
| १५००० विविध प्राप्ति | | २७,५५,०००.०० | ०.०० | ०.०० | ०.०० | ३,२१,९८४.४६ | ०.०० | ३,२१,९८४.४६ |
| ३२००० वित्तीय सम्पत्ति | | २३,०६,२२,८२०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ख. अन्य प्राप्ति | | २,८५,८८,५४०.४३ | २,९१,३१,२९०.३२ | | २,९१,३१,२९०.३२ | ४,६९,७१,५७०.०० | | ४,६९,७१,५७०.०० |
| वितरण गर्न बाकी राजस्व | | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| कोषहरु | | २,८५,८८,५४०.४३ | १,४५,००,०००.०० | ०.०० | १,४५,००,०००.०० | ३,००,००,०००.०० | ०.०० | ३,००,००,०००.०० |
| धरौटी | | ०.०० | १,४६,३१,२९०.३२ | ०.०० | १,४६,३१,२९०.३२ | १,६९,७१,५७०.०० | ०.०० | १,६९,७१,५७०.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| भुक्तानी (ग+घ) | | १,१९,१९,६९,३३९.०३ | ७९,३७,७२,२०१.६५ | | ७९,३७,७२,२०१.६५ | ७३,३१,१६,३०१.२८ | | ७३,३१,१६,३०१.२८ |
| ग. भुक्तानी (संचित कोषबाट) | | १,१६,३३,८०,७९८.६० | ७६,९३,४५,२४५.६५ | | ७६,९३,४५,२४५.६५ | ६९,४३,२५,९९२.८२ | | ६९,४३,२५,९९२.८२ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | १०,५४,८४,२७४.६० | ६,६८,९८,१२६.०० | ०.०० | ६,६८,९८,१२६.०० | ४,८४,५०,९७७.६८ | ०.०० | ४,८४,५०,९७७.६८ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | ४५,४९,१९,३०२.०० | ३७,२१,७०,३८०.६५ | ०.०० | ३७,२१,७०,३८०.६५ | ३४,३८,४४,९५७.६२ | ०.०० | ३४,३८,४४,९५७.६२ |
| २५००० सहायता (Subsidy) | १८ | ४,८०,०००.०० | ४,४७,६६६.०० | ०.०० | ४,४७,६६६.०० | १,६९,४२८.०० | ०.०० | १,६९,४२८.०० |
| २६००० अनुदान | १८ | ०.०० | ०.०० | ०.०० | ०.०० | २८,९०,०००.०० | ०.०० | २८,९०,०००.०० |
| २७००० सामाजिक सुरक्षा | १८ | १५,००,०००.०० | ८,९२,९३०.०० | ०.०० | ८,९२,९३०.०० | ४५,०००.०० | ०.०० | ४५,०००.०० |
| २८००० अन्य खर्च | १८ | ४३,९०,०००.०० | ११,७२,७२१.०० | ०.०० | ११,७२,७२१.०० | १५,०३,७२९.०० | ०.०० | १५,०३,७२९.०० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | ५९,६६,०७,२२२.०० | ३२,७७,६३,४२२.०० | ०.०० | ३२,७७,६३,४२२.०० | २९,७४,२१,८३०.५२ | ०.०० | २९,७४,२१,८३०.५२ |
| घ. अन्य भूक्तानी | | २,८५,८८,५४०.४३ | २,४४,२६,९५६.०० | | २,४४,२६,९५६.०० | ७३,३१,१६,३०१.२८ | | ७३,३१,१६,३०१.२८ |
| कोषहरु | | २,८५,८८,५४०.४३ | १,५९,७३,४०७.०० | ०.०० | १,५९,७३,४०७.०० | ३,०३,६८,२८३.४६ | ०.०० | ३,०३,६८,२८३.४६ |
| धरौटी | | ०.०० | ८४,५३,५४९.०० | ०.०० | ८४,५३,५४९.०० | ८४,२२,०२५.०० | ०.०० | ८४,२२,०२५.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ङ. यो वर्षको बचत (न्युन) | | | (५,९३,८९,४०४.१२) | | (५,९३,८९,४०४.१२) | ४,६०,०५,९७७.१८ | | ४,६०,०५,९७७.१८ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | २५,९७,१७,७७१.५८ | | २५,९७,१७,७७१.५८ | २०,०५,२४,७०१.९४ | | २०,०५,२४,७०१.९४ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | | २०,०३,२८,३६७.४६ | | २०,०३,२८,३६७.४६ | २४,६५,३०,६७९.१२ | | २४,६५,३०,६७९.१२ |
| बैंक तथा नगद बाकी | २४ | | २०,०३,२८,३६७.४६ | | २०,०३,२८,३६७.४६ | १८,५१,६१,६२४.४१ | | १८,५१,६१,६२४.४१ |

लेखाप्रमुख     कार्यकारी अधिकृत     महालेखापरीक्षकको कार्यालय

पालिकाबाट प्रमाणिकरण मिति

**बेरूजु दफा १५ सँग सम्बन्धित विवरण - अनुसूची -४**

| क्रस | योजनाको नाम | जम्मा रकम | चालु | पुजिगत |
|---|---|---|---|---|
| १ | सिद्दीविनायक मार्ग कालोपत्रे ,उर्लाबारी - ७ | १६००००० | | १६००००० |
| २ | शान्ति मार्ग मावा पुल दक्षिण नवदुर्गा वेद विद्या मन्दिर जाने सडक कालोपत्रे , उर्लाबारी -७ | ८९२००० | | ८९२००० |
| ३ | वडा कार्यलयदेखि स्वास्थ्य कार्यालय हुँदै मिक्लाजुङ जाने बाटो कालोपत्रे, उर्लाबारी १ | ३०००००० | | ३०००००० |
| ४ | उर्लाबारी उद्योग बाणिज्य संघ ट्रष्ट निर्माण , उर्लाबारी ५ | ५६०००० | | ५६०००० |
| ५ | खानेपानी पाइप खरिद | २५००००० | | २५००००० |
| ६ | होलीचाइल्ड मार्ग कालोपत्रे,उर्लाबारी ६ | २२८०८९८ | | २२८०८९८ |
| ७ | नन्दलाल मार्गमा ड्रेन तथा ग्राभेल निर्माण,उर्लाबारी ६ | ९००००० | | ९००००० |
| ८ | वडास्तरिय सडक बत्ती जडान, विद्युत पोल खरिद ,उर्लाबारी ७ | ५२५००० | | ५२५००० |
| ९ | सचेत र प्रगती मार्गमा सडक बत्ती ,उर्लाबारी ६ | २००००० | २००००० | |
| १० | उर्लाबारी वडा नं ९ स्थीत छापन्न टोलमा सडक बत्ती विस्तार | ३००००० | ३००००० | |
| ११ | उर्लाबारी वडा नं ९ स्थीत आसामे टोलमा सडक बत्ती विस्तार | ३००००० | ३००००० | |
| १२ | सिमलडाँडामा ड्रेन निर्माण ,उर्लाबारी ३ | ३००००० | | ३००००० |
| १३ | दमकल राख्ने सेड निर्माण | ५६०००० | | ५६०००० |
| १४ | चिहानडाँडा देखि एकताचौक जाने बाटो कालोपत्रे , पुरानो मंगलबारे बजार ,उर्लाबारी २ | ६४५००० | | ६४५००० |

| | | | | |
|---|---|---|---|---|
| १५ | डिपिआर खानेपानी मार्ग सडक कालोपत्रे ,उर्लाबारी ६ | ४७३००० | | ४७३००० |
| १६ | आवधिक योजना निर्माण डि.पि.आर | ४०३००० | | ४०३००० |
| १७ | एकिकृत भु-उपयोग योजना निर्माण डि.पि.आर | ७९७००० | | ७९७००० |
| १८ | सञ्चार क्लब भवन डि.पि.आर. | ४९८००० | | ४९८००० |
| १९ | बहादुर बाबा कम्पाउण्ड वाल, उर्लाबारी-८ | ५००००० | | ५००००० |
| २० | व्याडमिन्टन कोर्ट/कभर्ड हल निर्माण, उर्लाबारी-६ | २५००००० | | २५००००० |
| २१ | चिल्ड्रेन पार्क व्यवस्थापन, उर्लाबारी-१ | ५००००० | | ५००००० |
| २२ | वडा नं. ८ भरी विभिन्न टोलको ग्राभेल सडक मर्मत गर्ने कार्य | ५००००० | | ५००००० |
| २३ | सरस्वती किर्तन मण्डलीको सभाहल जाने बाटो मर्मत, उर्लाबारी-४ | २००००० | | २००००० |
| २४ | मारवाडी सेवा समिति मन्दिर मर्मत, उर्लाबारी-६ | ३००००० | | ३००००० |
| २५ | पञ्चेश्वर मन्दिरको भौतिक निर्माण, उर्लावारी-७ | ७५००० | | ७५००० |
| २६ | निकासी मार्ग ड्रेन निर्माण, उर्लाबारी-७ | ३००००० | | ३००००० |
| २७ | उर्लाबारी नगरक्षेत्रमा कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रम अन्तरगत कृषि उपज संकलन तथा बिक्री केन्द्रको भवनमा ट्रस्ट निर्माण | १७०३००० | | १७०३००० |
| २८ | वडा कार्यालय भवन निर्माण, उर्लाबारी-३ | २०३८००० | | २०३८००० |
| २९ | सिद्धेश्वर महादेव मन्दिर शौचालय निर्माण, उर्लावारी-८ | १५०००० | | १५०००० |
| ३० | गाइघाट मन्दिर भौतिक पूर्वाधार निर्माण, उर्लाबारी-९ | ३००००० | | ३००००० |
| ३१ | महाराजथान आधारभूत विद्यालय खेल मैदान घेराबारा, उर्लाबारी-९ | २२५००० | | २२५००० |

| | | | | |
|---|---|---|---|---|
| ३२ | सार्वजनिक मा. वि शौचालय निर्माण, उर्लाबारी-९ | २००००० | | २००००० |
| ३३ | एकिकृत सम्पति कर आय लेखा एकिकृत सम्पति करको ९ वटा वडा कार्यालयमा आय लेखाको ९ वडा कार्यालयमा सफ्टवेयर सञ्चालनको वार्षिक प्राविधिक सेवा शुल्क वापत आ.व २०७८ । ०७९ को रकम सेवा प्रदायक संस्था सांग्रिला इन्फोसिस प्रा.लि लाई भुक्तानी वापत | २५९२२२ | २५९२२२ | |
| ३४ | फिजियो थेरापी सम्बन्धी सामग्री खरिद | २९९४७७ | | २९९४७७ |
| ३५ | अपाङ्गमैत्री सामग्रीहरु खरिद | २९९७२२ | २९९७२२ | |
| ३६ | ७५ प्रतिशत अनुदानमा महाजाल खरिद | ८४००० | ८४००० | |
| ३७ | वडा नं. ४ मा दैनिक ज्यालादारीमा कार्यरत सरसफाई कर्मचारी टिकामाया परियारको मिति २०७९ असार महिनाको पारिश्रमिक वापत रकम | १६००० | १६००० | |
| ३८ | वडा नं. ३ मा दैनिक ज्यालादारीमा कार्यरत सरसफाई कर्मचारी लक्ष्मीमाया तामाङको मिति २०७९ असार महिनाको पारिश्रमिक वापत रकम | १६००० | १६००० | |
| ३९ | वडा नं. ६ मा दैनिक ज्यालादारीमा कार्यरत सरसफाई कर्मचारी खुबिता खतिवडाको मिति २०७९ असार महिनाको पारिश्रमिक वापत रकम | १६००० | १६००० | |
| ४० | बक्राहाघाट सरसफाईमा दैनिक ज्यालादारीमा कार्यरत कर्मचारी गोपाल दर्जीको मिति २०७९ असार महिनाको पारिश्रमिक वापत रकम | १७३१० | १७३१० | |
| **जम्मा** | | **२७२३२६२९** | **१५०८२५४** | **२५७२४३७५** |

**बेरूजु दफा ८० सँग सम्बन्धित विवरण - अनुसूची -५**

| सिन | योजनाको विवरण | परिमाण (घनमिटर) | दर | ग्राभेलको मुल्याङ्कन | कम्याक्सनको अवस्था | थप व्ययभार परेको रकम |
|---|---|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | लावती टोल बाट मलामी मार्ग जाने बाटो ग्राभेल | २४५.९९ | १३८८.०८ | ३४१४४४.९८ | Compacted | ८८९४९.९८ |
| २ | वडा नं. ९ भित्रका सडक मर्मत | ५९०.८५ | ८६७.५२ | ५१२५६६.७८ | Loose | १६६९१५.१३ |
| ३ | लुइटेलको घरपश्चिम मुखीयाको घर हुदे समाधि स्थल सम्म जाने बाटोमा हयुमपाइप सहित ग्राभेल | ३०७.२२ | ८६७.५२ | २६६५२२.०० | Loose | ८६७८९.६५ |
| ४ | आचार्य साइलीको घर हुदे मौरी पालन होली पारी सम्म बाटो ग्राभेल | ३९३.९६ | ८६७.५२ | ३४१५६७.६१ | Loose | १११२९३.७० |
| ५ | तारा तामाङ्गको घर पश्चिम कल्भर्ट सम्म साथै पवन धिमालको घर सम्म बाटो ग्राभेल | ३५९.१७ | ८६७.५२ | ३११५८४.९० | Loose | १०१४६५.५३ |
| ६ | देवी स्थान देखी उत्तर सोल्टी खोला जाने वाटोमा ह्युमपाईप सहित बाटो ग्राभेल | ३६०.१५ | ८६७.५२ | ३१२४३६.८० | Loose | १०१७४२.३८ |
| ७ | झुम्रा डाडा गाउ जाने बाटो ग्राभेल | ३९३.९१ | ८६७.५२ | ३४१७२४.२३ | Loose | १११२७९.५८ |
| ८ | सुर्य चौक भित्री भागमा साइड वाल निर्माण | १६१.०४ | ८६७.५२ | १३९७०३.८१ | Loose | ४५४९३.८० |
| ९ | पार्लेन्स मार्ग ड्रेन तथा ग्राभेल निर्माण कार्य | ३१.७१ | ८६७.५२ | २७५०६.७३ | Loose | ८९५८.०८ |
| १० | स्वतन्त्र मार्ग खोर्सानि बारीमा सिङ्गल ड्रेन सहित ग्राभेल निर्माण कार्य | ५५.११ | ८६७.५२ | ४७८०४.८२ | Loose | १५५६८.५८ |
| ११ | शान्ति मार्ग ग्राभेल मर्मत | १६७.२० | ९०६.८१ | १५१६१८.७१ | loose | ४७२३४.०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १२ | सरगम मार्ग ख हुदे मावा खोला जाने बाटो र मधु मल्ला रोडबाट मोडल पब्लिक हुदै वडा नं १ जोड्ने बाटो मर्मत | ५४७.२० | ९२७.२७ | ४५९२४८०.०० | Loose | १५४५८४.०० |
| १३ | नन्दलाल मार्गमा सिङ्गल वाल सहित ग्राभेल | १६१.३७ | ९९४.३६ | १६०४५९.८७ | Loose | ४५५८७.०३ |
| १४ | पारिजात मार्ग सिङ्गल ड्रेन सहित ग्राभेल | ७४.६२ | १०१५.८९ | ७५८०५.७१ | Loose | २१०८०.१५ |
| १५ | उर्लाबारी नगरक्षेत्रको महेन्द्र राज मार्गमा खाल्डो पुराई कार्य | ६९.७१ | १०१६.१७ | ७०८३७.६६ | Loose | १९६९३.०८ |
| १६ | आधारभुत स्वास्थ केन्द्र जाने वाटोमा साइड वाल सहित ग्राभेल | १४०.८१ | १०२६.४७ | १४४५३७.९९ | Loose | ३९७७८.८३ |
| १७ | विजय मार्ग राइस मिल जाने बाटो पुराइ ग्राभेल | ३३६.६२ | १०२६.४७ | ३४५५३०.३३ | Loose | ९५०९५.१५ |
| १८ | लालिगुरास मार्ग पुराइ ग्राभेल निर्माण | ३३३.९३ | १०२६.४७ | ३४२७६९.१३ | Loose | ९४३३५.२३ |
| १९ | कदमटोली उत्तर पोखरी जाने बाटो ग्राभेल | ३३३.०० | १०२६.४७ | ३४१८१४.५१ | Loose | ९४०७२.५० |
| २० | बुधि सोरेनको घरको बाटो ग्राभेल | ४११.५० | १३८८.०७ | ५७११९०.८१ | Compacted | १४८७९८.४० |
| २१ | महालक्ष्मी पशुपालन समुह उर्लाबारी ८ राजघाटको कार्यलयबाट पश्चिम जाने बाटो ग्राभेल | ४११.५० | १३८८.०७ | ५७११९०.८१ | Compacted | १४८७९८.४० |
| २२ | प्रर्तिभा बेर्डिङ र नवदुर्गा मार्ग ग्राभेल | ५७०.७० | १३८८.०७ | ७९२१७१.५५ | Compacted | २०६३६५.१२ |
| २३ | रिर्सोट उत्तरको बाटो ग्राभेल | २४६.७८ | १३८८.०७ | ३४२५४७.९१ | Compacted | ८९२३५.६५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २४ | सन्थालटोल जानेबाटो ग्राभेल | २४६.७८ | १३८८.०७ | ३४२५४७.९१ | Compacted | ८९२३५.६५ |
| २५ | सुपारी बगान ग्राभेल (राना टोल) | २४६.१२ | १३८८.०७ | ३४१६३१.८१ | Compacted | ८८९९६.९९ |
| २६ | भण्डारी टोल मिल देखी दक्षिण ग्राभेल | ३९२.१३ | १३८८.०७ | ५४४२९७.१९ | Compacted | १४१७९४.९३ |
| २७ | शान्ति मार्ग ग्राभेल निर्माण | २४६.३१ | १३८८.०८ | ३४१८९९.७६ | Compacted | ८९०६५.७० |
| २८ | नगरपालिका मार्ग हुदै नारायण चोक हुदै गौशाला चोक सम्म ग्राभेल | ३७४.२४ | १३८८.०८ | ५१९४६८.१२ | Compacted | १३५३२५.१८ |
| २९ | राधिका मार्गबाट पुर्व सन्तोष निरौलाको घरसम्म सडक ग्राभेल | ३९२.७५ | १३८८.०८ | ५४५१६८.४२ | Compacted | १४२०१८.४० |
| ३० | बिच गंगटे अधुरो सडक ग्राभेल | ३७३.७९ | १३८८.०८ | ५१८८५०.४२ | Compacted | १३५१६२.४६ |
| | **जम्मा** | | | | | **२८६४७१३.२२** |